# वार्षिक प्रतिवेदन

(आ.व. २०७७/२०७८)

नेपाल कानून आयोग

नेपाल कानून आयोग

बानेश्वर, काठमाडौं

भदौ, २०७८

(नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम तयार गरिएको)

# वार्षिक प्रतिवेदन

(आ.व. २०७७/२०७८)

नेपाल कानून आयोग

नेपाल कानून आयोग

बानेश्वर, काठमाडौं

भदौ, २०७८

नेपाल कानून आयोग

# संक्षेपीकरण

| | |
|---|---|
| आ.व.: | आर्थिक वर्ष |
| आयोगः | नेपाल कानून आयोग |
| ऐनः | नेपाल कानून आयोग ऐन, २०६३ |
| संविधानः | नेपालको संविधान |

नेपाल कानून आयोग

# विषय सूची

## परिच्छेद -एक
## नेपाल कानून आयोग


१.१ विषय प्रवेश १

१.२ नेपाल कानून आयोगको विकासक्रम २

१.३ आयोगको गठन र संगठनात्मक संरचना ५

१.३.१ आयोगको गठन ५

१.३.२ हाल कार्यरत आयोगका पदाधिकारीहरु ६

१.३.३ आयोगको संगठनात्मक संरचना ७

१.४ आयोगको काम, कर्तव्य र अधिकार ८

१.५ वार्षिक प्रतिवेदन ९

१.६ आयोगलाई उपलब्ध साधन श्रोत ९

१.६.१ मानव श्रोत १०

१.६.२ भौतिक साधन स्रोत १०

(क) आयोगको भवन १०

(ख) पुस्तकालय ११

(ग) सवारी साधन ११

१.६.३ आयोगको वित्तीय स्थिति ११


## परिच्छेद -दुई
## कानून सुधारमा आयोगको भूमिका


२.१ विषय प्रवेश १३


नेपाल कानून आयोग

२.२ आयोगले विधेयक मसौदा गर्दा विकास गरेको अभ्यास १६

## परिच्छेद -तीन

## आर्थिक वर्ष २०७७/०७८ को वार्षिक कार्यक्रम र कार्यप्रगति

३.१ विषय प्रवेश १८

३.२ आयोगले सञ्चालन गरेका कार्यक्रमहरु १९

३.२.१ विधेयक मसौदा तर्जुमा १९

३.२.२ तर्जुमाको क्रममा रहेका विधेयकहरु २२

३.२.३ अन्तरक्रिया तथा गोष्ठी २२

३.२.४ प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिमा लिखित राय पेश २३

३.२.५ प्रोटोकलको पक्ष हुन नेपाल सरकारलाई सिफारिस ( Protocol Relating to the Madrid Agreement Concerning the International Registration of Marks, 1989) २३

३.२.६ कानूनको जानकारी गराउने तथा सचेतना सम्बन्धी कार्यक्रम (Legal Dissemination Program) २३

३.२.७ इन्टर्नसिप कार्यक्रम सञ्चालन २४

३.२.८ आयोगको वेबसाइट तथा एप्स (Apps.) सम्बन्धी २४

## परिच्छेद- चार

## कानून र न्याय क्षेत्रमा नेपाल सरकारले गर्नुपर्ने सुधारका लागि सुझाव तथा सिफारिस

४.१. कानून निर्माणको क्षेत्र (Areas of Law Making) २६

४. १.१. संविधानको अनुसूचीमा उल्लिखित साझा अधिकारको विषय २७

४. १.२. महाभियोग सम्बन्धी संघीय कानूनको निर्माण २८

४. १.३. संसदीय सुनुवाई सम्बन्धी कानूनको निर्माण २९

४. १.४. नेपाल सन्धि ऐन, २०४७ मा संशोधन ३३

नेपाल कानून आयोग

४. १.५. कर सम्बन्धी एकीकृत कानूनको निर्माण ३४
४.२. कानूनी सचेतना तथा साक्षरता (Legal Awareness and Literacy) ३४
४.३. कानून तर्जुमाको आधिकारिक दिग्दर्शन (Authentic Law Drafting Manual) ३७
४.४. आधिकारीक कानूनी शब्दकोषको निर्माण (Making of Authentic Legal Dictionary) ३७
४.५. प्रविधि मैत्री आयोग तथा जनशक्ति विकास (Technology Friendly Commission and Human Resources) ३८
४.६. आयोगको विगतका सिफारिस तथा सुझावहरुको कार्यान्वयन (Implementation of Past recommendation and suggestions of Commission) ३९

## परिच्छेद-पाँच

## आयोगको अवसर र चुनौतीहरु

५.१. अवसरहरु ४०
५.२. चुनौतीहरु ४१

## परिच्छेद–छ

## नेपाल कानून आयोगको भूमिकाको प्रभावकारिता

६.१. जनशक्ति व्यवस्थापन ४२
६.२. वृत्तिविकास र व्यवसायिक विकास (Career Development and Professional Development) ४२
६.३. भौतिक पूर्वाधार ४२
६.४. कानून सम्बन्धी अध्ययन, अनुसन्धान र प्रकाशनको व्यवस्था ४३

नेपाल कानून आयोग

## अनुसूचीहरु


| | | |
|---|---|---|
| अनुसूची—१ | नेपाल कानून आयोगमा वि.सं.२०१० सालदेखि हालसम्मका अध्यक्षको नामावली | ४४ |
| अनुसूची—२ | नेपाल कानून आयोगमा वि.सं.२०१० सालदेखि हालसम्मका उपाध्यक्षको नामावली | ४५ |
| अनुसूची—३ | प्रशासनिक संगठन संरचना | ४६ |
| अनुसूची—४ | कर्मचारी दरबन्दी | ४७ |
| अनुसूची— ५ | कार्यरत कर्मचारीको नामावली | ४८ |
| अनुसूची— ६ | आयोगको वर्तमान भौतिक अवस्थाको विवरण | ५० |
| अनुसूची— ७ | आयोगको वित्तीय विवरण | ५१ |
| अनुसूची— ८ | आर्थिक वर्ष २०७७/०७८ को वार्षिक कार्यक्रम | ५३ |
| अनुसूची— ९ | आर्थिक वर्ष २०७७/७८ मा आयोगबाट तयार भई सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयकको सूची | ५८ |

(१) तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(२) फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक

(३) विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(४) गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

(५) नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक


नेपाल कानून आयोग

(६) मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक

(७) केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक

(८) कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

अनुसूची—१० इन्टर्नसिप सम्पन्न गर्ने विद्यार्थीहरुको नामावली १७६

अनुसूची—११ आयोगको वेबसाइटमा रहेका कानूनहरुको विवरण १७७

नेपाल कानून आयोग

# कार्यकारी सारांश

१. नेपालको सन्दर्भमा कानून सम्बन्धी विषयहरुको अध्ययन अनुसन्धान र नयाँ कानूनको मसौदा तर्जुमा गर्ने तथा भईरहेको कानूनलाई समय सापेक्ष संशोधन, परिमार्जन, पुनरावलोकन र संहिताकरण सम्बन्धी कार्य गर्नको लागि वि.सं. २०१० सालदेखि विभिन्न रुपमा कानून आयोगको गठन भएको पाइन्छ ।

२. हाल नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोगले कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने कार्य गरिरहेको छ ।

३. आयोगबाट सम्पादन हुने काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन् । आयोगमा अध्यक्ष र उपाध्यक्ष बाहेक हालको संगठन संरचना अनुसार कुल ३३ जनाको स्वीकृत दरबन्दी रहेको छ । यी दरबन्दीहरुमध्ये नेपाल न्याय सेवा, कानून समूह-१९, प्रशासन सेवा, लेखा समूह-१, प्रशासन सेवा, सामान्य प्रशासन समूह-३, विविध सेवा-२, हलुका सवारी चालक-३, कार्यालय सहयोगी-४ र स्वीपर-१ गरी जम्मा ३३ पद रहेका छन् ।

४. आ. व. २०७७/७८ मा आयोगका लागि बजेट उपशीर्षक नं. ३११२१०११३ (चालू खर्च) अन्तर्गत रु. ३,८९,०५,०००।- (तीन करोड उनासी लाख पाँच हजार) र बजेट उपशीर्षक नं. ३११२१०११४ (पूँजीगत खर्च) अन्तर्गत रु. ६३,४६,०००।- (त्रिसट्ठी लाख छयालिस हजार) वार्षिक बजेट निकासा प्राप्त भएको थियो ।

नेपाल कानून आयोग

५. आ. व. २०७७/७८ को वार्षिक कार्यक्रममा आयोगलाई चारवटा विधेयक तर्जुमा गर्न बजेट विनियोजन भएकोमा देहायका आठवटा विधेयकहरु तर्जुमा गरी आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छः

(क) तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(ख) फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक

(ग) विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(घ) गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

(ङ) नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

(च) मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक

(छ) केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक

(ज) कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

६. आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ४ वटा अन्तरक्रिया तथा गोष्ठी सम्पन्न गर्ने कार्यक्रम रहेकोमा Covid-19 को कारणले जिल्लास्तरमा गई कार्यक्रम सञ्चालन गर्न सम्भव नभएकोले तीन वटा विधेयक मसौदामा Zoom मार्फत तथा भौतिक दुरी कायम गरी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

७. आ.व. २०७७/०७८ मा तीन वटा कानूनी सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा ईलाम र ताप्लेजुङ जिल्लामा महिलासँग सम्बन्धित विद्यमान

नेपाल कानून आयोग

कानूनी व्यवस्था: (मुलुकी देवानी र मुलुकी अपराध संहितासँग सम्बन्धित कानून) विषयमा एक एक वटा गरी दुई वटा कानूनी सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको थियो ।

८. मृत्युदण्ड उन्मूलन गर्ने सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धतालाई आरक्षणमा लैजान सकिन्छ वा सकिदैन भन्ने सन्दर्भमा प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिवाट राय माग भई आएकोमा मिति २०७७।०७।१९ गते समितिमा लिखित राय पेश गरेको थियो ।

९. मार्कको अन्तराष्ट्रिय दर्ताका सम्बन्धमा व्यवस्था गर्न बनेको म्याड्रिट सम्झौता (Protocol Relating to the Madrid Agreement Concerning the International Registration of Marks, 1989) सँग सम्बन्धित प्रोटोकलको पक्ष हुन नेपाल सरकारलाई मिति २०७७।१०।०९ मा सिफारिस गरेको थियो ।

१०. कानूनी शुक्तिहरु (ल्याटिन, अंग्रेजी तथा नेपाली) Legal Maxims (Latin Legal Phraseology) (Latin, English and Nepali) नामक पुस्तक प्रकाशन गरिएकोछ ।

११. इन्टर्नसिप कार्यक्रम अन्तर्गत नेपालका विभिन्न कलेजका कानून संकायमा स्नातक तहमा अध्ययन गर्ने पाँच जना विद्यार्थीलाई आयोगबाट सम्पादन हुने विभिन्न काम, कारबाहीको अवलोकन र कार्य सम्पादनमा समेत संलग्न गराइएको छ ।

१२. नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम आयोगले देहायका विषयमा नेपाल सरकार समक्ष सिफारिस तथा सुझावहरु पेश गरेको छ:-

क. कानून निर्माणको क्षेत्र (Areas of Law Making)

१. संविधानको अनुसूचीमा उल्लिखित साझा अधिकारको विषय

२. महाभियोग सम्बन्धी संघीय कानूनको निर्माण

३. संसदीय सुनुवाई सम्बन्धी कानूनको निर्माण

४. नेपाल सन्धि ऐन, २०४७ मा संशोधन

नेपाल कानून आयोग

५. कर सम्बन्धी एकीकृत कानूनको निर्माण

ख. कानूनी सचेतना तथा साक्षरता (Legal Awareness and literacy )

ग. कानून तर्जुमाको आधिकारिक दिग्दर्शन (Authentic Law Drafting Manual**)**

घ. आधिकारीक कानूनी शब्दकोषको निर्माण (Making of Authentic Legal Dictionary)

ङ. प्रविधि मैत्री आयोग तथा जनशक्ति विकास (Technology Friendly Commission and Human Resources)

च. आयोगको विगतका सिफारिस तथा सुझावहरुको कार्यान्वयन (Implementation of Past recommendation and suggestions of Commission)

नेपाल कानून आयोग

# परिच्छेद -एक

# नेपाल कानून आयोग

## १.१ विषय प्रवेश

राज्य सञ्चालनको लागि कानून अनिवार्य तत्व हो । कानून समाजको प्रतिविम्व (Reflection of Society) हो । समाज गतिशील हुन्छ र समाजको विकाससँगै मानवीय व्यवहार र सम्बन्धहरु पनि परिवर्तन हुँदै जान्छन् । कानूनको समयानुकूल परिवर्तनले नै नागरिक अधिकारको रक्षा र राज्यको आर्थिक तथा सामाजिक संरचनाको अग्रगामी परिवर्तन गर्न सकिन्छ । समाजलाई सही ढंगले परिचालन गर्न असल कानूनको आवश्यकता पर्दछ । समाजमा शान्ति सुव्यवस्था र अमन चयन कायम गर्न कानूनको महत्वपूर्ण भूमिका रहने गर्दछ। समतामूलक समाजको सिर्जना गर्न, समाजमा रहेका हरेक विभेदलाई अन्त्य गरी राज्यप्रतिको अपनत्व र विश्वासलाई कायम राख्न समेत कानूनको महत्वपूर्ण भूमिका रहने गर्दछ ।

राज्यमा कानूनको शासन कायम हुन कानून तर्कपूर्ण, यूक्तिसंगत र न्यायसम्मत (Reasonable, Rational and Judicious) हुनु पर्दछ । यसको लागि समाजको परिवर्तनसँगै परिवर्तित व्यवहारहरुलाई सहजीकरण र नियमन गर्न विद्यमान कानूनमा समसामयिक सुधार एवं परिमार्जन गर्नुपर्ने हुन्छ भने कतिपय पुराना कानून खारेज गरी नयाँ कानून निर्माण गर्नुपर्ने हुन्छ । विद्यमान कानूनमा समायानुकूल संशोधन, परिमार्जन र सुधार गर्दै राज्यको आवश्यकता अनुसार निरन्तर रुपमा समय सापेक्ष कानून बनाउने उद्देश्यले विश्वका विभिन्न मुलुकमा कानून आयोग वा कानून सुधार आयोगको गठन गरेको पाइन्छ । कमन ल प्रणाली अपनाउने मुलुकहरुमा सामान्यतः कानूनको नियमित सुधार गर्न विशेष कार्यक्षेत्रगत शर्त (Terms of Reference) सहित छुट्टै आयोग गठन गर्ने गरेको देखिन्छ । सार्क मुलुकहरुमध्ये भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशमा कानून आयोगको गठन गरिएको छ । त्यसैगरी कमन ल प्रणाली अवलम्बन गर्ने बेलायत, क्यानडा, अमेरिका, न्यूजिलैण्ड, आयरलैण्ड, तान्जानिया, केन्या, मरिशस,

नेपाल कानून आयोग

युगाण्डा, दक्षिण अफ्रिका लगायतका मुलुकहरुमा पनि कानून सुधार आयोग स्थापना गरिएको देखिन्छ ।

नेपालको सन्दर्भमा, कानून सम्बन्धी विषयहरुको अध्ययन, अनुसन्धान र नयाँ कानूनको तर्जुमा गर्ने तथा भइरहेको कानूनलाई समय सापेक्ष संशोधन, परिमार्जन, पुनरावलोकन र संहिताकरण समेतको कार्य गर्नको लागि वि.सं. २०१० सालदेखि विभिन्न रुपमा कानून आयोगको गठन भई निरन्तर रुपमा कार्य गर्दै आइरहेको छ ।

## १.२ नेपाल कानून आयोगको विकासक्रम

नेपालमा औपचारिक रुपमा कानून निर्माण गर्ने पद्धतिको विकास हुनु भन्दा अघि विभिन्न धार्मिक ग्रन्थ र शास्त्रहरुका आधारमा शासन सञ्चालन गर्ने गरिएको पाइन्छ । नेपालको इतिहासमा सबैभन्दा पहिला किराँत कालमा देशको शासन विधान किराँत समुदायको पवित्र ग्रन्थ (जसलाई “किराँत मुन्धुम” भनिन्छ) द्वारा सञ्चालित थियो । यसैगरी, लिच्छवी कालमा विभिन्न धर्मशास्त्रहरु अनुसार न्याय प्रशासन सञ्चालन गर्ने गरेको र धर्मशास्त्रले समेटन नसकेका विषयमा “राजाज्ञा” र “सनद” जारी गर्ने गरेको पाइन्छ । सोहीकालमा अंशुवर्माले धर्मशास्त्रका विभिन्न विषयमा विद्वानहरुसँग छलफल गरी “लोक व्यवहार” अनुसार कानून बनाउने गरेको इतिहास रहेको छ ।

मल्ल कालमा जयस्थिति मल्लले तत्कालीन सामाजिक अवस्थालाई विचार गरी नयाँ कानूनी व्यवस्था गर्न “विद्वानहरुको समिति” बनाएका थिए। कानूनका विद्वानहरुको सहायता लिई चार वटा कानूनहरु गृह निर्णय, क्षेत्र निर्णय, जात निर्णय र मानव न्याय शास्त्र बनाई जारी गरेको पाइन्छ । त्यसैगरी शाहकालीन राजा राम शाहले विभिन्न थितिको व्यवस्था गरी तत्कालीन समयको न्याय व्यवस्था र कानूनलाई उदार र समयानुकूल सुधार गरेका कारणले नै “न्याय नपाए गोरखा जानु” भन्ने लोकोक्ति चलेको पाईन्छ। राणा शासन कालमा जंगबहादुर राणाले वि.स. १९१० सालमा “मुलुकी ऐन” बनाउँदा कानून मसौदा गर्ने एक निकाय “कौशल अड्डा” गठन गरी २१० जना पदाधिकारीलाई मसौदा बनाउन निर्देशन गरेको इतिहासमा पढन पाईन्छ । राणा शासन कालमा नै वि.स. १९९३ मा कम्पनी कानून, पेटेण्ट, डिजाइन र ट्रेडमार्क कानून तथा वि.स. १९९४ मा नेपाल बैंक कानून बनेका देखिन्छन् ।

नेपाल कानून आयोग

वि.सं. २००७ सालको परिवर्तन पछि नेपालको शासन व्यवस्थामा आधुनिकीकरण शुरु भएसंगै कानून सुधारको क्षेत्रमा समेत विशेष प्रयास शुरु भएको देखिन्छ । सोही क्रममा कुनै नयाँ कानून निर्माण गर्न, कानूनको संहिताकरण गर्न तथा भइरहेका कानूनहरुको पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन गर्ने लगायतका जिम्मेवारी कानून आयोगलाई सुम्पिने अभ्यासको शुरुवात भई सोही अनुरुप विभिन्न समयमा देहाय बमोजिमका कानून आयोगहरु गठन भएको पाइन्छः-

(१) वि.सं २००९ को बुच कमिशनले सर्वप्रथम कानून आयोगको गठन गर्न नेपाल सरकारलाई सिफारिस गरेकोले मिति २०१०/९/६ को मन्त्रिमण्डल बैठकबाट "ल कमिसन" खडा गर्ने निर्णय भएको थियो। मन्त्रिमण्डलको निर्णय बमोजिम एक जना चेयरम्यान र छ जना सदस्य रहने तथा कमिशनको काम कारबाही सुचारु रुपले चलाउन देहायका तीन भाग (सेक्सन) मा विभाजन गरिएको थियोः-

(क) देवानी विषयक ऐन, सवाल, सनदको सेक्सन।

(ख) फौजदारी विषयक ऐन, सवाल, सनदको सेक्सन।

(ग) मालको सवाल, अड्डालाई भएका सवाल र श्रेस्ता अपिल विषयक सवाल, सनदको सेक्सन।

कमिशनले नेपालको अन्तरिम शासन विधान, २००७ मा रहेका राज्यका निर्देशक सिद्धान्तसँग बाझिएका प्रचलित नेपाल कानून, ऐन, सनद, सवाल लगायत कानूनको अध्ययन गरी निर्देशक सिद्धान्तसँग अनुकूल हुने गरी कानून बनाउने, छरिएर रहेका कानूनी दस्तावेजहरुलाई एकत्रित गरी संहिताकरण गर्ने र नयाँ ऐनका मसौदा तयार गरी सुझाव सिफारिस गर्ने गरी कमिशनको काम, कर्तव्य र अधिकार तोकिएको पाइन्छ। उक्त कमिशनले मिति २०१०/११/३ देखि कार्य प्रारम्भ गरेको र वि.सं. २०१२ सालमा "नेपाल दण्ड विधान" को मसौदा तयार गरी पेश गरेको थियो।

(२) त्यसपश्चात मिति २०१७/६/२७ मा पुनः दुई वर्षका लागि दोस्रो ल कमिशन गठन भएको र मिति २०१७/७/१५ मा नेपाल राजपत्रमा सो



नेपाल कानून आयोग

सम्बन्धी सूचना प्रकाशन भएको पाइन्छ । ज्यादै छोटो अवधिमा पनि यस कमिशनले मुलुकी ऐनको आधुनिकीकरणको काम थालनी गरेको र नयाँ मुलुकी ऐनको मसौदा तयार गरी सिफारिस गरेको देखिन्छ ।

(३) तेस्रो पटक, मिति २०२०/१०/८ को निर्णयबाट मिति २०२०/१२/१० मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कानून आयोगको गठन तथा स्थापना भएको र त्यसपछि पनि पटक पटक म्याद थप हुँदै २०२७ सालसम्म उक्त आयोगलाई कानूनका क्षेत्रमा अध्ययन, अनुसन्धान, कानून तर्जुमा, संशोधन, संहिताकरण लगायतको थप कार्य सम्पादन गर्ने जिम्मेवारी तोकिएको देखिन्छ ।

(४) प्रचलित नेपाल कानूनमा विशेष गरी फौजदारी, देवानी, वाणिज्य तथा प्रमाण सम्बन्धी कानूनहरुमा विद्यमान रहेको कानूनी अभाव र त्रुटीहरु हटाइ सकेसम्म सरल, वैज्ञानिक र व्यावहारिक रुप दिई छुट्टाछुट्टै ऐनहरुको तर्जुमा गर्ने कार्यादेश (Mandate) सहित चौथो पटक मिति २०२९/२/१९ मा कानून आयोग गठन भएको देखिन्छ।

(५) मिति २०३६/८/२६ मा नेपाल कानून सुधार आयोगको तर्फबाट अपराध संहिता र फौजदारी कार्यविधि संहिताको मसौदा माथि पेश भएका सल्लाह र सुझावहरु अध्ययन गरी सो कुराहरु मसौदामा मिलाई अद्यावधिक गर्ने तथा दण्ड सजाय सम्बन्धी नीति, हर्जाना, क्षतिपूर्ति लगायतका विषयमा कार्य गर्न पाँचौ पटक आयोग गठन भई मिति २०४१/८/२० सम्म कार्यरत रहेको देखिन्छ।

(६) तत्कालिन श्री ५ को सरकारको मिति २०४१/८/२१ को निर्णयबाट छैठौं पटक नेपाल कानून सुधार आयोग गठन भई मिति २०५७/१/१९ सम्म कार्यरत रहेको देखिन्छ । यसरी कार्यकारिणीको निर्णयबाट विभिन्न मितिमा विभिन्न नामबाट आयोगको गठन हुँदै आए तापनि छुट्टै कानून र स्पष्ट अधिकार क्षेत्रको अभावमा पनि तत्कालीन आयोगहरुले महत्वपूर्ण कार्यसम्पादन गरी भूमिका निर्वाह गरी आएको पाइन्छ ।

(७) विगतको समयमा सरकारको कार्यकारी आदेशबाट आयोगको गठन भई कार्य क्षेत्रगत शर्तहरु (TORs) तोकिने अभ्यास रहेकोमा सम्वत २०६३

नेपाल कानून आयोग

सालमा नेपाल कानून आयोग ऐन, २०६३ लागू भए पश्चात ऐनको दफा ४ बमोजिम आयोगको गठन हुने र दफा १० र २१ बमोजिम आयोगको काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था रहेको हुँदा आयोगको कार्यक्षेत्र तथा अधिकारका सम्बन्धमा अघिल्ला आयोगहरू भन्दा हालको आयोग स्पष्ट र अधिकार सम्पन्न निकायको रुपमा स्थापित भएको छ । साथै विगतका कार्यकारी निर्णय वा आदेशबाट गठन हुने अभ्यासको अन्त्य भई नेपाल कानून आयोग ऐन, २०६३ बमोजिम आयोग एक स्थायी कानूनी निकाय (Statutory Body) को रुपमा रहने व्यवस्था प्रारम्भ भएको छ ।

## १.३ आयोगको गठन र संगठनात्मक संरचना

### १.३.१ आयोगको गठन

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यका साथ नेपाल कानून आयोग ऐन, २०६३ मिति २०६३/९/३० मा जारी भई सोही मितिदेखि प्रारम्भ भएको छ । ऐनको दफा ४ मा उल्लेख भए अनुसार आयोगको गठन देहाय बमोजिम रहेको छः-

(क) सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा हुने योग्यता पुगेका व्यक्तिहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति – अध्यक्ष

(ख) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा रही काम गरिसकेको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रूपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव नियुक्त गरेको व्यक्ति – उपाध्यक्ष

(ग) खण्ड (ख) बमोजिमको योग्यता पुगेका व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिला रहने गरी बढीमा तीनजना –सदस्य

नेपाल कानून आयोग

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय – सदस्य

(ङ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(च) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय– सदस्य

(छ) सचिव, नेपाल कानून आयोग –सदस्य-सचिव।

वि.सं. २०१० सालदेखि हालसम्म आयोगका अध्यक्षको नामावली अनुसूची-१ मा र उपाध्यक्षको नामावली अनुसूची-२ मा उल्लेख गरिएको छ ।

**१.३.२. हाल कार्यरत आयोगका पदाधिकारीहरु**

(क) श्री जागेश्वर सुवेदी, नेपाल कानून आयोग -अध्यक्ष[1]

(ख) प्रा. डा. लक्ष्मीप्रसाद मैनाली, नेपाल कानून आयोग -उपाध्यक्ष

(ग) श्री शोभा बुढाथोकी, नेपाल कानून आयोग -सदस्य

(घ) श्री नारायण नेपाल, नेपाल कानून आयोग -सदस्य

(ङ) श्री उद्धवचन्द्र घिमिरे, नेपाल कानून आयोग -सदस्य

(च) श्री उदय राज सापकोटा, सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय –सदस्य

(छ) श्री धनराज ज्ञवाली, सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय –सदस्य

(ज) श्री पद्मप्रसाद पाण्डेय, नायव महान्याधिवक्ता, महान्याधिवक्ताको कार्यालय – सदस्य

(झ) श्री लीला देवी गडतौला, सचिव, नेपाल कानून आयोग – सदस्य-सचिव ।

नेपाल कानून आयोग

[1] नेपाल कानून आयोगको अध्यक्षमा मिति २०७८।०३।२६ सम्म श्री माधव प्रसाद पौडेल र मिति २०७८।०५।१० देखि श्री जागेश्वर सुवेदी ।

### १.३.३. आयोगको संगठनात्मक संरचना

आयोगबाट सम्पादन हुने काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा सम्पादन गर्न आयोगमा प्रशासन र तर्जुमा तथा अनुसन्धान गरी दुई महाशाखा रहेका छन् । आयोगमा हालको संगठन संरचना अनुसार नेपाल न्याय सेवा, नेपाल सामान्य प्रशासन सेवा र विविध सेवाका देहाय बमोजिमका कर्मचारीहरु गरी कुल ३३ जनाको स्वीकृत दरबन्दी रहेको छः

(क) सचिव (विशिष्ट श्रेणी), नेपाल न्याय सेवा –१

(ख) सह-सचिव (रा.प. प्रथम श्रेणी), नेपाल न्याय सेवा, कानून समूह –२

(घ) उप-सचिव (रा.प. द्वितीय श्रेणी), नेपाल न्याय सेवा, कानून समूह –२

(ङ) शाखा अधिकृत (रा.प.तृतीय श्रेणी), नेपाल न्याय सेवा, कानून समूह –५

(ङ) लेखा अधिकृत (रा.प. तृतीय श्रेणी), प्रशासन सेवा,लेखा समूह –१

(च) कम्प्युटर ईन्जिनियर (रा.प. तृतीय श्रेणी), विविध सेवा –१

(छ) नायव सुब्बा (रा.प. अनं. प्रथम श्रेणी) नेपाल न्याय सेवा, कानून समूह –५

(ज) नायव सुब्बा (रा.प. अनं. प्रथम श्रेणी) प्रशासन सेवा, सामान्य प्रशासन समूह –३

(झ) कम्प्युटर अपरेटर (रा.प. अनं. प्रथम श्रेणी), विविध सेवा -१

(ञ) खरिदार (रा.प. अनं. द्वितीय श्रेणी) नेपाल न्याय सेवा, कानून समूह –४

(ट) हलुका सवारी चालक –३

(ठ) कार्यालय सहयोगी –४

(ड) स्वीपर -१



नेपाल कानून आयोग

संगठनात्मक संरचना अनुसूची-३ मा उल्लेख गरिएको छ ।

## १.४ आयोगको काम, कर्तव्य र अधिकार

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० मा उल्लेख भए अनुसार आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) नयाँ कानून बनाउने वा विद्यमान कानूनमा संशोधन गर्ने सम्बन्धमा वा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) कानूनको संहिताकरणका लागि आवश्यक संहिताको मसौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) प्रचलित कानूनमा एकीकरण वा पुनरावलोकन गर्ने तथा सो सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(घ) नयाँ कानून निर्माण गर्ने र आवश्यकता अनुसार प्रचलित कानूनमा संशोधन गर्ने सम्बन्धमा व्याख्यात्मक टिप्पणी सहितको मसौदा नेपाल सरकार समक्ष पेश गर्ने,

(ङ) हाल प्रयोग नभएका, एक आपसमा बाझिएका, असमान, विभेदजन्य, मानव अधिकार विरूद्धका तथा कार्यान्वयन हुन नसकेका कानूनको बारेमा अध्ययन गरी त्यस्तो कानून खारेज, संशोधन वा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(च) अन्तर्राष्ट्रिय सन्धि, सम्झौताका प्रावधानलाई आवश्यकता अनुसार प्रचलित कानूनमा समावेश गर्न नेपाल सरकारलाई मसौदा वा सुझाव दिने,

(छ) कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार र विकास गर्ने सम्बन्धमा आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने वा सो सम्बन्धमा सम्बन्धित निकाय वा संस्थासँग सहकार्य गर्ने,

(ज) विशेष किसिमका कानूनको अध्ययन र अनुसन्धान तथा मसौदा तर्जुमा गर्नको लागि विशेषज्ञको सेवा प्राप्त गर्ने,

नेपाल कानून आयोग

(झ) कानून निर्माण प्रक्रियामा आवश्यकता अनुसार जनधारणा र राय सुझाव संकलन गर्ने,

(ञ) कानूनको मसौदालाई परिमार्जन गर्ने सिलसिलामा आवश्यकता अनुसार गोष्ठी, सेमिनार तथा अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ट) अन्य मुलुकका कानून आयोग तथा कानून तर्जुमा गर्ने निकायहरूसँग सम्पर्क गरी आवश्यक जानकारी तथा सूचनाहरू आदान प्रदान गर्ने,

(ठ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए नभएको विषयमा अध्ययन गर्ने तथा सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष मसौदा पेश गर्ने,

(ड) आयोगको वार्षिक कार्यक्रम तयार गर्ने,

(ढ) नेपाल सरकारले तोकेको तथा आयोगले आवश्यक सम्झेको कानून तथा न्यायसँग सम्बन्धित अन्य कामहरू गर्ने ।

## १.५ वार्षिक प्रतिवेदन

नेपाल कानून आयोग ऐन, २०६३ को दफा २२ बमोजिम आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आयोगको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । सोही प्रयोजनका लागि आर्थिक वर्ष २०७७/०७८ मा यस आयोगबाट सम्पादित काम कारवाहीको विवरण समावेश गरी प्रस्तुत वार्षिक प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा मूलतः आयोगबाट सम्पादन भएका मुख्य मुख्य काम, आयोगको गठन तथा संगठनात्मक स्वरुप, जनशक्ति, भौतिक संरचना, वित्तीय विवरण, भावी कार्यदिशा, कानून र न्यायको क्षेत्रमा गर्नुपर्ने सुधारका लागि सुझाव र सिफारिसका अतिरिक्त आयोगका विभिन्न गतिविधीहरु समेत समावेश गरिएका छन् ।

## १.६ आयोगलाई उपलब्ध साधन श्रोत

हाल आयोगमा उपलब्ध रहेको मानव तथा भौतिक साधन श्रोतको अवस्था देहाय बमोजिम रहेको छ :-

नेपाल कानून आयोग

### १.६.१ मानव श्रोत

कुनै पनि संगठनको उद्देश्य हासिल गर्ने प्रमुख श्रोतको रुपमा मानव श्रोत रहेको हुन्छ। मानव श्रोतको अभावमा कुनै पनि संगठनले आशातीत सफलता हासिल गर्न सक्दैन। स्वीकृत दरबन्दी अनुसार आयोगमा ३३ जना कर्मचारीहरु रहने व्यवस्था छ। उल्लिखित पद बाहेक हलुका सवारी चालक दुई पद र कार्यालय सहयोगी एक पदमा करार सेवामा राखिएको छ । आयोगको प्रशासनिक संगठन संरचना अनुसूची-३ मा उल्लेख गरिएको छ । हाल कार्यरत रहेका कर्मचारी र दरबन्दी सम्बन्धी विवरण अनुसूची-४ मा समावेश गरिएको छ । साथै, उक्त दरबन्दी अनुरुप प्रतिवेदन अवधिमा आयोगमा कार्यरत कर्मचारीको नामावली अनुसूची-५ मा समावेश गरिएको छ ।

### १.६.२ भौतिक साधन श्रोत

#### (क) आयोगको भवन

नियमित र व्यवस्थित रुपमा कार्यालय सञ्चालनमा भौतिक पूर्वाधारले समेत महत्वपूर्ण भूमिका खेल्दछ र कार्यवातावरणको सिर्जना गर्दछ । हालसम्म नेपाल कानून आयोगको आफ्नो स्वामित्वमा जग्गा र भवन नभएकोले घर भाडामा लिई आयोगको कामकारबाही संचालन भईरहेको छ । वि.सं. २०७२ साल अघी आयोग सिंहदरबार परिषर हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहेको भवनमा रहेको थियो । २०७२ बैशाख १२ मा आएको महाभुकम्प पश्चात आयोग अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसर (हाल संघीय संसद रहेको) मा रहेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिको प्रि-फ्याव (Prefab) टहराहरुमा मासिक रु. २,२६,६६६।- घरभाडा सम्झौता गरी कार्यालय सञ्चालन गर्दै आईरहेको छ । आयोगमा रहेको भौतिक श्रोत साधनहरुको विवरण अनुसूची-६ मा समावेश गरिएको छ ।

नेपाल कानून आयोग

**(ख) पुस्तकालय**

पुस्तकालयलाई ज्ञान आर्जनको स्रोतको रुपमा लिइन्छ । आयोगको मुख्य काम अध्ययन अनुसन्धान गर्ने र मसौदा तर्जुमा गरी नेपाल सरकारलाई सुझाव दिने भएकोले आयोगको लागि पुस्तकालय अति आवश्यक रहेकोले आयोगमा वि.स. २०३६ साल देखि आफ्नै पुस्तकालय रहेको छ । ज्ञानको दायरालाई कुनै भाषा वा विषयभित्र मात्र सिमित गर्न नसकिने हुनाले आयोगको पुस्तकालयमा हरेक क्षेत्रलाई समेट्ने पुस्तकहरु राख्न हरसम्भव प्रयास गरिएको छ । आयोगलाई आवश्यक पर्ने र कानूनको अध्ययन अनुसन्धान गर्ने व्यक्ति वा संघ संस्थालाई आवश्यक पर्ने अध्ययन सामग्री सहित हाल पुस्तकालयमा आयोगले खरिद गरेका, विभिन्न व्यक्ति, सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त भएका विभिन्न विषयसँग सम्बन्धित करिब ३१०० को संख्यामा पुस्तकहरू रहेका छन्।

**(ग) सवारी साधन**

आयोगको सवारी साधनहरुको विवरण अनुसूची-६ मा समावेश गरिएको छ।

**१.६.३ आयोगको वित्तीय स्थिति**

नेपाल सरकारको वित्तीय श्रोतबाट आयोगले आफ्नो कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । आयोगको सम्पूर्ण कार्यक्रमको सञ्चालनको लागि आर्थिक रुपले नेपाल सरकार माथि नै पूर्ण रुपमा भर पर्नु पर्ने अवस्था रहेको छ ।

गत आ.व. २०७७/७८ मा आयोगका लागि बजेट उपशीर्षक नं. ३११२१०११३ (चालु खर्च) अन्तर्गत रु. ३,८९,०५,०००।- (तीन करोड उनासी लाख पाँच हजार) र बजेट उपशीर्षक नं. ३११२१०११४ (पूँजीगत खर्च) अन्तर्गत रु. ६३,४६,०००।- (त्रिसट्ठी लाख छयालिस हजार) वार्षिक बजेट प्राप्त भएको थियो। आयोगको वित्तीय विवरण र यस

नेपाल कानून आयोग

२०७७/७८ आ. व. को प्रगती विवरण अनुसूची-७ मा समावेश गरिएको छ ।

नेपाल कानून आयोग

## परिच्छेद –दुई

## कानून सुधारमा आयोगको भूमिका

### २.१ विषय प्रवेश

कानूनको निर्माण गर्दा समाजको तत्कालीन आवश्यकतालाई सम्बोधन गर्न सक्यो वा सकेन भन्ने कुरालाई मध्यनजर गर्नु पर्ने हुन्छ । कानून समय सापेक्ष हुनु पर्ने भएकोले समयको आवश्यकता अनुसार यसले सुधार र संशोधनको माग गर्दछ । यसको लागि संविधान, अन्तर्राष्ट्रिय दायित्व, विद्यमान आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक, वातावरणीय प्रभावको आधार र अन्य मुलुकका सर्वोत्तम अभ्यास (Best Practice) लाई मध्यनजर गरी समयानुकूल परिवर्तन हुन जरुरी हुन्छ । एक पटक निर्माण भएको कानूनले सदासर्वदा समाजको आवश्यकतालाई सम्बोधन गर्दछ भन्ने अपेक्षा राखिएको हुन्न । कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकेमा कानूनको अवज्ञा बढ्ने जोखिम उत्पन्न हुन्छ र त्यस्तो जोखिमबाट बच्न विद्यमान कानूनको निरन्तर सुधार एवं परिमार्जन गरी कानून बनाउनु पर्ने हुन्छ। तसर्थ, नयाँ कानून निर्माण वा विद्यमान कानूनमा सुधारका लागि अध्ययन तथा अनुसन्धानको महत्वपूर्ण भूमिका रहेको हुन्छ । उपर्युक्त आवश्यकता पूरा गर्न विभिन्न मुलुकहरुमा कानून सम्बन्धी अध्ययन र अनुसन्धान गरी नयाँ कानून निर्माण गर्न वा विद्यमान कानूनमा सुधार गर्नको लागि कानून आयोग वा कानून सुधार आयोगको गठन गर्ने गरेको पाइन्छ।

नेपालको सन्दर्भमा नेपाल कानून आयोग ऐन, २०६३ को प्रस्तावना र दफा ३ मा कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनमा संशोधन, एकीकरण र पुनरावलोकन गर्न तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने कार्य समेत सम्पादन गर्नका लागि नेपाल कानून आयोगको स्थापना गरिएको कुरा स्पष्ट उल्लेख भएको छ ।

कानूनको सुधारमा आयोगको भूमिकालाई संक्षिप्त रुपमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छः-

**(क) कानून तर्जुमा**

नेपाल कानून आयोगले आवश्यक र उपयुक्त देखेको कुनै विषयमा वा नेपाल सरकारको कुनै मन्त्रालयको अनुरोधमा कुनै विषयमा नयाँ ऐनको मसौदा (विधेयक) को तर्जुमा गर्ने कार्य गर्दछ । त्यसरी विधेयक तयार गर्ने क्रममा आयोगले कुनै विषयमा कानून निर्माण गर्दा संविधान, अन्तर्राष्ट्रिय दायित्व, मापदण्ड र सर्वोत्तम अभ्यास, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त, सरोकारवालासँग छलफल एवं अन्तरक्रिया गरी नेपालको समसामयिक परिस्थिति र सन्दर्भ अनुकूल हुने गरी नयाँ कानूनको तर्जुमा गर्ने गर्दछ । आयोगले ऐनको नयाँ मसौदा वा संशोधन मसौदा तयार गर्दा सरकारका प्रतिनिधि तथा सरोकारवालासँग परामर्श र पृष्ठपोषण समेत लिई मसौदा तयार गर्दै आएको छ । यसरी तयार गरेको मसौदालाई आवश्यक कारबाहीको लागि नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा प्रेषित गर्दछ ।

**(ख) कानूनको पुनरावलोकन**

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम नेपाल कानून आयोगलाई कानूनको पुनरावलोकन गरी कानून संशोधन वा एकीकरण गर्न जिम्मेवारी सुम्पिएको छ । आयोगले प्रचलित कानूनको सुधार र परिमार्जन गरी प्रचलित कानूनमा संशोधन गर्नुपर्ने देखिएमा संशोधित कानूनको मसौदा तर्जुमा गरी सिफारिस सहित नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा प्रेषित गर्दछ । त्यसैगरी आयोगले निष्कृय रहेका र हाल व्यावहारिक रुपमा प्रचलनमा नरहेका कानूनहरुको पहिचान गरी खारेज गर्नका लागि नेपाल सरकार समक्ष आफ्नो वार्षिक प्रतिवेदन मार्फत सिफारिस गर्दै आइरहेको छ ।

**(ग) कानून निर्माणमा एकरुपता**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम संघीय संसदमा पेश हुने विधेयक, अध्यादेश तथा प्रचलित कानून बमोजिम नेपाल



नेपाल कानून आयोग

सरकारले जारी गर्ने नियम, आदेश, निर्देशिका, कार्यविधिको तर्जुमा सहमती गर्ने कार्यको जिम्मेवारी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई तोकिएको भए तापनि नेपाल सरकारका विभिन्न मन्त्रालय वा अन्य निकायबाट पनि कानूनको प्रारम्भिक मसौदा हुने गरेको छ । यसबाट ऐनको विधेयक तर्जुमामा एकरुपता नभई शैली र ढाँचा समेत फरक फरक हुन सक्ने भई कानून व्याख्या र कार्यान्वयनमा असहजता र फरकपन उत्पन्न हुन सक्दछ । कानून निर्माणको प्रक्रियामा कानून तर्जुमाको विज्ञको भूमिका र कानून तर्जूमा कार्यमा एकरुपता सुनिश्चितता कायम गर्न आयोगले प्रयत्न गरिआएको छ । यस प्रयोजनका लागि आयोगले कानून तर्जुमाको दिग्दर्शन तयार गरी प्रकाशन समेत गरेको छ ।

**(घ) कानून संशोधनमा सरकारलाई सुझाव**

कानून तथा न्यायको क्षेत्रमा कुनै पनि विषयमा अध्ययन, अनुसन्धान र पुनरावलोकन गरी आयोगले आवश्यक सुझाव नेपाल सरकार समक्ष पेश गर्ने गर्दछ ।

**(ङ) वेबसाइटमा कानूनको अभिलेख राख्ने कार्य**

नेपाल कानून आयोगले प्रचलित नेपाल कानूनहरु, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरु, खारेज भइसकेका नेपाल कानूनहरु र कानून सम्बन्धी महत्वपूर्ण ऐतिहासिक सामग्रीहरुको अभिलेख राखी सबैले उपयोग गर्न सक्ने गरी आफ्नो वेबसाइट www.lawcommission.gov.np मा राख्दै आएको छ । त्यसका अतिरिक्त आयोगले कतिपय नेपाल कानूनको अंग्रेजी भाषामा अनुवाद गरी आफ्नो वेबसाइटमा राख्दै आएको छ भने "कानून आयोग" नामको आयोगको छुट्टै मोबाइल एप्स (Apps.) सञ्चालन गरी सो मार्फत समेत विद्यमान कानूनहरु सर्वसाधारणलाई सहजै उपलब्ध गराउदै आईरहेको छ ।

नेपाल कानून आयोग

**(च) सम्बन्धित निकाय वा संस्थासँग परामर्श, छलफल तथा अन्तरक्रिया**

आयोगले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संस्थासँग कानूनको तर्जुमा, संहिताकरण, एकीकरण, पुनरावलोकन, सुधार सम्बन्धी विषयमा परामर्श, छलफल तथा अन्तरक्रिया गर्ने कार्य गर्दछ ।

**(छ) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन**

आयोगले सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुरूप कानून भए वा नभएको विषयमा अध्ययन गर्ने र सो अनुरूप भएको नदेखिएमा कानून तर्जुमा, खारेज तथा पुनरावलोकन गर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सुझाव पेश गर्ने गर्दछ ।

## २.२ आयोगले विधेयक मसौदा गर्दा विकास गरेको अभ्यास

नेपाल कानून आयोगले नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मसौदा तर्जुमा गर्ने कार्य गर्दै आएको छ ।

कुनै ऐनको वा विधेयक मसौदा तयार गर्नु पूर्व आयोगले आवश्यक र उपयुक्त देखेको विषयहरुमा अवधारणापत्र (Concept Paper) तयार गर्दछ । अवधारणापत्रको आधारमा मसौदा कार्यदल गठन हुने गर्दछ । मसौदा कार्यदलमा आयोगका पदाधिकारी, नेपाल सरकारका उच्च अधिकृत, कर्मचारी लगायत सम्बन्धित विषय विज्ञहरु रहने अभ्यास छ । आयोगले विधेयक मसौदा तयार गर्दा नेपालको संविधान, नेपालले बहन गर्नु पर्ने अन्तर्राष्ट्रिय दायित्व, विभिन्न कानून प्रणाली अपनाउने देशले आत्मसात् गरेका सर्वोत्तम अभ्यासहरुको अध्ययन, सरोकारवाला र विज्ञहरुको राय सल्लाह तथा सुझावको आधारमा प्रारम्भिक मसौदा तयार गर्दछ । यसरी तयार पारिएको प्रारम्भिक मसौदा उपर नेपाल सरकारका प्रतिनिधिहरु, जनप्रतिनिधिहरु, नागरिक समाज र विज्ञहरुसँगको सहभागितामा आवश्यकता अनुसार अन्तर्क्रिया कार्यक्रम गरी राय सुझाव संकलन गरिन्छ । उपयुक्त राय सुझावलाई कार्यदलले विधेयकको मसौदामा आवश्यकता अनुसार समावेश गरी कार्यदलले परिमार्जित मसौदा तयार गर्दछ । व्यवस्थापनले

नेपाल कानून आयोग

उक्त मसौदालाई आयोगको बैठकमा पेश गर्ने र आयोगको बैठकले मसौदालाई आवश्यक कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय वा निकायमा पठाउने अभ्यासको थालनी गरेको छ ।

आयोगले थालनी गरेको यस प्रकारको अभ्यासबाट विधेयकको मसौदामा विभिन्न सरोकारवाला समूह वा व्यक्तिहरुको राय सल्लाह र पृष्ठपोषण प्राप्त हुने, विधेयकको मसौदा तयार गर्ने काम पारदर्शी हुने र नागरिक समाजको भूमिका रहने भएकोले त्यसरी निर्माण हुने कानूनप्रति नागरिकले आफ्नो अपनत्व महसुस गर्ने भई कानून कार्यान्वयनमा सहजता हुने अपेक्षा गर्न सकिन्छ ।

नेपाल कानून आयोग

# परिच्छेद–तीन

## आर्थिक वर्ष २०७७/०७८ को वार्षिक कार्यक्रम र कार्यप्रगति

### ३.१ विषय प्रवेश

आयोगले सम्पादन गर्ने विविध कार्यहरुमध्ये विधेयकको मसौदा तर्जुमा गर्ने पनि एक हो । आयोगले विधेयकको मसौदाको तर्जुमा गर्दा आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला व्यक्ति, निकाय वा विज्ञहरुको सुझाव तथा पृष्ठपोषण लिने उद्देश्यले गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गर्दछ । त्यस्तै, आयोगले कार्यान्वयनमा रहेका कानूनको बारेमा सर्वसाधारणमा जानकारी गराउने उद्देश्यले कानूनी सचेतनामूलक कार्यक्रम (Legal Dissemination Program) समेत सञ्चालन गर्दै आइरहेको छ।

मुलुकको कानून प्रणालीलाई सुदृढ तथा परिस्कृत बनाउन अध्ययन र अनुसन्धानको महत्वपूर्ण भूमिका हुने भएकोले आयोगले नयाँ कानूनको आवश्यकता पहिचान तथा प्रचलित कानूनको पुनरावलोकन गर्ने सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने, कानूनको संशोधन तथा एकीकरण लगायतका विषयमा अध्ययन प्रतिवेदन तयार गर्ने, सर्वोच्च अदालतका फैसला, अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौताको दायित्वको कार्यान्वयन सम्बन्धी विषयमा अध्ययन गर्ने, विधिशास्त्रीय नवीनतम अवधारणाका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने कार्य सम्पादन गर्दै आएको छ । न्याय प्रशासनमा सूचना तथा प्रविधिको प्रयोग र पहुँचमा अभिवृद्धि गर्ने उद्देश्यले नेपालको मौजुदा कानूनहरु, नीतिहरु, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरु, खारेज भएका कानूनहरु र केही नेपाल कानूनहरुको अंग्रेजी भाषामा अनुवाद तथा केही अन्तर्राष्ट्रिय सन्धिहरुको नेपाली अनुवाद गरी आफ्नो वेबसाईट तथा मोबाइल एप्स (Apps.) मा राखी वेबसाईट तथा मोबाइल एप्स (Apps.) को व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएको छ।

आयोगले सम्पादन गर्ने कार्यहरु स्वीकृत वार्षिक कार्यक्रम  र विनियोजित बजेट बमोजिम सञ्चालन हुँदै आएका छन् । आयोगको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसूची- ८ मा समावेश गरिएको छ।

नेपाल कानून आयोग

## ३.२ आयोगले सञ्चालन गरेका कार्यक्रमहरु

### ३.२.१ विधेयक मसौदा तर्जुमा

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम आयोगले नयाँ कानूनको तर्जुमा, विद्यमान कानूनमा संशोधन, परिमार्जन, पुनरावलोकन, एकीकरण तथा संहिताकरण गर्ने र कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गरी कानूनको मसौदा तर्जुमा गर्ने लगायतका कार्य सम्पादन गर्दै आएको छ ।

आर्थिक वर्ष २०७७/०७८ को वार्षिक कार्यक्रममा आयोगलाई चार वटा विधेयक तर्जुमा गर्न बजेट विनियोजन भए तापनि देहायका आठ वटा विधेयकहरुको मसौदा तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा पठाइएको छः-

(क) **फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक**

फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्ने उद्देश्यले तर्जुमा गरिएको विधेयकको मसौदा आयोगको मिति २०७७।०६।०२ को बैठकबाट पारित भई आवश्यक कारबाहीको लागि गृह मन्त्रालयमा पठाइएको छ ।

(ख) **तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

तेजाब तथा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसार पसार, प्रयोग, बिक्री वितरण तथा त्यस्तो पदार्थको विसर्जन गर्ने कार्यलाई नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र अन्य जैविक वा गैरजैविक वस्तुलाई पर्ने प्रतिकूल प्रभावलाई निवारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयकको मसौदा आयोगको मिति २०७७।०६।०२ को बैठकबाट पारित भई आवश्यक कारवाहीको लागि गृह मन्त्रालयमा पठाइएको छ ।

नेपाल कानून आयोग

**(ग) विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सूचना प्रविधिको महत्वलाई अंगिकार गरी त्यसको उपयोगितालाई व्यापारिक कारोबारमा विस्तार गर्न, व्यापार प्रणालीलाई सरल, प्रविधि मैत्री, विश्वसनीय र सहज बनाउन तथा विद्युतीय माध्यम मार्फत वस्तु वा सेवाको खरिद वा बिक्रीका लागि सुरक्षित संरचनाको व्यवस्था गर्न बनेको विधेयकको मसौदा आयोगको मिति २०७७।०९।०५ को बैठकबाट पारित भई आवश्यक कारवाहीको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको छ ।

**(घ) गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक**

गैरआवासीय नेपालीहरु बीच सामीप्यता तथा सौहार्दता अभिवृद्धि गर्न, नेपाल तथा नेपाली नागरिक र गैरआवासीय नेपालीबीच रहँदै आएको बहुआयामिक भावनात्मक एकता र सम्बन्ध सुदृण गर्न, गैरआवासीय नेपालीले आर्जन गरेको ज्ञान, शीप र पूँजीलाई नेपालमा आकर्षण गर्न र गैरआवासीय नेपालीको हैसियत, अधिकार वा सुविधाका सम्बन्धमा गैरआवासीय नेपाली सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्ने सम्बन्धमा बनेको विधेयकको मसौदा आयोगको मिति २०७७।१०।०९ को बैठकबाट पारित भई आवश्यक कारवाहीको लागि परराष्ट्र मन्त्रालयमा पठाइएको छ ।

**(ङ) नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक**

नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्ने सम्बन्धमा बनेको विधेयकको मसौदा आयोगको मिति २०७७।११।१७ को बैठकबाट पारित भई आवश्यक कारवाहीको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ ।

(च) **मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक**

मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्ने सम्बन्धमा बनेको विधेयकको मसौदा तर्जुमा गरी आयोगको मिति २०७८।०२।२८ को बैठकबाट पारित भई आवश्यक कारवाहीको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ ।

(छ) **केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकः**

केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकको मसौदा आयोगको मिति २०७८।०२।२८ को बैठकबाट पारित भई आवश्यक कारवाहीको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ ।

(ज) **कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकः**

परम्परागत निर्वाहमूखी कृषि व्यवसायलाई उत्पादनमूखी तथा बजारमूखी व्यवसायमा रुपान्तरण गरी कृषि क्षेत्रको दिगो विकास गर्न, कृषि उत्पादनको प्रवर्द्धन, व्यवसायीकरण, विविधिकरण तथा बजारीकरणवाट रोजगारीका अवसर सिर्जना गर्न र मुलुकको अर्थतन्त्रलाई टेवा पुऱ्याउन र कृषि कार्यलाई आय आर्जनको उपयुक्त माध्यम तथा मर्यादित व्यवसायको रुपमा विकास गरी सर्वसाधारणलाई कृषि व्यवसायमा अझ बढी आकर्षण गर्न बनेको विधेयकको मसौदा आयोगको मिति २०७८।०३।१७ को बैठकबाट पारित भई आवश्यक कारवाहीको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको छ ।

आ.व. २०७७/०७८ मा आयोगबाट तर्जुमा भै सम्बन्धित मन्त्रालयमा पठाइएका विधेयकहरुको पूर्ण पाठ अनुसूची–९ मा समावेश गरिएको छ ।

नेपाल कानून आयोग

### ३.२.२ कानूनी शुक्तिहरु (Latin Maxims) प्रकाशनः

आ.व. २०७६/०७७ बाट शुरु गरिएको कानूनी शुक्तिहरु (ल्याटिन, अंग्रेजी तथा नेपाली) Legal Maxims (Latin Legal Phraseology) (Latin, English and Nepali) नामक पुस्तक प्रकाशन गरिएको छ ।

### ३.२.३. अन्तरक्रिया तथा गोष्ठी

आयोगले आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ४ वटा अन्तरक्रिया तथा गोष्ठी सम्पन्न गर्ने कार्यक्रम रहेकोमा कोभिड-१९ (Covid-19) को कारणले जिल्लास्तरमा गई कार्यक्रम सञ्चालन गर्न सम्भव नभएकोले ३ वटा विधेयक मसौदामध्ये २ वटामा श्रव्य-दृश्य (Virtual) मार्फत र १ वटामा भौतिक दुरी कायम गरी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियोः

१. कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायिकरणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मसौदा उपर नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवज्यूहरु लगायत उच्च पदाधिकारीसंग कृषि मन्त्रालयको सभाहलमा मिति २०७७।१२।०३ गते भौतिक दुरी कायम गरी अन्तर्क्रिया छलफल कार्यक्रम सम्पन्न गरिएको थियो ।

२. मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयकको मसौदा उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले मा. महान्यायाधिवक्ता, आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, सहन्यायाधिवक्ता तथा अन्य सरकारी वकीलसँग मिति २०७८ जेठ १४ गतेका दिन श्रव्य-दृश्य (Virtual) माध्यम मार्फत छलफल गरी राय सुझाव लिइएको थियो । त्यसै गरी सोही मसौदामा आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव तथा सहसचिव र उच्च अदालत तथा जिल्ला अदालतका केही माननीय न्यायाधीशहरुसँग मिति २०७८ जेठ १७ गतेका दिन श्रव्य-दृश्य (Virtual) माध्यम मार्फत नै परामर्श छलफल गरी राय सुझाव लिइएको थियो ।

नेपाल कानून आयोग

३. केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयकको मसौदा उपर सरोकारवालाहरुको राय, प्रतिक्रिया तथा सुझाव लिने उद्देश्यले मिति २०७८।०२।१४ र मिति २०७८।०२।१७ गते श्रव्य-दृश्य (Virtual) माध्यम मार्फत नै अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा जिल्ला तथा उच्च अदालतका माननीय न्यायाधीश र महान्यायाधिवक्ता लगायत महान्यायाधिवक्ताको कार्यालयका उच्च पदाधिकारीको उपस्थिति रहेको थियो ।

### ३.२.४ प्रतिनिधि सभाको महिला तथा सामाजिक समितिमा लिखित राय पेश

मृत्युदण्ड उन्मूलन गर्ने सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धतालाई आरक्षणमा लैजान सकिन्छ वा सकिदैन भन्ने सन्दर्भमा प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिवाट राय माग भई आएकोमा मिति २०७७।०७।१९ गते समितिमा लिखित राय पेश गरेको थियो ।

### ३.२.५ प्रोटोकलको पक्ष हुन नेपाल सरकारलाई सिफारिस ( Protocol Relating to the Madrid Agreement Concerning the International Registration of Marks, 1989)

मार्कको अन्तराष्ट्रिय दर्ताका सम्बन्धमा व्यवस्था गर्न बनेको म्याड्रिड सम्झौतासँग सम्बन्धित प्रोटोकलको पक्ष हुन नेपाल सरकारलाई मिति २०७७।१०।०९ मा सिफारिस गरेको थियो ।

### ३.२.६ कानूनको जानकारी गराउने तथा सचेतना सम्बन्धी कार्यक्रम (Legal Dissemination Program)

कानूनका प्रयोगकर्ता तथा अन्य सरोकारवालाहरुलाई नयाँ कानूनका बारेमा समयमै जानकारी प्राप्त हुन नसक्दा र नयाँ कानूनका बारेमा अभ्यस्त नहुँदा कानूनको प्रयोग र पालनामा एकरुपता कायम गर्न कठिनाई पर्न सक्ने तथा असहज हुने भएकोले आयोगले विभिन्न जिल्लामा कानूनको जानकारी गराउने सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

नेपाल कानून आयोग

यस आ.व.मा तीन वटा कानूनी सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा ईलाम र ताप्लेजुङ जिल्लामा महिलासँग सम्बन्धित विद्यमान कानूनी व्यवस्था (मुलुकी देवानी र मुलुकी अपराध संहितासँग सम्बन्धित कानून) विषयमा एक एक वटा गरी दुई वटा कानूनी सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको थियो ।

### ३.२.७ इन्टर्नसिप कार्यक्रम सञ्चालन

इन्टर्नसिप कार्यक्रम अन्तर्गत कानून विषय अध्ययनरत विद्यार्थीहरुलाई कानूनको सैद्धान्तिक ज्ञानका अतिरिक्त कानूनको तर्जुमा लगायतका विषयमा व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले विभिन्न कलेजमा स्नातकतहमा कानून विषय अध्ययन गर्ने पाँच जना विद्यार्थीलाई आयोगबाट सम्पादन हुने विभिन्न काम, कारबाहीको अवलोकन र कार्य सम्पादनमा समेत संलग्न गराइएको थियो । आ.व. २०७७/०७८ को पहिलो सत्र (२०७७ साल भदौ महिनादेखि पुष महिनासम्म) मा नेपाल ल क्याम्पसबाट एक जना तथा दोस्रो सत्र (२०७७ साल फागुन महिनादेखि २०७८ साल असार महिनासम्म) मा काठमाडौं स्कूल अफ लबाट एक जना, नेशनल ल कलेजबाट एक जना, चक्रवर्ति हवि एजुकेशन एकेडेमीबाट एकजना र नेपाल ल क्याम्पसबाट एकजनाले इन्टर्नसिप सम्पन्न गरेका छन् ।

इन्टर्नसिप सम्पन्न गर्ने विद्यार्थीहरुको नामावली अनुसूची-१० मा समावेश गरिएको छ ।

### ३.२.८ आयोगको वेबसाइट तथा मोबाइल एप्स (Apps.) सम्बन्धी

नेपाल कानून आयोगले वि.सं. २०६५ सालदेखि नै आफनो वेबसाइट तयार गरी वेबसाइटमा विद्युतीय ढाँचामा विभिन्न प्रचलित नेपाल कानूनहरु अपलोड गर्दै आएको छ । उक्त वेबसाइटमा रहेका कानूनहरु अद्यावधिक गर्ने कार्य गर्दै सर्वसाधारण तथा सेवाग्राहीहरुलाई सरल एवं सहज ढँगले नेपाल कानून सम्बन्धी जानकारी प्रदान गरी विद्युतीय माध्यमबाट त्यसको पहुँच सुनिश्चित गर्दै आएको छ।

नेपाल कानून आयोग

आयोगको वेबसाइटमा नेपालको संविधान, प्रचलित ऐन, नियम तथा गठन आदेशहरु अद्यावधिक गर्ने र केही ऐन लगायतका अन्य सामग्री अंग्रेजी भाषामा अनुवाद गरी उपलब्ध गराउँदै आएको छ । साथै, खारेज भएका ऐन, नियम, गठन आदेश लगायतका नेपाल कानून तथा कानून सम्बन्धी ऐतिहासिक दस्तावेजहरु समेत समावेश गर्ने गरेको छ ।

आ.व.२०७७।०७८ मा आयोगको वेबसाईटलाई समयानुकूल बनाउन परिमार्जन गरी नयाँ स्वरुपमा उपयोगकर्ता मैत्री बनाईएको छ। स्वीकृत वार्षिक कार्यक्रम अनुसार मोबाइल (एन्ड्रोइड तथा एप्पल) दुवैमा उपयोग गर्न सकिने गरी मोबाइल एप्स (Mobile Apps.) निर्माण गरी विद्यमान कानूनहरु मोबाइलबाटै हेर्न र पढ्न सकिने व्यवस्था मिलाइएको छ ।

आयोगको वेबसाइटमा रहेका कानूनहरुको विवरण अनुसूची-११ मा समावेश गरिएको छ ।

नेपाल कानून आयोग

# परिच्छेद-चार

# सुझाव तथा सिफारिस

नेपालको संविधानले शक्ति पृथकीकरण (Sepration of Power) को सिद्धान्तलाई स्वीकार गरी कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी व्यवस्था गरेको छ । त्यसैगरी नेपालको संविधानमा नियन्त्रण र सन्तुलन (Check and Balance) को सिद्धान्त पनि अपनाएको पाइन्छ । शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्त बमोजिम राज्यका अङ्गहरुले आ-आफ्नो काम स्वतन्त्रतापूर्वक सम्पादन गर्दछन् भन्ने मान्यता रही आएको छ । राज्यका तीनै अङ्गहरु एक अर्कोप्रति उत्तरदायी (Responsible) नभई स्वतन्त्र (Independent) रुपमा कार्य गर्न सक्षम (Competent) हुन्छन् । सम्प्रभुत्ता र राज्यशक्तिको स्रोत संविधानतः जनतामा निहित रहने भएकोले सरकार सदैव जनताप्रति उत्तरदायी र जवाफदेही बन्नु पर्ने विश्वव्यापी मान्यता रहे बमोजिम नेपालले पनि यसको अबलम्बन गर्दै आएको छ । राज्य सञ्चालनको काम कारवाहीलाई पारदर्शी तथा जवाफदेही बनाउनकोलागि उपयुक्त कानूनी व्यवस्था आवश्यक पर्दछ । त्यस्तो कानूनी व्यवस्थाको निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको यस आयोगलाई अझ थप क्रियाशिल बनाउनकोलागि तथा नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० बमोजिम कानून तथा न्यायका क्षेत्रमा र मुख्य गरी कानूनलाई आधुनिकीकरण तथा सुधार गर्नु पर्ने कानूनी, नीतिगत तथा संस्थागत सुधारकालागि नेपाल सरकार समक्ष आयोगले देहाय बमोजिमका सुझाव तथा सिफारिस पेश गरेको छः–

## ४.१ कानून निर्माणको क्षेत्र (Area of Law Making)

**कानून** निर्माणको सन्दर्भमा विकसित नवीनतम् अवधारणा र प्रक्रियाको अवलम्बनबाट पछिल्ला चरणमा बनेका केही कानूनमा त्यसको प्रत्यक्ष तथा सकारात्मक प्रभाव देखा परेका छन् । कानून निर्माणको सन्दर्भमा संवैधानिक तथा कानूनी मूल्य मान्यताको पालना गर्नुको साथै यस क्षेत्रमा संलग्न सबै पक्षहरुमा यस्ता अवधारणा, सोच तथा संस्कृतिको निरन्तर विकास हुन सकेमा गुणस्तरीय कानून निर्माण हुन सक्ने अपेक्षा गर्न सकिन्छ । तथापि, सरकारी निकायबाट विस्तृत कुराहरु समावेश गरी कानून निर्माण प्रक्रियाको विषयमा मूलतः कानून तर्जुमा गर्दा कुनै प्रकारको दस्तावेजको निर्माण तथा विकास नभएको सन्दर्भमा कानून तर्जुमा

नेपाल कानून आयोग

सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परम्परा, प्रचलन, अभ्यास र व्यवहार तथा अवधारणालाई नै मुख्य रुपमा अंगीकार गर्नु पर्ने अवस्था छ । अतः देहायका विषयमा कानून निर्माण, संशोधन र एकिकरण गरी कानून निर्माण गर्नु पर्ने देखिन्छः-

### ४.१.१. संविधानको अनुसूचीमा उल्लिखित साझा अधिकारको विषय

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र शासन व्यवस्था स्वीकार गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तह हुनेछ भन्ने व्यवस्था गरेको छ । नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्दै आएका छन् । नेपाल संघीय राज्य भएकोले संघ, प्रदेश र स्थानीय तहले आफै कानून निर्माण गर्न सक्दछन् । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले निर्माण गर्ने कानूनहरुलाई एकल र साझा अधिकारको रुपमा क्रमशः अनुसूची-५, अनुसूची- ६, अनुसूची-७, अनुसूची-८ र अनुसूची-९ मा उल्लेख गरेको छ । संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा नपरेको विषयमा संघलाई अवशिष्ट अधिकार दिएको छ ।

नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषय अनुसूची-९ मा उल्लेख भए बमोजिम रहेको छ । साझा अधिकारको प्रयोग संविधान र संघीय कानून, प्रदेश कानून र गाँउसभा वा नगरसभाले बनाएको कानून बमोजिम हुनेछ भन्ने व्यवस्था गरेको छ । संविधान जारी भएको छैठौं वर्ष पुग्न लाग्दा समेत अनुसूची-९ मा उल्लिखित साझा अधिकारका विषयमा जति कानून निर्माण हुनु पर्ने हो त्यति कानून निर्माण भएको पाइदैन । साझा अधिकारका विषयमा कानून निर्माण गर्नकोलागि तीनै तहको सहकार्य र समन्वयको आवश्यकता रहने भए तापनि संघको भूमिका अलि बढी नै हुने गर्दछ । नेपालको संविधान बमोजिमका संघीय संसद, प्रदेश सभा र गाँउसभा वा नगरसभाले कानून निर्माणको सम्बन्धमा संविधानले प्रदान गरेको अधिकार, सीमा (Limitation) तथा संविधानको अनुसूचीमा उल्लिखित साझा अधिकारका विषयहरु जस्तै शिक्षा, स्वास्थ्य, कृषि जस्ता विषयमा के कसरी कानून निर्माण प्रक्रिया र बाटो तय गर्ने हो

सो विषयमा प्रष्ट हुनु पर्ने आवश्यकता रहेको छ । साझा अधिकारका विषयमा संघले यथाशक्य चाडो कानून बनाउन आवश्यक भएको छ ।

### ४.१.२ महाभियोग सम्बन्धी संघीय कानूनको निर्माण

नेपालको संविधानको धारा १०१ मा महाभियोग सम्बन्धी व्यवस्था रहेको छ । संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले राष्ट्रपति र उपराष्ट्रपति विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्ने र त्यस्तो प्रस्ताव संघीय संसदको दुवै सदनको तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुनेछ भन्ने व्यवस्था संविधानको धारा १०१ को उपधारा (१) मा रहेको छ ।

त्यसैगरी सोही धाराको उपधारा (२) मा संविधान र कानूनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेको वा आचार संहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध महाभियोगको प्रस्ताव पेश गर्न सक्ने र त्यसरी प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए नभएको छानबिन गरी व्यवस्थापिका-संसदमा सिफारिस सहितको प्रतिवेदन प्रस्तुत गर्ने प्रयोजनको लागि एघार सदस्यीय महाभियोग सिफारिस समिति रहने संवैधानिक व्यवस्था छ । त्यस्तो प्रस्ताव प्रतिनिधि सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुनेछ भन्ने व्यवस्था रहेको छ ।

राष्ट्रपति र उपराष्ट्रपति बाहेक महाभियोगबाट पदमुक्त हुने व्यक्तिले संविधानको गम्भीर उल्लङ्घन गरेको वा कार्यक्षमताको अभाव वा खराब आचरण वा पदीय दायित्वको पालन इमानदारीपूर्वक नगरेको वा आचार संहिताको गम्भीर उल्लङ्घन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा

उजुरी ग्राह्य रहेको भनी प्रतिनिधि सभाका कम्तीमा तीन जना सदस्यले प्रमाणित गरी पेश गरेमा महाभियोग सिफारिस समितिले त्यस्तो उजुरीमाथि संघीय कानून बमोजिम छानबिन गरी महाभियोग सम्बन्धी कारबाहीका लागि प्रतिनिधि सभा समक्ष सिफारिस गरेमा महाभियोगको प्रस्ताव पेश हुन सक्ने संवैधानिक व्यवस्था समेत रहेको छ । उच्च पदमा नियुक्त हुने व्यक्ति उपर महाभियोग लगाउने सम्बन्धमा अन्य मुलुकमा पनि संवैधानिक तथा कानूनी व्यवस्था रहेको छ । अमेरिका, बेलायत, भारत, पाकिस्तान, फिलिपिन्स, दक्षिण कोरिया, इरान, ब्राजिल, बुल्गेरिया, जर्मनी, आयरल्याण्ड, नर्वे, चेक रिपब्लिक, रुस लगायत अन्य मुलुकमा पनि महाभियोग सम्बन्धी व्यवस्था रहेको पाइन्छ। प्रायः सबै मुलुकहरुमा संसदको दुई तिहाई सदस्यहरुले महाभियोगको पक्षमा मत दिएमा त्यस्तो प्रस्ताव पारित हुने प्रचलन रहेको देखिन्छ ।

नेपालको संविधानको धारा १०१ को उपधारा (१०) मा महाभियोग सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुने भन्ने उल्लेख भएको छ । यस सम्बन्धमा संघीय कानून हुनुपर्ने बाध्यात्मक व्यवस्था रहेको छ । नेपालमा महाभियोग सम्बन्धमा महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ रहेको छ । यो ऐन नेपालको संविधान आउनु अघी जारी भएको र यसले संवैधानिक पदाधिकारीलाईमात्र महाअभियोग लगाउन सक्ने देखिएको तथा उक्त ऐन नेपालको संविधानको मूलभुत मान्यता अनुरुप देखिन नआएको सन्दर्भमा यस ऐनलाई खारेज गरी नेपालको संविधानको भावना अनुरुप महाभियोग सम्बन्धी ऐनको निर्माण गर्न आवश्यक रहेको देखिन्छ ।

### ४.१.३ संसदीय सुनुवाई सम्बन्धी कानूनको निर्माण

शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिका राज्यका तीन अंगहरुको कार्यप्रकृति भिन्न-भिन्न भए तापनि यी तीनै अंगको अन्तरसम्बन्ध र त्यसबाट नागरिकलाई पर्न सक्ने प्रभावका आधारमा यी अंगले आफू खुसी आ आफ्ना अधिकार क्षेत्रको प्रयोग गरेको अवस्थामा शासन सञ्चालनमा जटिलता उत्पन्न हुन सक्दछ । राज्यका तीन अंगहरुबीच समुचित शक्ति सन्तुलनको अभावले त्यस्ता अंगहरु बीच शक्ति र अधिकारकालागि द्वन्द्वात्मक अवस्थाको सिर्जना गर्ने मात्र होइन कि शक्ति

नेपाल कानून आयोग

पृथकीकरणको सिद्धान्तलाई नै धरासायी पर्न सक्ने सम्भावना रहन्छ । राज्यका सबै निकायहरु जवाफदेही र उत्तरदायी हुनु पर्दछ भन्ने मान्यतामा आधारित रहेर नियन्त्रण र सन्तुलनको सिद्धान्तको विकास हुन पुगेको हो । यस नियन्त्रण र सन्तुलनलाई मुख्य रुपमा अमेरिकाको संविधान सन् १७८७ मा जारी गर्दा पहिलो पटक स्वीकार गरिएको थियो । जसनुसार व्यवस्थापिकाको अधिकार कंग्रेसमा निहित रहने, कार्यकारिणी शक्ति राष्ट्रपतिमा रहने र न्यायिक अधिकार संघीय सर्वोच्च अदालतमा निहित रहने व्यवस्था गरियो । यसलाई नियन्त्रण र सन्तुलन (Check and Balance) को सिद्धान्तको रुपमा स्वीकार गरिएको छ । यो सिद्धान्तलाई अमेरिकाले सबैभन्दा प्रभावकारी रुपमा लागू गरेको छ । अमेरिकी विधायिका कंग्रेसले निर्माण गरेको कानूनलाई नियन्त्रण र सन्तुलनको सिद्धान्त अनुसार राष्ट्रपतिले भिटो (निषेधाज्ञा) प्रयोग गर्न सक्दछ भने विधायिकामाथि न्यायपालिकाको नियन्त्रण कायम गर्न संघीय सर्वोच्च अदालतलाई न्यायिक पुनरावलोकन (Judicial Review) को अधिकार प्राप्त छ । यसै गरी राष्ट्रपतिलाई महाभियोग लगाई पदच्यूत गर्न सक्ने अधिकार कंग्रेसलाई रहेको छ । राष्ट्रपतिले कार्यकारिणी अधिकार प्रयोग गरी राज्यका विभिन्न उच्च पदमा गरेको नियुक्तिलाई सिनेटबाट अनुमोदन (Confirmation) गराउनु पर्दछ। साथै, राष्ट्रपतिले गरेका कार्यहरुलाई न्यायालयले न्यायिक पुनरावलोकन गरी जाँच गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै कंग्रेसले संघीय सर्वोच्च अदालतका न्यायाधीशहरुलाई महाभियोग लगाएर पदच्यूत गर्न सक्ने व्यवस्था गरिएको देखिन्छ ।

शक्ति नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई अंगिकार गर्दै यसको प्रतिनिधित्व गर्ने प्रयोजनकोलागि अमेरिकामा संसदीय सुनुवाईको शुरुवात भएको थियो । अमेरिकामा राष्ट्रपतिबाट कुनै सार्वजनिक महत्वका उच्च पदमा नियुक्तिकोलागि प्रस्तावित व्यक्तिका सम्बन्धमा वा त्यस्तो पदमा बसेका पदाधिकारीहरुले गरेका काम कारवाहीका सन्दर्भमा अधिकार प्राप्त व्यक्ति वा निकाय वा सार्वभौम जनताहरुले त्यस विषयसँग सम्बन्धित व्यक्तिको भनाइ वा स्पष्टीकरण सुनेर निजहरुको योग्यता, क्षमता र नैतिकता परीक्षण

नेपाल कानून आयोग

गर्ने प्रक्रियालाई सुनुवाई भन्ने गरिएको छ । संसदीय सुनुवाई गर्दा सामान्यतः दुई प्रकारबाट गरेको देखिन्छः-

(क) खुला संसदीय सुनुवाई,

(ख) बन्द संसदीय सुनुवाई ।

अमेरिकामा सन् १९२४ भन्दा अगाडि संसदीय सुनुवाई बन्द रुपमा गरिने प्रचलन रहेकोमा हाल खुला रुपमा गरेको देखिन्छ । नेपालमा संसदीय सुनुवाई गर्दा समितिले सुनुवाई गर्नु पर्ने प्रस्तावित व्यक्ति उपर आएका उजुरीलाई गोप्य राख्ने र उजुरकर्तासँग समितिमा गोप्य रुपमा छलफल गर्न सक्ने व्यवस्था रहेको छ ।

अमेरिकामा प्रचलित Confirmation Hearing को प्रभावकारिता र लोकप्रियताबाट उत्प्रेरित भएर नै कार्यकारी नियुक्तिलाई समुचित नियन्त्रण गरी जनभावना र जनइच्छालाई त्यस्ता नियुक्तिमा मुखरित गर्दै त्यस्ता नियुक्तिलाई विवाद रहित र राजनीतिक हस्तक्षेपबाट मुक्त पार्ने उद्देश्यले यस पद्दतिको प्रारम्भ गरिएको देखिन्छ ।

नेपालमा संसदीय सुनुवाईको सन्दर्भमा नयाँ अनुभव रहेको छ । नेपालमा नेपालको अन्तरिम संविधान, २०६३ (यसपछि "अन्तरिम संविधान" भनिएको) जारी हुनु अघि संसदीय सुनुवाई गर्ने व्यवस्था थिएन । अन्तरिम संविधानको धारा १५५ को उपधारा (१) मा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने संवैधानिक पद तथा सर्वोच्च अदालतका न्यायाधीश र राजदुतको पदमा नियुक्ति पूर्व निजहरूको कानूनमा व्यवस्था भए बमोजिम संसदीय सुनुवाई गर्ने व्यवस्था भए बमोजिम संसदीय सुनुवाई शुरु भएको थियो । अन्तरिम संविधानमा कानूनमा व्यवस्था भए बमोजिम संसदीय सुनुवाई गर्ने भनिए तापनि यस सम्बन्धी छुट्टै कानून बनेको थिएन। संसदीय सुनुवाईकोलागि व्यवस्थापिका-संसद नियमावली, २०६३ मा पहिलो पटक यस सम्बन्धी कानूनी व्यवस्था गरी संसदीय सुनुवाईको प्रारम्भ गरिएको थियो ।

नेपालको संविधानको धारा २९२ मा संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र

राजदूत तथा न्याय परिषदको सिफारिसमा नियुक्ति हुने सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य उक्त पदमा नियुक्ति हुनु अघी संघीय कानून बमोजिम संसदीय सुनुवाई हुने व्यवस्था रहेको छ । सोही धाराको उपधारा (२) मा संघीय संसदका दुवै सदनका सदस्यहरू रहने गरी संघीय कानून बमोजिम पन्ध्र सदस्यीय एक संयुक्त समिति गठन गरिनेछ भन्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही धाराको उपधारा (१) मा संघीय कानून बमोजिम संसदीय सुनुवाई हुनेछ भन्ने व्यवस्था रहेको छ । तथापी संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ मा संसदीय सुनुवाई सम्बन्धी व्यवस्था गरी हालसम्म सोही बमोजिम काम कारबाही हुँदै आइरहेको छ ।

संविधानतः संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ संघीय कानून हो वा होइन भन्ने यदाकदा प्रश्न उठने गरेको पाइन्छ । यस नियमावलीको निर्माण विधि र प्रयोग सम्बन्धमा अध्ययन गर्दा नेपालको संविधानको धारा १०४ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संघीय संसदको दुवै सदनको संयुक्त बैठकको कार्यसञ्चालन र संयुक्त समितिको गठन एवं कार्यसञ्चालनको लागि बनाएको देखिन्छ । संघीय संसदको संयुक्त समितिको कार्यसञ्चालनको लागि बनाएको नियमावली संघीय संसदले बाहेक अन्य निकायले प्रयोग गर्न मिल्ने होइन र गरेको पनि पाइदैन । संविधान बमोजिम निर्माण भएको संघीय कानून राज्यका प्रत्येक निकाय तथा सरोकारवालाले आवश्यकतानुसार प्रयोग गर्ने अधिकार राख्दछन् । तर संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ संघीय संसदलेमात्र प्रयोग गर्न सक्दछ । त्यसै गरी संघीय संसदले बनाएको नियमावलीमा सारवान कानूनको विषय समावेश गर्न मिल्ने हो वा कार्यविधि कानूनको विषयमामात्र सीमित हुने हो भन्ने प्रश्न पनि उठ्ने गरेको छ । अतः नेपालको संविधानको धारा २९२ को उपधारा (१) ले संसदीय सुनुवाई संघीय कानून बमोजिम हुने उल्लेख गरेको सन्दर्भमा तत्सम्बन्धी ऐनको तर्जुमा गर्नु पर्ने आवश्यकता देखिएको छ ।

नेपाल कानून आयोग

### ४.१.४ नेपाल सन्धि ऐन, २०४७ मा संशोधन

नेपालको संविधानको धारा २७९ ले नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय कानून बमोजिम हुने व्यवस्था गरेको छ । साथै कानून बनाउँदा देहायका विषयका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संघीय संसदका दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छः

(क) शान्ति र मैत्री,

(ख) सुरक्षा एवं सामरिक सम्बन्ध,

(ग) नेपाल राज्यको सीमाना, र

(घ) प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड ।

तर खण्ड (क) र (घ) मा उल्लिखित विषयका सन्धि वा सम्झौता मध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुन सक्ने संवैधानिक प्रावधान उल्लेख भएको पाइन्छ । यसका साथै नेपाल वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको हस्ताक्षर, अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन सम्बन्धी कार्यविधि तथा त्यस्तो सन्धि वा सम्झौताको कार्यान्वयनका सम्बन्धमा नेपाल सन्धि ऐन, २०४७ ले व्यवस्था गरेको देखिन्छ । तर उक्त सन्धि ऐनमा त्यस्ता सन्धि वा सम्झौता मध्ये के कस्ता सन्धि वा सम्झौता राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौता हुन् भन्ने कुरा उल्लेख नभएकोले के कस्ता सन्धि वा सम्झौता प्रतिनिधि सभाको साधारण बहुमतबाट पारित गर्ने र के कस्ता सन्धि वा सम्झौता संघीय संसदको दुवै सदनको दुई तिहाईबाट पारित गर्ने भन्ने द्विविधा रहेको देखिन्छ । यसर्थ, उक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने अभिप्रायले उक्त व्यवस्था समेत रहने गरी नेपाल सन्धि ऐन, २०४७ मा समसामायिक सुधार गर्नु पर्ने देखिएको छ ।

नेपाल कानून आयोग

### ४.१.५ कर सम्बन्धी एकीकृत कानूनको निर्माण

उस्तै प्रकृतिका विषयहरुलाई सम्बोधन गर्न विभिन्न छुट्टा-छुट्टै ऐनको प्रयोग हुँदा विषयवस्तुको गाम्भिर्यतामा प्रभाव पुऱ्याउने र कार्यान्वयनमा द्विविधा उत्पन्न हुने गर्दछ । छरिएर रहेका ऐनहरुले उत्पन्न गराउने दोहोरोपना र द्विविधालाई अन्त्य गर्न र स्पष्ट क्षेत्राधिकारको व्यवस्था गर्न समेत विषयगत एकीकृत ऐनको निर्माण हुन सकेमा कानून कार्यान्वयनमा सहजता हुन जान्छ । हाल कर सम्बन्धी विषयलाई सम्बोधन गर्नकालागि विभिन्न ऐनहरुमा व्यवस्था भएको देखिन्छ ।

कर सम्बन्धी कानूनले कुनै क्षेत्रलाई नियमन गर्नुका साथै राज्यको राजश्वको स्रोत समेतको पहिचान र नियमन समेत गरिरहेको हुन्छ । राज्यले कर कानूनको अधिनमा रही उठाएको राजश्वको माध्यमबाट नै आफ्नो खर्च तथा लगानी धानिरहेको हुन्छ। जनप्रतिनिधि विना कर लगाउनु हुँदैन (No taxation without representation) भन्ने कानूनको मान्य सिद्धान्तले समेत कर कानूनको सम्वेदनशीलतालाई प्रतिविम्वित गर्दछ । यसका साथै कर कानूनले राज्यको अन्तर्राष्ट्रिय सम्बन्धसँग समेत प्रत्यक्ष सरोकार राख्दछ । भन्सार महसूल, अन्त: शुल्क लगायतका करले दुई देश बीचको व्यापार तथा व्यवसायसँग प्रत्यक्ष सरोकार राखी वस्तु तथा बजारको पहुँचको विषयलाई समेत नियमन गरिरहेको हुन्छ । तसर्थ, कर कानूनलाई एकीकृत रुपमा व्यवस्था गर्दा छरिएर रहेका विभिन्न क्षेत्र तथा उप-क्षेत्रको नियमन तथा नियन्त्रणका साथै कर प्रशासनमा समेत सहजता हुन जान्छ । मूल्य अभिवृद्धि कर, आयकर लगायतका करको परिपालनमा भएको जटिलतालाई समेत एकीकृत कर प्रणालीको माध्यमबाट समाधान सहज हुने अनुमान गर्न सकिन्छ । स्वैच्छिक करको अनुपालना (Voluntary Tax Compliance) मा भएका विभिन्न समस्या र जटिलतालाई समेत एकीकृत कर बनाई करदातालाई कर बुझाई राज्यप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न मद्दत हुनेछ भने अर्कोतर्फ राज्यको राजश्वमा समेत वृद्धि हुनेछ ।

## ४.२ कानूनी सचेतना तथा साक्षरता (Legal Awareness and literacy )

नेपाली समाजको सबैभन्दा ठूलो चुनौतीको विषय भनेको कानूनको कमजोर कार्यान्वयन हो । कानूनको अभाव चिन्ताजनक हुन सक्छ तर कानूनको

कार्यान्वयन कमजोर हुनु वा कानूनको कार्यान्वयनमा एकरुपता नहुनु पनि कम चिन्ताको विषय होइन । नियमहरूको निश्चितता र पूर्वानुमानता एक जीवित वास्तविकता हुनको लागि कानूनको शासन अनिवार्य पूर्वशर्त (Prerequisite) हो । कानूनको कमजोर कार्यान्वयनका थुप्रै कारणहरू हुन सक्दछन् । कानूनमा कम सजाय हुनु, कानून कार्यान्वयन गर्ने निकायहरूको कमजोरी तथा कानूनका प्रयोगकर्ताहरूलाई कानूनी उपचार र अन्य सुविधा प्राप्तिमा जटिल प्रक्रियागत व्यवस्था, कानूनको जानकारी नहुनु पनि कानूनको कार्यान्वयन नहुनु हो । राज्यले आफ्नो विशेष अधिकार तथा सुविधाहरूको बारेमा कम वा शून्य ज्ञान भएका विशेष प्रकारका व्यक्तिहरूलाई कानूनद्वारा राम्रोसँग संरक्षण गर्नुपर्दछ । सर्वसाधारणलाई कानूनी भाषाको संरचना, अन्तर-सन्दर्भको व्यापक प्रयोग र न्यायिक भाषाको थप जटिल बनावटले कानून बुझ्न कठिन हुन्छ । नेपालमा तीन तहको शासन व्यवस्था भएको र तीनै तहले कानून बनाउन सक्ने संवैधानिक व्यवस्था हुँदा कानून कार्यान्वयनमा जटिलता उत्पन्न हुन सक्दछ । तसर्थ कानून निर्माण र कानून कार्यान्वयन गर्ने निकायको संस्थागत विकासपछि कानूनी सचेतना सम्बन्धी नीति आवश्यक देखिन्छ । कानूनी सचेतनाले कानूनी संस्कृति, कानून निर्माणमा सहभागिता र कानूनको शासनलाई प्रवर्द्धन गर्न सहयोग गर्दछ ।

देश संघीयतामा गइसकेको र तीन तहको सरकारले कानून बनाउन सक्ने भएकोले कानूनको बारेमा सर्वसाधारण तथा सरोकारवालाको जानकारीको लागि प्रचारप्रसारको आवश्यकता विगतको भन्दा टड्कारो रहेको छ । नेपालमा कानूनी सचेतनाको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुले आ—आफ्नै किसिमले कार्यक्रम गर्दै आइरहेका छन् । तथापि यस्ता कार्यक्रमलेमात्र कानूनी सचेतना र पहुँच अभिवृद्धि हुन सकेको पाइदैन । समन्वयको अभावमा यस्ता कार्यक्रमहरुले बजेट खर्च गर्न औपचारिकतामात्र निर्वाह गरेको देखिन्छ ।

केही समयदेखि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले रेडीयो तथा टेलिभिजनमार्फत र स्थलगत रुपमा गाँउपालिका तथा नगरपालिकामा कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ भने अदालतहरुबाट न्यायमा पहुँच कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यसैगरी महान्यायधिवक्ताको कार्यालयले “समुदायमा सरकारी वकील” कार्यक्रम सञ्चालनमा ल्याएको छ भने नेपाल

नेपाल कानून आयोग

सरकारका विभिन्न मन्त्रालयहरुले आ—आफ्नै किसीमले कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिरहेका छन् । त्यसै गरी प्रादेशिक सरकारका विभिन्न मन्त्रालयहरूबाट पनि आ—आफ्नो कार्यक्षेत्रका कानून र नीतिहरू प्रचार प्रसार गरिरहेको पाइन्छ । यसरी सरकारी तथा गैरसरकारी निकायहरुले कार्यक्रम गरेको भए तापनि सर्वसाधारणका लागि कानून के हो भन्ने बारेमा कानूनी सचेतना फैलाउने सम्बन्धमा कार्यविधि, सामग्री र संस्थागत रूपरेखासहितको स्थायी नीति बन्न सकेको छैन भने कानूनी सचेतनाको लागि आधिकारिक निकाय रहेको पाइदैन ।

सर्वोच्च अदालत अन्तर्गतको न्यायमा पहुँच कार्यक्रम अनुसार १५ प्रतिशत जनतालेमात्र न्यायमा पहुँच पाएका छन् । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) द्वारा गरिएको एक अध्ययन अनुसार जम्मा ५९ प्रतिशत जनताले देशमा नयाँ संविधान जारी भएको कुरा थाहा भएको भनिएको छ । सोही अध्ययनका अनुसार पुरुष ७०.४% र महिला ५०% बीच कानून र संविधानको बुझाइमा व्यापक लैंगिक अन्तर देखिन्छ । केवल ५०% पुरुष र ४१% महिलालाईमात्र समानता र अविभेद संवैधानिक हक हुन्छ भन्ने बारेमा जानकारी रहेको देखियो । सो अध्ययनले सामाजिक-आर्थिक स्थिति कमजोर भएका वर्गमा ज्ञानको अन्तरको स्तर उच्च रहेको तथ्यतर्फ संकेत गरेको देखिन्छ । सन् २०१६ मा राष्ट्रिय न्यायिक प्रतिष्ठान (NJA) द्वारा गरिएको एक अध्ययन अनुसार महिलाका लागि कानूनी उपचार खोज्नका लागि कानूनी सचेतनाको अभावलाई प्रमुख समस्याको रुपमा औंल्याइएको देखिन्छ ।

यसै सन्दर्भमा नेपाल कानून आयोगले कानूनी सचेतना तथा कानूनी साक्षरताको क्षेत्रलाई सुदृढ गर्न एकीकृत नीतिको निर्माण गर्ने तथा कानूनी सचेतना तथा साक्षरताको विषयलाई राष्ट्रिय नीतिको रुपमा विकास गरी त्यस विषयलाई सम्बोधन गर्न कानून निर्माण गरी कार्यान्वयनमा ल्याउन, संघ, प्रदेश र स्थानीय तहमा कानूनी सचेतना तथा कानूनी साक्षरता विषयका लागि सक्रिय संरचनाको विकास गर्न, बजेटको सुनिश्चितता लगायतका विषयको सम्बन्धमा सिफारिस गरी कानूनी सचेतना तथा कानूनी साक्षरता अध्ययन प्रतिवेदन समेत मिति २०७८।०१।०३ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइसकिएको कुरा यहाँ स्मरण गराउन सान्दर्भिक रहेको छ ।

नेपाल कानून आयोग

नेपालमा कानूनी सहायता सम्बन्धी ऐन, २०५४, कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ र नेपाल सरकारले स्वीकृत गरेको एकीकृत कानूनी सहायता नीति, २०७६ कार्यान्वयनमा रहेको छ । तथापि, यसले समयसापेक्ष रुपमा कानूनी सचेतना र कानूनी साक्षरताका विषयलाई यथोचित रुपमा सम्बोधन गर्न सकेको पाइँदैन ।

अतः यस आयोगबाट विगतमा कानूनी सचेतना तथा कानूनी साक्षरता विषयका लागि सक्रिय संरचनाको विकास गर्न र सोको लागि बजेटको सुनिश्चितता लगायतका विषयको अध्ययन प्रतिवेदनमा गरिएका सिफारिसको आधार र केही दक्षिण एसियाली देशहरूको अनुभवको आधारमा समेत कानूनी सहायता नीतिमा कानूनी सचेतना र कानूनी साक्षरता सम्बन्धी नीतिगत, संस्थागत र संरचनागत कानूनी व्यवस्था गर्नु पर्ने आवश्यकता देखिएको छ ।

## ४.३ कानून तर्जुमाको आधिकारिक दिग्दर्शन (Authentic Mannual of Law Drafting)

नेपालको संविधान बमोजिम नेपालमा संघ, प्रदेश र स्थानीय तहबाट कानून निर्माण हुने भएकोले कानून निर्माण गर्ने क्षेत्रको विस्तार भएको छ । तर कतिपय प्रदेश तथा स्थानीय तहमा कानून निर्माणका आधारभूत कुराको समेत जानकारी नभएको सन्दर्भमा यसले भविष्यमा धेरै असहज स्थिति उत्पन्न नहोला भन्न सकिन्न । यसले गर्दा मुलुकमा कानूनको शासन मार्फत् सुशासन कायम गर्नु पर्ने संवैधानिक बाध्यतामा समेत गतिरोध हुन जाने अवस्था रहन्छ । विगतमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्रदेश र स्थानीय तहबाट निर्माण गरिएका कानूनको बारेमा गरिएको एक अध्ययनमा समेत प्रदेश र स्थानीय तहले कानून निर्माण गर्दा पालना गर्नु पर्ने न्यूनतम मूल्य मान्यता समेत पालना नगरिएको देखिएको थियो । यसर्थ, यसको निराकरणको लागि कानून निर्माणको सन्दर्भमा कानूनको विस्तृत दिग्दर्शन (Comprehensive Drafting Mannual) तथा आवश्यक अनुरुप हाते पुस्तक (Hand Book) कानून आयोगको संलग्नतामा निर्माण गरी सबै प्रदेश तथा स्थानीय तहमा प्रचार प्रसार तथा वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने जरुरी भएको छ ।

## ४.४ आधिकारीक कानूनी शब्दकोषको निर्माण (Making of Authentic Legal Dictionary)

कानूनले निर्देशन गर्ने विषयवस्तु वा कानूनमा प्रयोग भएका शब्दको प्रयोग वस्तुपरक र निश्चितता (Objective and Accuracy) मा आधारित हुने गर्दछ । कानूनको शब्दमा व्याख्याको गुन्जायस रहे तापनि कानूनमा प्रयोग भएका शब्दको प्रयोग र बुझाइमा एकरुपता कायम गर्नको लागि कानूनमा प्रयोग भएका शब्दहरु कानूनका मान्य सिद्धान्तमा आधारित भएको हुनुपर्दछ । यसले गर्दा कानून निर्माण गर्ने, प्रयोग गर्ने, कानूनको अध्ययन, अध्यापन, अनुसन्धान गर्ने तथा व्याख्या गर्ने निकाय वा पदाधिकारीलाई सहज हुन पुग्दछ । हालसम्म नेपालमा सरकारी तवरबाट आधिकारिक कानूनी शब्दकोष नभएको सन्दर्भलाई समेत विचार गरी आयोगको संलग्नतामा आधिकारिक कानूनी शब्दकोषको निर्माण गर्न आवश्यक देखिएको छ ।

**४.५ प्रविधि मैत्री आयोग तथा जनशक्ति विकास (Technology Friendly Commission and Human Resources)**

कुनै कानून निर्माण भइसके पछि छोटो समयमा नै कानूनको संशोधन गर्नु पर्ने अवस्थालाई निरुत्साह गर्नको लागि कानून निर्माणको समयमा नै सोसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सरोकारवालासँग अन्तरक्रिया तथा छलफल गर्ने पद्दतिलाई बढावा दिनको लागि जुनसुकै निकायमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ । सो विषयमा आयोग पनि अलग रहन सक्दैन । साथै, अन्तर्राष्ट्रियस्तरमा कानून मसौदाको क्षेत्रमा भएको विकास अनुरुप नेपालमा पनि कानूनको मसौदालाई समसामायिक बनाउनको लागि आयोगमा कार्यरत जनशक्तिलाई पनि सो अनुरुप सक्षम बनाउनु पर्ने आवश्यक देखिएको छ । यसर्थ, यी कार्यको लागि नेपाल सरकारको तर्फबाट स्रोत साधन तथा स्वेदश र विदेशमा कानून तर्जुमासँग सम्बन्धित विषयमा कर्मचारीलाई उचित प्रशिक्षणको व्यवस्था गर्नुपर्ने देखिन्छ । त्यस्तो कार्य हुन सकेमा आयोगमा कार्यरत कर्मचारीको मनोबल उच्च हुने र कानून तथा न्यायको क्षेत्रमा राम्रा कानून (Good Law) बन्न सक्ने हुँदा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा देशमा सुशासनको लागि सहयोग पुग्न सक्ने अवस्था समेत रहन्छ ।

विज्ञान र प्राविधिमा आएको परिवर्तनको साथ साथै संसारभर फैलिएको कोभिड-१९ को कारणले गर्दा धेरै कार्यहरु श्रव्य दृश्य (Virtual) माध्यमबाट सञ्चालन हुने प्रचलन विकसित भएको छ । युरोपियन युनियनको व्यवस्थापिकामा २६

मार्च, २०२० मा अनलाइन मतदानको प्रयोग गरी निर्णय लिने कार्य गरिएको कुरा सर्वबिदितै छ । यस्तै प्रकारका कार्यहरु अन्य देशका संसदमा पनि भएको पाइन्छ । उदाहरणको लागि ब्राजिलमा रिमोट प्लेनरी सेसनको शुरुवात गरियो । माल्दिभ्स, क्यानाडा, बेलायत आदि देशले पनि यही विधिलाई अवलम्बन गरिसकेको अवस्था छ । मंगोलिया, लाटभिया तथा पोल्याण्डको संसदले हाइब्रिड सेसनको शुरुवात गरे । यसै गरी जर्मनी, लिथोनिया र नर्वेमा संसदका समितिहरु जुम, माइक्रोसफ्ट टीम, वेयम्याक्यस, स्काइप जस्ता व्यापारिक प्राविधिक साधनको प्रयोग गरी भिडियो कन्फरेन्सको माध्यमबाट समेत गरिएको देखिन्छ । विश्वमा यस्तो कार्य भइरहेको अवस्थामा अंग्रेजी भाषामा नेपालका कानूनहरुलाई रुपान्तरण गरी आयोगको वेबसाइट अनलाइनमा राख्नु पर्ने आवश्यकता एकातर्फ रहेको छ भने नेपालको प्राचीन कानूनी दस्तावेजलाई पनि वेबसाइटमा राख्नु पर्ने भएको छ । यसर्थ, यसको लागि उचित बजेटको विनियोजन गरी आयोगको काम कारवाहीलाई प्रविधि मैत्री बनाउनु पर्ने भएकोले पर्याप्त आर्थिक, भौतिक तथा मानवीय स्रोत साधनको व्यवस्था गर्नु पर्ने आवश्यकता खडकिएको छ ।

### ४.६ आयोगको विगतका सिफारिस तथा सुझावहरुको कार्यान्वयन ( Implementation of Past recommendation and suggestions of Commission)

आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरेका विगतका सिफारिस तथा सुझावहरुको कार्यान्वयन नभएको सन्दर्भमा उक्त सिफारिस तथा सुझावहरुको कार्यान्वयनको लागि उचित सम्बोधन हुनुपर्ने आवश्यकता खड्किएको छ ।

नेपाल कानून आयोग

## परिच्छेद-पाँच

## अवसर र चुनौतीहरु

कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गर्ने उद्देश्यले नेपाल कानून आयोगको स्थापना भएको हो । आयोगले आफ्नो स्थापनाकालदेखि नेपालको कानूनी प्रणालीको विकास र समृद्धिमा उल्लेख्य योगदान गरी आएको छ।

### ५.१ अवसरहरु ( Opportunities)

आयोगका लागि देहायका अवसरहरु रहेका छन्:

(क) नेपाल कानून आयोग ऐन, २०६३ ले आयोगलाई स्वायत्त कानूनी संस्थाको रुपमा विकास गरी कानूनको तर्जुमा, संहिताकरण तथा प्रचलित कानूनको संशोधन, एकीकरण र पुनरावलोकन गर्ने तथा कानून र न्याय सम्बन्धी विषयमा अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिने सरकारी निकायको रुपमा स्थापित गरेको छ । आयोगले मुलुकमा सुशासन कायम गर्ने जुनसुकै विषयमा ऐनको मसौदा गरी नेपाल सरकारलाई सुझाव दिन सक्नेछ ।

(ख) दशकौंको लामो राजनीतिक प्रयासको प्रतिफल स्वरुप संविधानसभाबाट निर्माण भएको नेपालको संविधान, करिब छ दशक लामो प्रयास पछि नवीनतम मूल्य मान्यतालाई आत्मसात गरी लागू भएको मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता, अन्तर्राष्ट्रिय सर्वोत्तम अभ्यास (International Best Practice), नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानूनले सृजना गरेको दायित्व समेतलाई दृष्टिगत गर्दा मौजुदा कानूनी व्यवस्थाहरुमा समयानुकूल सुधार र संशोधन गर्ने उपयुक्त समय आएकोले

नेपाल कानून आयोग

आयोग मार्फत मसौदा तयार गरी नेपाल सरकार समक्ष पेश गर्न सक्दछ।

## ५.२ चुनौतीहरु ( Challenges)

आयोगको लागि देहायका चुनौतीहरु रहेका छन् :

(क) आयोगको आफ्नै भवन नहुनु,

(ख) कानून र न्यायको क्षेत्रमा अध्ययन अनुसन्धानकोलागि पर्याप्त बजेटको अभाव हुनु,

(ग) आयोगको संस्थागत स्मरण (Institutional Memory) लाई संस्थागत गर्नु,

(घ) दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नहुनु (उदाहरणको लागि दरबन्दीमा उल्लेख भएको कम्प्यूटर ईन्जिनियर लगायत अन्य पदमा पदपूर्तिको लागि नेपाल सरकारसँग पटक-पटक माग गर्दा समेत हालसम्म पूर्ति हुन नसक्नु)

(ङ) सक्षम प्राविधिक कर्मचारीको अभावले आयोगको वेब व्यवस्थापनमा कठिनाई हुनु,

(च) कर्मचारीहरुको व्यवसायिक विकास र वृत्ति विकास (Professional and Career Development) गर्नको लागि श्रोत र साधनको अपर्याप्तता तथा समान अवसर प्राप्त हुन नसकेकोले कर्मचारीमा उत्प्रेरणा ल्याउन नसक्नु ।

नेपाल कानून आयोग

# परिच्छेद–छ

## नेपाल कानून आयोगको भूमिकाको प्रभावकारिता

आयोगलाई तोकिएको कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्ने क्रममा अनुभव गरिएका देहायका विषयहरुको उपयुक्त सम्बोधन भएमा आयोगले आफ्नो भूमिका थप प्रभावकारी बनाउन सक्ने देखिन्छः-

### ६.१ जनशक्ति व्यवस्थापन

कुनै पनि संगठनको उद्देश्य पूर्ति गर्ने मूख्य श्रोत मानव श्रोत (Human Resource) हो । मानव श्रोतको अभावमा संगठनले आशातीत सफलता प्राप्त गर्न सक्दैन । आयोगको संगठन, संरचना तथा व्यवस्थापनको दरबन्दी अनुरुपको पदपूर्ति हुनु पर्ने देखिन्छ ।

### ६.२ वृत्तिविकास र व्यवसायिक विकास (Career Development and Professional Development)

तालिमले कर्मचारीको क्षमतालाई पुनर्ताजगी गर्दछ । कर्मचारीहरुमा रहेको क्षमतालाई समय समयमा पुनर्ताजगि र अभिबृद्धि गर्न तालिमको आवश्यक रहने गर्दछ । समयसापेक्ष क्षमतालाई निखार्न विभिन्न प्रकारका तालिमहरु प्रदान गर्नुका साथसाथ कानून तर्जुमा, अध्ययन अनुसन्धान एवं व्यवसायिक सिपको लागि कर्मचारीहरुलाई लामो अवधिको तालिम (Long Term Training), छोटो अवधिको तालिम (Short Term Training), स्थलगत अनुसन्धान (Field Research), वैदेशिक अध्ययन तालिम (Study Tour in Abroad) जस्ता कार्यक्रमबाट कर्मचारीहरुको क्षमताको विकास गरी उनीहरुको मनोबल बृद्धि गर्नु पर्ने देखिन्छ।

### ६.३ भौतिक पूर्वाधार

आयोगको आफ्नै भवन नहुँदा सेमिनार कक्ष, बैठक कक्ष, पुस्तकालय, सूचना प्रविधि कक्ष, कर्मचारी बस्ने कोठा तथा प्रशिक्षार्थी कक्ष समेत व्यवस्थित गर्न सकिएको छैन । आयोगको काम कारबाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि उपयुक्त भवनको स्थायी व्यवस्था हुनु पर्ने आवश्यकता टड्कारो रुपमा खटकिएको छ ।

नेपाल कानून आयोग

## ६.४ कानून सम्बन्धी अध्ययन, अनुसन्धान र प्रकाशनको व्यवस्था

नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० को खण्ड (क) मा कानून तथा न्याय सम्बन्धी समसामयिक विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने काम उल्लेख गरिएको छ भने सोही दफाको खण्ड (ज) तथा दफा १७ मा कानून सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्न आयोगले विशेषज्ञको सेवा लिन सक्ने प्रावधान उल्लेख भए तापनि पर्याप्त बजेटको अभावमा यी विषयहरुमा प्रभावकारी रुपले कार्य गर्न सकिएको छैन । अतः आयोगलाई कानूनको विषयमा अध्ययन अनुसन्धान गर्न र विशेषज्ञ सेवा लिनको लागि पर्याप्त बजेट व्यवस्था हुनुपर्ने देखिन्छ।

नेपाल कानून आयोग

## अनुसूची—१

## नेपाल कानून आयोगमा वि.सं. २०१० सालदेखि हालसम्मका अध्यक्षको नामावली

१. वडाकाजी श्री मणिकलाल राजभण्डारी, चेयरम्यान, ल कमिशन (२०१०/०९/०६)

२. श्री विनोद प्रसाद धिताल, पदेन अध्यक्ष, कानून आयोग (२०२०/१०/०८)

३. श्री नयन बहादुर खत्री, अध्यक्ष, कानून आयोग (२०२९/२/२९)

४. श्री नयन बहादुर खत्री, अध्यक्ष, नेपाल कानून सुधार आयोग (२०३६/८/२३—२०४८/१०/०२)

५. श्री विश्वनाथ उपाध्यक्ष, अध्यक्ष, नेपाल कानून सुधार आयोग (२०४१/०८/०२)

६. श्री हरगोविन्द सिहं प्रधान, अध्यक्ष, नेपाल कानून सुधार आयोग (२०५२/१/१९ — २०५७/०१/१८)

७. श्री निरञ्जन थापा, अध्यक्ष, नेपाल कानून सुधार आयोग (२०५९/११/१६ — २०६२/०३/३१)

८. श्री बाबुराजा जोशी, अध्यक्ष, नेपाल कानून आयोग (२०६३/४/१५ — २०६८/४/१४)

९. श्री उमेश चन्द्र झा, अध्यक्ष, नेपाल कानून आयोग (२०६८/०९/१२ — २०७३/०३/०९)

१०. श्री माधव प्रसाद पौडेल, अध्यक्ष, नेपाल कानून आयोग (२०७३/०३/२६ — २०७८८/०३/२६)

११. श्री जागेश्वर सुवेदी, अध्यक्ष, नेपाल कानून आयोग (२०७८/०५/१० देखि)

नेपाल कानून आयोग

## अनुसूची—२

## <u>नेपाल कानून आयोगमा वि.सं.२०१० सालदेखि हालसम्मका उपाध्यक्षको नामावली</u>

१. श्री उदय नेपाली श्रेष्ठ (२०६०/०४/१९)

२. श्री हरिप्रसाद न्यौपाने (२०६३/०५/२६)

३. श्री प्रचण्डराज प्रधान (२०६८/०९/१२)


४. श्री भेषराज शर्मा (२०७२/१०/१३)

५. प्रा. डा. लक्ष्मीप्रसाद मैनाली (२०७७/१२/१२)

नेपाल कानून आयोग

## अनुसूची—३

## प्रशासनिक संगठन संरचना



## अनुसूची– ४

## कर्मचारीको दरबन्दी

| | | |
|---|---|---|
| १. | सचिव (विशिष्ट श्रेणी), नेपाल न्याय सेवा | १ जना |
| २. | सहसचिव (रा.प. प्रथम श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | २ जना |
| ३. | उपसचिव (रा.प. द्वितीय श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | २ जना |
| ४. | शाखा अधिकृत (रा.प. तृतीय श्रेणी), नेपाल न्याय सेवा, कानून समूह | ५ जना |
| ५. | लेखा अधिकृत (रा.प. तृतीय श्रेणी), नेपाल प्रशासन सेवा, लेखा समूह | १ जना |
| ६. | कम्प्यूटर इन्जिनियर (रा.प. तृतीय श्रेणी), नेपाल विविध सेवा | १ जना |
| ७. | नायव सुब्बा, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह | ३ जना |
| ८. | नायव सुब्बा, नेपाल न्याय सेवा, कानून समूह | ५ जना |
| ९. | कम्प्यूटर अप्रेटर, नेपाल विविध सेवा | १ जना |
| १०. | खरिदार, नेपाल न्याय सेवा, कानून समूह | ४ जना |
| ११. | हलुका सवारी चालक, इन्जिनियरिङ्ग सेवा | ३ जना |
| १२. | कार्यालय सहयोगी | ४ जना |
| १३. | स्वीपर | १ जना |

**कूल दरबन्दी** **३३ जना**

नेपाल कानून आयोग

## अनुसूची– ५

## <u>कार्यरत कर्मचारीको नामावली</u>

१. श्री लीला देवी गडतौला (निरौला) —सचिव

२. श्री अर्जुन खड्का —सह-सचिव

३. श्री लक्ष्मीप्रसाद गौतम —सह-सचिव

४. श्री जंग बहादुर डांगी —उप-सचिव

५. श्री निर्मला गुरुङ्ग —उप-सचिव

६. श्री समता शर्मा गेलाल —शाखा अधिकृत

७. श्री आयाम शर्मा —शाखा अधिकृत

८. श्री अमिता खनाल —शाखा अधिकृत

९. श्री रक्षा ज्ञवाली —शाखा अधिकृत

१०. श्री पदम विनोद पोखरेल —लेखा अधिकृत

११. श्री तील कुमारी अधिकारी —नायब सुब्बा

१२. श्री विरु रावत —नायब सुब्बा

१३. श्री संजिब गुरुङ्ग —नायब सुब्बा

१४. श्री चण्डेश्वरी प्रजापति —कम्प्यूटर अप्रेटर

१५. श्री वेद बहादुर घिमिरे —खरिदार

१६. श्री कृष्ण गोविन्द महर्जन —हलुका सवारी चालक

१७. श्री खिलप्रसाद दाहाल —हलुका सवारी चालक

१८. श्री बहादुर महर्जन —हलुका सवारी चालक

१९. श्री धन बहादुर क्षेत्री —हलुका सवारी चालक (सेवा करार)

नेपाल कानून आयोग

| | |
|---|---|
| २०. श्री राम प्रसाद राजबाहक | —हलुका सवारी चालक (सेवा करार) |
| २१.श्री मिठे राना | —कार्यालय सहयोगी |
| २२.श्री रामबहादुर रानामगर | —कार्यालय सहयोगी |
| २३.श्री दिलशोभा पोडे | —स्विपर |
| २४.श्री सविता राना | —कार्यालय सहयोगी (सेवा करार) |
| २५. श्री सृजना लम्साल | —कार्यालय सहयोगी (सेवा करार) |
| २६. श्री कर्ण बहादुर बस्नेत | —कार्यालय सहयोगी (सेवा करार) |

नेपाल कानून आयोग

## अनुसूची– ६

## आयोगको वर्तमान भौतिक अवस्थाको विवरण

| | | |
|---|---|---|
| (क) | आयोगको आफ्नो स्थायी भवन | — नभएको |
| (ख) | सवारी साधन विवरण | |
| | कार | — ६ वटा |
| | जीप | — २ वटा |
| | मोटरसाइकल | — ७ वटा |
| | स्कुटर | — ४ वटा |
| | इलेक्ट्रिक स्कुटर | — ३ वटा |
| (ग) | अन्य भौतिक स्रोत साधन | |
| | डेक्सटप कम्प्युटर | — २६ सेट |
| | प्रिन्टर | — १८ थान |
| | ल्यापटप कम्प्युटर | — २६ थान |
| | फ्याक्स | — २ थान |
| | फोटोकपी मेशिन | — २ थान |
| | क्यामरा | — १ थान |
| | प्रोजेक्टर | — २ थान |
| | मल्टिफङ्सन | — २ थान |
| | स्क्यानिङ मेसिन | — ६ थान |
| | टेलीभिजन | — १ थान |
| | माइक र स्पिकर | — १/१ थान |

नेपाल कानून आयोग

## अनुसूची- ७

## आयोगको वित्तीय विवरण

## २०७८ सालको असार महिनाको खर्चको फाँटवारी पूँजीगत

नेपाल कानुन आयोग

कार्यालय कोड नं.: ३११२१३५०१

खर्चको फाटवारी

असार महिनाको

म. ले. प. फा. न. २१०

नेपाल सरकार नेपाल कानून आयोग २०६३

**आर्थिक बर्ष:-** २०७७/७८
**बजेट उपशीर्षक :** नेपाल कानून आयोग[३११२१०११४]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२१ | 11.3.2.2-मोटरसाइकल खरिद १ थान | ५,७४६,०००.०० | ५,७४६,०००.०० | ४००,०००.०० | ५,३४६,०००.०० | ५,७४६,०००.०० | ०.०० | ५,७४६,०००.०० | ०.०० |
| ३११२२ | 11.3.7.1-कार्यालय संचालनसंग सम्बन्धी यन्त्र,उपकरण तथा मेशीन औजार(सवारी साधन तथा मेशिनरी औजार) | ३००,०००.०० | २९९,९६५.०० | २९९,९६५.०० | ०.०० | २९९,९६५.०० | ०.०० | २९९,९६५.०० | ३५.०० |
| ३११२३ | 11.6.13.1-कार्यालयको लागि फर्निचर फिक्चर्स | ३००,०००.०० | २९९,७४४.०० | २८९,३४८.०० | १०,३९६.०० | २९९,७४४.०० | ०.०० | २९९,७४४.०० | २५६.०० |
| | कुल जम्मा | ६,३४६,०००.०० | ६,३४५,७०९.०० | ९८९,३१३.०० | ५,३५६,३९६.०० | ६,३४५,७०९.०० | ०.०० | ६,३४५,७०९.०० | २९१.०० |

अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )

तयार गर्नेको दस्तखत:
नाम:
दर्जा:
मिति:

लेखा अधिकृत

प्रमाणित गर्नेको दस्तखत:
नाम:
दर्जा:
मिति:

उप-सचिव

# २०७८ सालको असार महिनाको खर्चको फाँटवारी चालु

नेपाल कानुन आयोग

कार्यालय कोड नं.: ३११२१३५०१

खर्चको फाटवारी

असार महिनाको

नेपाल सरकार नेपाल कानून आयोग २०६३

म. ले. प. फा. न. २१०

**आर्थिक वर्ष:-** २०७७/७८
**बजेट उपशीर्षक :** नेपाल कानून आयोग[३११२१०११३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १६,१००,०००.०० | ११,४१४,२७८.०६ | १०,६२१,९२५.१६ | ७९२,३५२.९० | ११,४१४,२७८.०६ | ०.०० | ११,४१४,२७८.०६ | ४,६८५,७२१.९४ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | २,६००,०००.०० | २,३०२,२१२.०० | २,५७९,५२७.४० | -२७७,३१५.४० | २,३०२,२१२.०० | ०.०० | २,३०२,२१२.०० | २९७,७८८.०० |
| २११२१ | पोशाक | ३००,०००.०० | २५०,०००.०० | २५०,०००.०० | ०.०० | २५०,०००.०० | ०.०० | २५०,०००.०० | ५०,०००.०० |
| २११३२ | महंगी भत्ता | ८००,०००.०० | ४२४,०००.०० | -८४,०००.०० | ५०८,०००.०० | ४२४,०००.०० | ०.०० | ४२४,०००.०० | ३७६,०००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १००,०००.०० | २३,२५०.०० | २७,५००.०० | -४,२५०.०० | २३,२५०.०० | ०.०० | २३,२५०.०० | ७६,७५०.०० |
| २११३९ | अन्य भत्ता | १००,०००.०० | १३,८००.०० | ९,१५०.०० | ४,६५०.०० | १३,८००.०० | ०.०० | १३,८००.०० | ८६,२००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २००,०००.०० | १०९,१९०.०० | ४३,३१५.०० | ६५,८७५.०० | १०९,१९०.०० | ०.०० | १०९,१९०.०० | ९०,८१०.०० |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | २००,०००.०० | ३१,०४४.०० | २५,६००.०० | ५,४४४.०० | ३१,०४४.०० | ०.०० | ३१,०४४.०० | १६८,९५६.०० |
| २११४९ | पदाधिकारी अन्य भत्ता | २००,०००.०० | १७२,१९६.०० | १२०,३३२.०० | ५१,८६४.०० | १७२,१९६.०० | ०.०० | १७२,१९६.०० | २७,८०४.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २००,०००.०० | २२,०००.०० | १४,८००.०० | ७,२००.०० | २२,०००.०० | ०.०० | २२,०००.०० | १७८,०००.०० |
| २२१११ | पानी तथा बिजुली | ४००,०००.०० | २७६,५९३.०० | २३५,६१२.०० | ४०,९८१.०० | २७६,५९३.०० | ०.०० | २७६,५९३.०० | १२३,४०७.०० |
| २२११२ | संवार महसुल | ४००,०००.०० | ३९९,७७०.०० | ३६०,०२०.०० | ३९,७५०.०० | ३९९,७७०.०० | ०.०० | ३९९,७७०.०० | २३०.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | ३००,०००.०० | ३००,०००.०० | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ५००,०००.०० | ४९२,६८०.०० | ४५६,४२०.०० | ३६,२६०.०० | ४९२,६८०.०० | ०.०० | ४९२,६८०.०० | ७,३२०.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १,३४५,०००.०० | १,३२९,२१६.०० | १,२०५,४५६.०० | १२३,७६०.०० | १,३२९,२१६.०० | ०.०० | १,३२९,२१६.०० | १५,७८४.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | २६०,०००.०० | २५८,३१३.०० | २५८,३१३.०० | ०.०० | २५८,३१३.०० | ०.०० | २५८,३१३.०० | १,६८७.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३००,०००.०० | २९८,३६०.०० | २६६,८३३.०० | ३१,५२७.०० | २९८,३६०.०० | ०.०० | २९८,३६०.०० | १,६४०.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ८००,०००.०० | ७९९,९३०.०० | ७६७,९३०.०० | ३२,०००.०० | ७९९,९३०.०० | ०.०० | ७९९,९३०.०० | ७०.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २००,०००.०० | १९३,८६१.०० | ८४,५३३.०० | १०९,३२८.०० | १९३,८६१.०० | ०.०० | १९३,८६१.०० | ६,१३९.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १००,०००.०० | १००,०००.०० | ४९,०४८.०० | ५०,९५२.०० | १००,०००.०० | ०.०० | १००,०००.०० | ०.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४००,०००.०० | १०५,२४८.०० | २०,०१०.०० | ८५,२३८.०० | १०५,२४८.०० | ०.०० | १०५,२४८.०० | २९४,७५२.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | ०.०० | १००,०००.०० | ०.०० | १००,०००.०० | ०.०० |
| २२४१३ | करार सेवा शुल्क | ७००,०००.०० | ५७६,५५५.०० | ८१७,०५२.०० | -२४०,४९७.०० | ५७६,५५५.०० | ०.०० | ५७६,५५५.०० | १२३,४४५.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | १००,०००.०० | ५६,४००.०० | ५६,४००.०० | ०.०० | ५६,४००.०० | ०.०० | ५६,४००.०० | ४३,६००.०० |
| २२५२२ | कार्यक्रम खर्च | ८,१००,०००.०० | ७,२०७,४६०.०० | ६,३०८,२४२.०० | ८९९,२१८.०० | ७,२०७,४६०.०० | ०.०० | ७,२०७,४६०.०० | ८९२,५४०.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३००,०००.०० | १८२,९७७.०० | १८२,९७७.०० | ०.०० | १८२,९७७.०० | ०.०० | १८२,९७७.०० | ११७,०२३.०० |
| २२६१२ | भ्रमण खर्च | १००,०००.०० | ४,८००.०० | ४,८००.०० | ०.०० | ४,८००.०० | ०.०० | ४,८००.०० | ९५,२००.०० |
| २२७११ | विविध खर्च | ६००,०००.०० | ५९९,९२५.९७ | ४९५,४२५.९७ | १०४,५००.०० | ५९९,९२५.९७ | ०.०० | ५९९,९२५.९७ | ७४.०३ |
| २८१४२ | घर भाडा | ३,०००,०००.०० | २,७६५,४९३.०० | २,०३९,९९४.०० | ७२५,४९९.०० | २,७६५,४९३.०० | ०.०० | २,७६५,४९३.०० | २३४,५०७.०० |
| | कुल जम्मा | ३८,९०५,०००.०० | ३०,८०९,५५२.०३ | २७,६१७,२१५.५३ | ३,१९२,३३६.५० | ३०,८०९,५५२.०३ | ०.०० | ३०,८०९,५५२.०३ | ८,०९५,४४७.९७ |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

लेखा अधिकृत

उप सचिव

नेपाल सरकार नेपाल कानून आयोग २०६३

तयार गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

लेखा अधिकृत

प्रमाणित गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

उप सचिव

# अनुसूची- ८

नेपाल सरकार

# नेपाल कानून आयोग

## आ.व.२०७७/०७८ को वार्षिक कार्यक्रम

| क्र.सं. | विवरण | क्रियाकलाप | बजेट (हजारमा) | चौमासिक प्रथम | द्वितीय | तृतीय | जम्मा | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विधेयक तर्जुमा | | १२८० | १ | २ | १ | ४ | | |
| | क. आयोगले आवश्यक ठानेको विषयमा विधेयक तर्जुमा | • संविधान कार्यान्वयन गर्न आवश्यक विधेयक तर्जुमा<br>• संघीयता कार्यान्वयन सम्बन्धी विधेयक तर्जुमा<br>• अन्य विषयमा आवश्यक विधेयक तर्जुमा | | | | | | • नेपालको संविधान लागू भएपछि शासकीय स्वरुपमा परिवर्तन भएका विषयहरु सम्बोधन गरी संविधानको कार्यान्वयन गर्नुपर्ने भएकोले<br>• अन्य समसामयिक विषयमा विधेयक तर्जुमा गर्नु पर्ने भएकोले<br>• अन्य निकायबाट अनुरोध भई आए बमोजिम विधेयक तर्जुमा गर्नुपर्ने भएकोले | स्रोतको उपलव्धता र आवश्यकताका आधारमा थप विधेयक तर्जुमा गर्ने लक्ष्य लिइएको छ । |
| | ख. अन्य निकायबाट आयोगलाई अनुरोध भई आएको विषयमा विधयक तर्जुमा | | | | | | | | |
| | ग. अन्य समसामयिक विषयमा विधेयक तर्जुमा | | | | | | | | |
| २ | वेवसाईट व्यवस्थापन | | ८०० | | | | | | |
| | क. आयोगको वेवसाईट अद्यावधिक गर्ने कार्य | • मौजुदा कानूनमा भएका संशोधन अद्यावधिक गर्ने<br>• नयाँ कानूनहरु अद्यावधिक गर्ने | | | | | | • सूचना प्रविधिको माध्यमबाट सर्वसाधारणलाई कानूनको जानकारी प्रदान गर्न | |

नेपाल कानून आयोग

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • मौजुदा कानूनको अंग्रेजी अनुवाद र अन्तर्राष्ट्रिय कानूनी दस्तावेजको नेपाली अनुवाद अद्यावधिक गर्ने<br>• विभिन्न कानूनी दस्तावेजहरु वेवसाईटमा राख्ने | | | | | | | |
| | ख. अनुवाद | • नेपाल कानूनलाई अंग्रेजीमा अनुवाद गर्ने<br>• अन्तर्राष्ट्रिय कानूनी दस्तावेजलाई नेपालीमा अनुवाद गर्ने<br>• विभिन्न कानूनी दस्तावेजलाई आवश्यकतानुसार अनुवाद गर्ने | | | | | | • अन्तर्राष्ट्रिय स्तरमा नेपाली कानूनको जानकारी प्रदान गर्न<br>• विभिन्न अन्तर्राष्ट्रिय कानूनी दस्तावेजलाई नेपालीमा उपलव्ध गराउन | |
| ३ | अन्तर्क्रिया/गोष्ठी | | ७०० | २ | ३ | २ | ७ | | |
| | क. Legal Dissemination Program | नयाँ तथा महत्वपूर्ण कानून तथा ती कानूनमा अन्तरनिहित प्रावधानहरुको वारेमा जानकारी प्रदान तथा प्रचारप्रसार गर्ने | | १ | २ | १ | ४ | • कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानूनी मान्यतालाई कार्यान्वयन गर्न<br>• कानूनमा व्यवस्था गरिएका महत्वपूर्ण, जटिल तथा नयाँ प्रावधानको वारेमा सर्वसाधारणलाई जानकारी दिन | |
| | ख. गोष्ठी/अन्तर्क्रिया | • आयोगबाट तर्जुमा गरिने/ भएका विधेयकहरुका सम्बन्धमा सरोकारवाला एवम् विज्ञहरुसँग छलफल तथा अन्तर्क्रिया गरी राय सुझाव संकलन गर्ने | | १ | १ | १ | ३ | • तर्जुमाको क्रममा रहेका वा तर्जुमा गर्नुपर्ने विषयका सम्बन्धमा सरोकारवाला तथा सम्बन्धित विषयका विज्ञहरुसँग राय सल्लाह एवम् सुझाव | |

नेपाल कानून आयोग

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • आयोगको वार्षिक कार्यक्रमको समिक्षा तथा निर्माण सम्बन्धमा छलफल तथा अन्तर्क्रिया गर्ने | | | | | | संकलन गर्न<br>• संकलित राय सुझावलाई पृष्ठपोषणका रुपमा ग्रहण गरी मसौदा तर्जुमा गर्ने वा आवश्यक परिमार्जन गर्न<br>• आयोगले वर्ष भरी गरेका काम कारबाहीको समिक्षा एवम् विश्लेषण गर्दै आगामी कार्यक्रम थप प्रभावकारी वनाउन छलफल तथा अन्तर्क्रिया गर्न | |
| ४ | अध्ययन अनुसन्धान | | २०० | १ | | | १ | | |
| | अध्ययन अनुसन्धान गर्ने/ गराउने | • कुनै विषयका सम्बन्धमा अध्ययन अनुसन्धान गरी Research Paper तयार गर्ने<br>• कानून निर्माण गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेशहरुको अध्ययन गर्ने<br>• नेपाल सरकारबाट अनुरोध भए वमोजिम विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने | | | | | | • नेपाल कानून आयोग ऐन, २०६३ को दफा १० वमोजिम कानून तथा न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धान गर्न<br>• तर्जुमाको क्रममा रहेका कानूनको वारेमा अवधारणा स्पष्ट गर्न<br>• सम्बन्धित विषयमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको विश्लेषण गरी कानून तर्जुमा कार्यमा सहजिकरण गर्न<br>• समय परिस्थिति एवं राष्ट्रिय | |

नेपाल कानून आयोग

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | तथा अन्तर्राष्ट्रिय परिवेशका आधारमा कस्तो कानून वनाउन उपयुक्त हुन्छ सो को विश्लेषण गर्न | |
| ५ | अवधारणापत्र तयार गर्ने | | १५० | ४ | ४ | २ | १० | | |
| | | • आयोगले आवश्यक ठानेको कुनै पनि विषयमा कानून तर्जुमा गर्नका लागि अध्ययन गरी अवधारणापत्र तयार गर्ने<br>• मौजुदा कानूनको पुनरावलोकन गर्न अध्ययन तथा अनुसन्धान गरी अवधारणापत्र तयार गर्ने | | | | | | कानून तर्जुमा गर्नु पूर्व संक्षिप्त अवधारणा पत्र तयार गर्दा कानूनको मसौदा गर्न सहज हुने | |
| ६ | प्रशिक्षार्थी सेवा लिने | • प्रशिक्षार्थीहरुलाई आयोगको काम कारबाहीमा संलग्न गराउने<br>• प्रशिक्षार्थीहरुको माध्यमबाट विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्ने गराउने | २२० | | | | ८ जना | • कानून विषयमा अध्ययनरत विद्यार्थीलाई आयोगले गर्दै आइरहेको कामकारवाहीका वारेमा जानकारी दिन<br>• आयोगको काम कारवाहीमा संलग्न गराई कानून तर्जुमाको व्यवहारिक ज्ञान दिन<br>• प्रशिक्षार्थीहरुको ज्ञानको उपयोग गर्न | |
| ७ | कानूनको खारेजी, परिमार्जन, संशोधन र एकीकरण गर्ने सम्बन्धमा अध्ययन | • संविधान अनुकूल कानूनको पुनरावलोकन गर्ने सम्बन्धमा परिमार्जन, खारेजी र एकीकरण | २०० | १ | | | १ | विद्यमान कानूनमा रहेका कमी कमजोरी औंल्याउने र खारेजी, परिमार्जन, संशोधन तथा | |

नेपाल कानून आयोग

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गर्न अध्ययन गर्ने<br>• समय अनुकूल कानूनको निर्माण/परिमार्जन/खारेजी/ एकीकरण गर्ने विषयमा अध्ययन गरी सुझाव पेश गर्ने | | | | | | एकीकरणका लागि अध्ययन गरी नेपाल सरकार समक्ष सुझाव दिने | |
| ८ | आयोगको APPs अद्यावधिक | मोवाइल, ट्याव वा ग्याजेटमा चल्ने आयोगको आधिकारिक APPs मा ऐन, कानूनहरुलाई अद्यावधिक राख्ने | ५०० | | | | | समय र प्रविधि अनुकूल संविधान, ऐन, नियम आदिमा सर्वसाधारणको सहज र आधिकारिक पहुँच सुनिश्चित गर्न | |
| ९ | कानूनी शव्दकोष (Legal Glossary) निर्माण | आधिकारिक कानूनी शव्दावली (Legal Maxim) तयार गरी प्रकाशन गर्ने | ६५० | | | | | आधिकारिक कानूनी शव्दावली (Legal Maxim) को प्रकाशनबाट विद्यमान कानून एवं कानूनमा प्रयुक्त शव्दावलीलाई सरलतापूर्वक बुझ्न, कानूनी व्याख्या गर्न सहज हुने | |

नेपाल कानून आयोग

# अनुसूची– ९

## आर्थिक वर्ष २०७७/७८ मा आयोगबाट तयार भई सम्बन्धित मन्त्रालयमा पठाइएको विधेयकको सूची

### (१) तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** तेजाब तथा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसार पसार, प्रयोग, बिक्री वितरण तथा त्यस्तो पदार्थको विसर्जन गर्ने कार्यलाई नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र अन्य जैविक वा गैरजैविक वस्तुलाई पर्ने प्रतिकूल प्रभावलाई निवारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अनुमतिपत्र" भन्नाले दफा ३ बमोजिम जारी गरिएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले अनुमतिपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र जारी गर्ने अधिकारी" भन्नाले दफा ४ बमोजिमको अधिकारी सम्झनु पर्छ ।

(घ) "उत्पादन" भन्नाले तेजाब वा अन्य घातक रासायनिक पदार्थको कुनै तरिकाले उत्पादन, प्रशोधन, संश्लेषण वा सृजना गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्ता पदार्थको प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्ने कार्यलाई समेत जनाउँछ ।

(ङ) "घातक रासायनिक पदार्थ" भन्नाले तेजाब बाहेक मानव अंग, जीवजन्तु वा जैविक वा गैरजैविक वस्तुलाई गंभीर हानि, नोक्सानी

नेपाल कानून आयोग

वा क्षति पुर्‍याउन सक्ने नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य रासायनिक पदार्थ सम्झनु पर्छ ।

(च) "तेजाब" भन्नाले मानव अंग, जीवजन्तु वा अन्य जैविक वा गैरजैविक वस्तुलाई जलाउने (बर्न), घातके क्षति पुर्‍याउने (कोरोसिभ) वा अन्य कुनै किसिमले गंभिर असर पुर्‍याउने अकारबोनिक तेजाव (इनअर्गानिक एसिड) जन्य रासायनिक पदार्थ सम्झनु पर्छ र सो शब्दले नाइट्रिक एसिड, सल्फरिक एसिड र हाइड्रोक्लोरिक एसिड तथा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको तेजाबजन्य अन्य घातक तथा ज्वलनशील रासायनिक पदार्थ समेतलाई जनाउछ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा १५ बमोजिमको तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियन्त्रण राष्ट्रिय अनुगमन समिति सम्झनु पर्छ ।

## परिच्छेद–२

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. **अनुमतिपत्र लिनु पर्नेः** (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्रि वितरण गर्न चाहने व्यक्ति तथा त्यस्तो पदार्थको तोकिएको भन्दा बढी परिमाणमा प्रयोग गर्ने व्यक्तिले यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त गर्न चाहने व्यक्तिले देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र जारी गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछः–

(क) अनुमतिपत्र प्राप्त गर्न चाहने व्यक्तिको नाम, ठेगाना तथा सम्पर्क नम्बर,

(ख) अनुमतिपत्र प्राप्त गर्न चाहने व्यक्तिको राष्ट्रिय परिचयपत्र वा नागरिकता वा राहदानीको प्रतिलिपि,

(ग) कानून बमोजिम स्थापित उद्योग, व्यवसाय, फर्म वा कम्पनी दर्ताको प्रमाण र पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाण,

(घ) अनुमतिपत्र प्राप्त गर्न चाहेका तेजाब वा अन्य घातक रासायनिक पदार्थको नाम,

(ङ) अनुमतिपत्र बमोजिम निकासी वा पैठारी गर्ने मुलुक, उत्पादन वा विक्री वितरण गर्ने भए उत्पादन वा विक्री वितरण गर्ने ठाँउ,

(च) तेजाब वा अन्य घातक रासायनिक पदार्थको समिश्रण, मात्रा लगायतको प्राविधिक विवरण (स्पेशिफिकेशन),

(छ) तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन गर्ने भएमा त्यसको अनुमानित परिमाण, स्तर र प्रकार तथा त्यसको लागि आवश्यक पूर्वाधार पूरा गरेको विवरण,

(ज) तेजाब वा अन्य घातक रासायनिक पदार्थको पैठारी गर्ने भए त्यसको प्रयोजन र प्रयोग हुने क्षेत्र,

(झ) उत्पादन, निकासी वा पैठारी गर्ने भए सम्वन्धित मन्त्रालयको सिफारिसपत्र,

(ञ) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि घरायसी प्रयोजनको लागि प्रयोग हुने तोकिएको परिणाम सम्मको तेजाबको खुद्रा बिक्रि गर्ने अनुमतिपत्र लिनको लागि सो उपदफाको खण्ड (घ), (ङ), (च), (छ), (ज) र (ञ) बमोजिमको विवरण तथा कागजात आवश्यक पर्ने छैन ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर आवश्यक छानबिन गर्दा तोकिएका शर्त पूरा भएको पाइएमा दफा ४ बमोजिमको अधिकारीले निवेदकलाई तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसार पसार वा बिक्रि वितरण गर्न त्यस्तो कार्यगर्दा पालना गर्नु पर्ने शर्त उल्लेख गरी निवेदन दिएको पन्ध्र दिन भित्र तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त गर्नका लागि लाग्ने दस्तुर तथा अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **<u>अनुमतिपत्र जारी गर्ने अधिकारीः</u>** (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्रि वितरणको लागि देहायको अधिकारीले देहायको अनुमतिपत्र जारी गर्न सक्नेछः

(क) उत्पादन, पैठारी, निकासी वा भण्डारणको लागि भए गृह मन्त्रालय,

(ख) बिक्रि वितरणको लागि भए सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालय वा अन्तर्गतको अधिकृत ।

(२) उपदफा (१) बमोजिम प्राप्त गरेको अनुमतिपत्र कार्यान्वयन गर्दा तेजाव वा अन्य घातक रासायनिक पदार्थको ओसार पसार गर्नु पर्ने रहेछ भने सो प्रयोजनका लागि भण्डारण गर्न र अनुमति प्राप्त व्यक्तिले पैठारी, निकासी, भण्डारण वा विक्री वितरण गर्ने ठाँउसम्म ओसारपसार गर्न सक्नेछ ।

५. **<u>औद्योगिक प्रयोजनका लागि मात्र अनुमति दिन सकिने</u>:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका खास किसिमका तेजाब वा अन्य घातक रासायनिक पदार्थ औद्योगिक प्रयोजनका लागि सम्बन्धित उद्योगलाई मात्र अनुमतिपत्र दिने व्यवस्था गर्न सकिनेछ ।

६. **<u>अनुमतिपत्रको मान्य अवधि तथा नवीकरण</u>:** (१) अनुमतिपत्रको मान्य अवधि पाँच वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि समाप्त हुनुभन्दा पैंतीस दिन अगावै अनुमतिपत्र नवीकरणको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो अनुमतिपत्र जारी गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र निवेदन दिन नसक्ने अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (२) बमोजिमको अवधि समाप्त भएको मितिले पैतीस दिनभित्र दोब्बर दस्तुर सहित अनुमतिपत्र नवीकरणको लागि अनुमतिपत्र जारी गर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम प्राप्त निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी तोकिएको अधिकारीले अर्को पाँच वर्षको लागि अनुमतिपत्रको नवीकरण गरिदिन सक्नेछ ।

(५) अनुमतिपत्र नवीकरण गर्नको लागि दिईने निवेदनको ढाँचा, नवीकरणको लागि लाग्ने दस्तुर तथा अनुमतिपत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **<u>अनुमतिपत्र रद्द हुने</u>:** (१) दफा ६ बमोजिम अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(२) देहायको अवस्थामा अनुमतिपत्र जारी गर्ने अधिकारीले अनुमतिपत्र रद्द गर्न सक्नेछः–

(क) अनुमतिपत्र प्राप्त गर्नको लागि पेश भएको कागजात वा विवरण झुट्टा देखिएमा,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन तथा यस ऐन अन्तगत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने शर्तको उल्लङ्घन गरेमा,

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्र रद्द गराउनको लागि निवेदन दिएमा, वा

(घ) अनुमतिपत्रमा उल्लिखित शर्तको उल्लङ्घन गरेको कारण यस ऐन बमोजिम सजाय पाएमा ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र रद्द गर्नुअघि अनुमतिपत्र जारी गर्ने अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई पन्ध्र दिनको समय दिई अनुमतिपत्र रद्द गर्नु नपर्ने कुनै मनासिब आधार र कारण भए सो पेश गर्नका लागि मौका दिनु पर्नेछ ।

तर उपदफा (२) को खण्ड (ग) बमोजिम अनुमतिपत्र रद्द गराउन निवेदन दिएकोमा त्यस्तो मौका दिईरहनु पर्ने छैन ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र कुनै जवाफ प्राप्त नभएमा वा प्राप्त भएको जवाफको आधार र कारण मनासिब नदेखिएमा अनुमतिपत्र जारी गर्ने अधिकारीले अनुमतिपत्र रद्द गर्ने निर्णय गरी सोको जानकारी सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अनुमतिपत्र रद्द गर्ने निर्णयमा चित्त नबुझेमा सम्बन्धित व्यक्तिले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र समिति समक्ष उजुरी दिन सक्नेछ र त्यस्तो उजुरीमा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(६) उपदफा (३) बमोजिम कुनै अनुमतिपत्र खारेजीको प्रक्रिया प्रारम्भ भई उपदफा (४) बमोजिमको निर्णय नभएसम्मको अवधिमा त्यस्तो अनुमतिपत्र स्वतः निलम्बन भएको मानिनेछ ।

## परिच्छेद–३

## अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरु

८. **अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरु:** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसार पसार, प्याकिङ्ग वा पुनः प्याकिङ्ग गर्दा देहाय बमोजिमका शर्तहरुको पालना गर्नु पर्नेछ:

(क) उत्पादन, भण्डार, ओसार पसार तथा प्याकिङ्ग, पुनः प्याकिङ्ग सम्बन्धमा तोकिए बमोजिमका प्राविधिक शर्त र मापदण्ड पूरा गर्नु पर्ने,

(ख) उत्पादन गर्दा ओसार पसार वा भण्डारको क्रममा टुटफुट नहुने, चुहावट नहुने र राखिएको भाँडोबाट बाहिर नआउने गरी सुरक्षित र उपयुक्त बोत्तल, कन्टेनर वा प्याकेटमा बन्दी गरी प्याकेजिङ गर्नु पर्ने,

(ग) उत्पादन गर्दा विक्री गरिने भाडो, कन्टेनर, प्याकेटमा प्रयोग विधि उल्लेख गर्ने,

(घ) खुद्रा बिक्रि वितरण गर्दा विक्री गरिने भाडो, कन्टेनर वा प्याकेट तोकिए बमोजिमको गुणस्तर र आकारमा हुनु पर्ने,

(ङ) खुद्रा रुपमा घरायसी प्रयोजनको लागि प्रयोग हुने तेजाबको तोकिएको परिमाण भन्दा बढी परिमाणमा प्याकेटमा राख्न वा सिलबन्दी नगरी बोटलिङ गर्न नहुने तथा तेजाब वा घातक रासायनिक पदार्थ खुद्रा विक्री गर्दा यस ऐन बमोजिमको मापदण्ड पूरा गर्नुपर्ने,

(च) भाँडोमा सजिलै खोल्न नसकिने गरी सुरक्षित तवरले शिलबन्दी गर्नु पर्ने,

(छ) तोकिएको भन्दा बढी परिमाणमा तथा खुल्ला वा शिलबन्दी खोलेर खुद्रा बिक्रि नगर्ने,

(ज) आफूले उत्पादन, निकासी पैठारी, विक्रि वितरण गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको मौज्दात तथा क्रेताको विवरण र परिमाण र प्रकार खुल्ने गरी अभिलेख राख्ने,

(झ) तेजाब वा अन्य घातक रासायनिक पदार्थको खरिद, बिक्रि तथा तत् सम्बन्धी कागजात र अभिलेख अद्यावधिक राख्ने,

(ञ) तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्राविधिक विवरण खुल्ने गरी कागजात राख्नु पर्ने,

(ट) कुनै तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी पैठारी तथा ओसार पसार र विक्रि गर्दा प्रचलित कानूनबाट पालना गर्नु पर्ने गरी कुनै शर्त निर्धारण गरेकोमा त्यस्तो शर्तको पालना गर्ने,

(ठ) औद्योगिक प्रयोजनका लागि प्राप्त गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थ भए जुन प्रयोजको लागि अनुमति प्राप्त गरेको हो सोही प्रयोजनमा प्रयोग गर्ने,

(ड) तोकिए बमोजिमका अन्य शर्तहरु ।

(२) उपदफा (१) बमोजिमका शर्तको अतिरिक्त तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी पैठारी तथा ओसार पसार र विक्रिको लागि फरक–फरक शर्त तोक्न सकिनेछ ।

(३) तोकिएको खास किसिमका तेजाब वा अन्य घातक रासायनिक पदार्थको तोकिएको परिमाण भन्दा बढी परिमाणमा ढुवानी गर्दा सुरक्षा निकायसँग समन्वय गरी सुरक्षाका साथ ढुवानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) तेजाब वा अन्य घातक रासायनिक पदार्थको भण्डारण गर्दा आग लागि हुनबाट वा विष्फोट हुनबाट जोगाउन प्राविधिक रुपले आवश्यक पर्ने सुरक्षा व्यवस्थाको पालना गरी उपयुक्त र सुरक्षित रुपमा भण्डारण गर्नु पर्नेछ ।

(५) तेजाब वा अन्य घातक रासायनिक पदार्थ राखिएको बोत्तल, कन्टेनर वा प्याकेटको आकार प्रकार तथा रंग आम रुपमा प्रयोग गरिने पिउने पानी, दुध तथा दुधजन्य पदार्थ, हल्का पेय पदार्थ, मदिराजन्य पदार्थको लागि प्रयोग गरिने आकार र प्रकारको भाँडा, वोतल वा प्याकमा रहन नहुने र त्यस्तो पदार्थ जस्तो देखिने गरी प्याकिङ्ग गर्न सकिने छैन ।

९ <u>**चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नु पर्नेः**</u> (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादकले त्यस्तो पदार्थको बट्टा, प्याकेट वा बोत्तलको प्याकेजिङ्ग र लेबुलको बाहिरी भागमा खतराको सूचना जनाउने गरी समितिले निर्धारण गरे बमोजिमको चेतावनीमूलक सन्देश र खतरा जनाउने चित्र प्रष्ट रुपमा देख्ने र बुझ्ने गरी नेपाली भाषामा अङ्कित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड पूरा नभएको तेजाब वा अन्य घातक रासायनिक पदार्थको बिक्रि वितरण गर्न सकिने छैन ।

१०. <u>**विवरण पेश गर्नु पर्नेः**</u> (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले उत्पादन, पैठारी वा निकासी गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको तोकिए बमोजिमको विवरण प्रत्येक छ महिनामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत वा सोझै अनुमतिपत्र जारी गर्ने अधिकारी समक्ष पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन पेश नगरेमा अनुमतिपत्र दिने अधिकारीले पाँच हजारदेखि बीस हजार रुपैयाँसम्म जरिवाना गर्नेछ ।

११. **बिक्री वितरण तथा प्रदर्शनमा बन्देज:** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा अन्य कुनै विक्रेताले अठार वर्ष उमेर पूरा नभएको व्यक्तिलाई तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क वितरण गर्न वा गराउन सक्ने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि विक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र त्यसरी माग गरेको प्रमाण देखाउन इन्कार गर्ने वा नदेखाउने व्यक्तिलाई तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरण गर्न सकिने छैन ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको बट्टा, प्याकेट वा बोत्तल सिलबन्दी वा बन्दी रुपमा बिक्रि गर्नु पर्नेछ र त्यसलाई फोडी वा खोली खुल्ला रुपमा वा अर्को वट्टा वा भाँडोमा खन्याई वा राखी वा अन्य कुनै प्रकारले उत्पादन गर्दा प्याकेजिङ गरिएको भन्दा फरक रुपमा बिक्रि गर्न सकिने छैन ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले बिक्रि स्थलमा तेजाब वा अन्य घातक रासायनिक पदार्थ विक्रिको लागि राख्दा खरिद कर्ता वा अन्य व्यक्तिको सहज पहुँच नहुने गरी तथा त्यस्तो पदार्थको विशेष संरक्षण गरी राख्नु पर्नेछ ।

१२. **विक्रिको अभिलेख राख्नु पर्ने:** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको विक्रि गर्दा खरिदकर्ताको नाम, थर ठेगाना, सम्पर्क नम्बर, मिति खरिद गरेको त्यस्तो पदार्थको नाम तथा परिमाण र प्रयोजन खुलाई तोकिए बमोजिमको ढाँचामा बिक्रिको अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा तोकिएको परिमाण भन्दा बढी तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्रयोग हुने प्रयोगशाला, अनुसन्धानशाला, शैक्षिक संस्था, कार्यशाला, वर्कशप वा धातुका गहना बनाउने फर्म, कम्पनी वा व्यक्तिको प्रयोजनको लागि त्यस्तो पदार्थ बिक्रि गर्दा सम्बन्धित प्रयोगशाला वा शैक्षिक संस्था वा त्यस्तो फर्म, कम्पनी वा व्यक्तिको पत्रको आधारमा सो उपदफा बमोजिम अभिलेख राखी बिक्रि गर्नु पर्नेछ ।

(३) उदफा (२) बमोजिमका अनुसन्धानशाला, प्रयोगशाला, शैक्षिक संस्था, व्यक्ति, फर्म वा कम्पनीले तेजाब वा अन्य घातक रासायानिक पदार्थको दुरुपयोग नहुने र त्यस्तो अनुसन्धानशाला, प्रयोगशाला, संस्था, फर्म वा कम्पनीमा कार्यरत कुनै पनि व्यक्ति जोखिममा नपर्ने गरी भण्डारण गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमका अनुसन्धानशाला, प्रयोगशाला वा संस्थाले तेजाब वा अन्य घातक रासायानिक पदार्थको प्रयोग भएको परिमाणको अभिलेख राख्नु पर्नेछ ।

(५) यस दफा बमोजिमको बिक्रिको अभिलेख विक्रि भएको मितिले एक वर्षसम्म राख्नु पर्नेछ ।

(६) यस दफा बमोजिमको अभिलेख, राख्नु पर्ने विवरण नराखेको पाइएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले दश हजार रुपैयाँसम्म जरिवाना गर्नेछ ।

१३. **पैठारी गर्नु अघि स्वीकृति लिनु पर्ने**: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गर्नु अघि देहायको विवरण खुलाई स्वीकृतिको लागि मन्त्रालयमा निवेदन दिनु पर्नेछः–

(क) पैठारीकर्ताको नाम, ठेगाना तथा सम्पर्क नम्बर,

(ख) पैठारीकर्ताको अनुमतिपत्र नम्बर र बहाल रहने अवधि

(ग) पैठारी गर्न चाहेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको विवरण र परिमाण,

(घ) पैठारीको प्रयोजन,

(ङ) पैठारी हुने नाका वा भन्सार विन्दु ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले सात दिनभित्र समितिले निवेदकलाई तोकिए बमोजिमको ढाँचामा स्वीकृति दिनेछ ।

(३) मन्त्रालयले यस दफा बमोजिम स्वीकृति प्राप्तको लागि निवेदन दिने तथा स्वीकृति दिने व्यवस्था विद्युतिय माध्यमबाट समेत गर्न सकिने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

१४. **तेजाव वा अन्य घातक रासायनिक पदार्थको नष्ट वा विसर्जन गर्ने:** (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थको नष्ट गर्दा वा विसर्जन गर्दा मानव, पशुपन्छी, जलचर, बोट बिरुवा वा अन्य जैविक वा गैरजैविक वस्तु तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ ।

(२) तेजाब वा अन्य घातक रासायनिक पदार्थको फोहोर तथा सोको कन्टेनर नष्ट गर्नु पर्दा त्यस्तो पदार्थको प्रकृतिका आधारमा छुट्टाछुट्टै विसर्जन गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनबमोजिम अनुमतिपत्र लिनु पर्ने कुनै तेजाब वा अन्य घातक रासायनिक पदार्थजन्य फोहोरको विर्जन वा नष्ट गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

## परिच्छेद–४

## समिति तथा उपसमिति सम्बन्धी व्यवस्था

१५. **केन्द्रीय तेजाब नियन्त्रण समितिः** (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थको नियन्त्रण गर्न वा गराउन राष्ट्रिय स्तरमा एक तेजाब तथा अन्य घातक रासायनिक पदार्थ अनुगमन समिति रहनेछ ।

(२) समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:-

(क) मन्त्रालयको सहसचिव –अध्यक्ष

(ख) प्रतिनिधि, (प्राविधिक) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय –सदस्य

(ग) प्रतिनिधि, (प्राविधिक) वन तथा वातावरण मन्त्रालय –सदस्य

(घ) तेजाब वा अन्य घातक रासायनिक पदार्थ सम्बन्धी कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी कम्तीमा पाँच वर्ष वा सो भन्दा बढी सम्बन्धित क्षेत्रमा काम गरेका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना महिला –सदस्य

(ङ) मन्त्रालयको सम्वन्धित शाखाको उपसचिव –सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत कुनै सदस्यले समितिको हित विपरीत कुनै कार्य गरेमा वा समितको काम कारबाहीमा वेवास्ता गरेका निजको पदावधि पूरा नहुँदै मन्त्रालयले निजलाई हटाउन सक्नेछ ।

तर यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

१६. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) तेजाब वा अन्य घातक रासायनिक पदार्थको व्यवस्थापनको लागि आवश्यक पर्ने नीति निर्धारण सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव उपलब्ध गराउने,

(ख) तेजाब वा अन्य घातक रासायनिक पदार्थको सुरक्षित उपयोग, त्यस्ता पदार्थको प्रयोग गर्दा अवनाउनु पर्ने सावधानि

तथा दुर्घटना भएको अवस्थामा क्षति कम गर्न गर्नु पर्ने उपायको बारेमा सचेतनमूलक कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ग) तेजाब वा अन्य घातक रासायनिक पदार्थ नष्ट गर्ने कार्यविधि र मापदण्ड बनाउने,

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने गराउने ।

**१७. <u>समितिको बैठक</u>:** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा समितिको अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित हुनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक भिडियो कन्फ्रेसिङबाट समेत गर्न सकिनेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१८. <u>विद्युतिय अभिलेख प्रणालीको विकास गर्ने</u>:** (१) समितिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी पैठारी, भण्डारण, ओसार पसार तथा बिक्रि वितरण सम्बन्धी अद्यावधिक विवरण अनलाईनमानै उपलब्ध गराउनको लागि आवश्यक विद्युतिय प्रणलीको विकास गरी लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विकास गरिएको विद्युतिय प्रणालीमा मन्त्रालयले अनुमतिपत्र जारी गर्ने अधिकारी, अनुमतिपत्र प्राप्त व्यक्ति तथा उपसमितिलाई आवश्यकता अनुसार पहुँच दिनेछ ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसार पसार तथा बिक्रि वितरण गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको तोकिए बमोजिमको विवरण उपदफा (१) बमोजिमको विद्युतिय प्रणालीमा उपलब्ध गराउनु वा प्रविष्टि गराउनु पर्नेछ ।

१९. **<u>जिल्ला तेजाब नियन्त्रण समिति</u>**: (१) प्रत्येक जिल्लामा तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियन्त्रण गर्न जिल्ला तेजाब नियन्त्रण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:–

(क) सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत –संयोजक

(ख) नेपाली सेनाका अधिकृत प्रतिनिधि –सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि –सदस्य

(घ) जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय संग सम्बन्धित प्रमुख –सदस्य

(ङ) आन्तरिक राजस्व कार्यालयका अधिकृत प्रतिनिधि–सदस्य

(३) उपदफा (२) बमोजिमको समितिको बैठक तथा तत्सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **<u>जिल्ला तेजाब नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार:</u>** दफा १९ को उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) जिल्ला भित्रका अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसार पसार वा बिक्रि वितरण गर्दा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको व्यवस्था तथा अनुमतिपत्रको शर्तको पालना भए नभएको सम्बन्धमा निरिक्षण तथा अनुगमन गरी समितिलाई प्रतिवेदन गर्ने,

(ख) विसर्जन गर्नु पर्ने तेजाब वा अन्य घातक रासायनिक पदार्थको यस ऐन बमोजिमको प्रक्रिया पूरा गराई विसर्जन गर्ने गराउने,

(ग) तोकिए बमोजिमका अन्य काम गर्ने ।

२१. **<u>प्रतिवेदन पेश गर्ने</u>:** समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिमको विवरण खुलाई मन्त्रालयमा प्रतिवेदन पेश गर्नेछ ।

## परिच्छेद–५

## <u>कसूर, सजाय र क्षतिपूर्ति सम्बन्धी व्यवस्था</u>

२२. **<u>कसूर गरेको मानिने</u>:** कसैले देहायका कुनै कार्य गरे वा गराएमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ:–

नेपाल कानून आयोग

(क) दफा ३ बमोजिम अनुमतिपत्र नलिई तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसार पसार वा बिक्री वितरण गरेमा, वा दफा १३ बमोजिम स्वीकृति नलिई पैठारी गरेमा,

(ख) अनुमतिपत्र प्राप्त व्यक्ति वा विक्रेताले दफा ८ बमोजिम निर्धारण गरिएका शर्तको पालना नगरेमा,

(ग) दफा ९ बमोजिम बट्टा, प्याकेट वा बोत्तलको प्याकेजिङ्ग गर्दा लेबुलको बाहिरी भागमा उल्लेख गर्नु पर्ने चेतावनीमूलक सन्देश र खतरा जनाउने चित्र उल्लेख नगरेमा,

(घ) दफा ११ विपरीत बिक्रि वितरण गरेमा,

(ङ) दफा १४ विपरित विसर्जन वा नष्ट गरेमा,

(च) यो ऐन विपरीत हुने गरी अन्य कुनै काम गरेमा ।

२३. **<u>सजायः</u>** दफा २२ बमोजिमको कुनै कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछः–

(क) खण्ड (क) बमोजिमको कुनै कसूर गरेमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय,

(ख) खण्ड (ख) बमोजिमको कुनै कसूर गरेमा दश हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ग) बमोजिमको कसूर गरेमा पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना,

(घ) खण्ड (घ), (ङ) वा (च) बमोजिम कसूर गरेमा पाँच हजारदेखि बीस हजार रुपैयाँसम्म जरिबाना ।

२४. **<u>क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन विपरीत तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, ओसार पसार, भण्डारण, बिक्री वितरण वा विसर्जन गरेको वा यस ऐन बमोजिम पालना गर्नुपर्ने शर्त पालना नगरेको कारणबाट कुनै दुर्घटना भई कसैको जीउ, ज्यान वा शारीरिक अङ्ग वा सम्पत्तिमा हानी, नोक्सानी वा क्षति भएमा सम्बन्धित व्यक्तिले त्यस्तो कामबाट पीडितलाई वा निजको मृत्यु भइसकेको भए निजको हकवालालाई मनासिव क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति पीडित वा नजिको मृत्यु भइसकेको भए निजको हकवालाको उजुरी बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीले भराइदिनु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अदालतमा दायर भएको मुद्दाको क्षतिपूर्तिको हकमा सोही अदालतलको फैसला बमोजिम हुनेछ ।

२५. **जफत गरिने:** (१) दफा २२ को खण्ड (क) बमोजिम कसूरदारलाई सजाय भएमा पैठारी गरिएको तेजाब वा अन्य घातक रासायनिक पदार्थ सम्बन्धित प्रमुख जिल्ला अधिकारीले जफत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको तेजाब वा अन्य घातक रासायनिक पदार्थ मुद्दा हेर्ने अधिकारीको आदेश बमोजिम अन्य अनुमतिप्राप्त व्यक्तिलाई प्रचलित बजार मूल्यमा विक्री गरी मुद्दाको अन्तिम किनारा नलागेसम्म धरौटीमा राख्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम विक्री हुन नसकेमा त्यसको सुरक्षित रुपमा भण्डारण वा विसर्जन गर्न सकिने भए विसर्जन गरी, विसर्जन गर्दा लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट अशुल गर्नु पर्नेछ ।

## परिच्छेद–६

## विविध

२६. **मुद्दा हेर्ने अधिकारी:** (१) दफा २२ को खण्ड (क) बमोजिम सजाय हुने मुद्दा मध्ये निकासी वा पैठारीको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित भन्सार अधिकृतलाई हुनेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेका यस ऐन अन्तर्गतका अन्य कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(३) उपदफा (१) बमोजिम दायर हुने मुद्दाको अनुसन्धान सम्बन्धित भन्सार अधिकृतले तोकेको सम्बन्धित कार्यालयको कम्तीमा राजपत्र अनंकित प्रथम श्रेणीको कर्मचारीले गर्नेछ ।

२७. **पुनरावेदन:** दफा २६ बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२८. **प्रचलित कानून बमोजिम सजाय हुने:** यस ऐन अन्तर्गतको कुनै कसूर वा कार्य प्रचलित कानून बमोजिम दण्डनीय हुने रहेछ भने त्यस्तो कसूरमा कानून बमोजिम कारबाही र सजाय गर्न यस ऐनले बाधा पुर्याएको मानिने छैन ।

२९. **<u>नेपाल सरकार वादी हुने</u>**: यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश भएको मानिनेछ ।

३०. **<u>अनुगमन तथा निरिक्षण सम्बन्धी व्यवस्था:</u>** (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसार पसार वा बिक्रि वितरण गर्दा यो ऐन तथा यस ऐन अन्रतगत पालन गर्नु पर्ने शर्त तथा मापदण्डको पालना भए नभएको, सुरक्षित तवरको व्यवस्था गरिए नगरिए सम्बन्धमा आवश्यकता अनुसार समितिले र जिल्लास्तरमा दफा १९ बमोजिमको समितिले आवश्यक अनुगमन तथा निरीक्षण गर्नु वा गराउनु पर्नेछ ।

(२) तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसार पसार वा बिक्रि वितरण सम्बन्धमा आफ्नो जिल्लाभित्र प्रमुख जिल्ला अधिकारीले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुगमन तथा निरीक्षण गर्ने अधिकारीले तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसार पसार वा बिक्रि वितरण सम्बन्धमा पालना गर्नु पर्ने शर्त पालना नगरेकोमा तत्काल त्यस्तो शर्त पालना गर्न लगाउनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कसैले यस ऐन बमोजिम कसूर हुने कार्य गरेको पाइएमा त्यस्तो व्यक्तिलाई कारबाहीको लागि अनुसन्धान गर्ने अधिकारीलाई जानकारी दिनु पर्नेछ ।

३१. **<u>सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने</u>**: नेपाल सरकारका सम्बन्धित निकाय, प्रदेश सरकार, समिति वा स्थानीय तहले तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्रयोग गर्दा अबलम्बन गर्नु पर्ने सावधानी तथा सुरक्षा सतर्कता, कुनै दुर्घटना भएको अवस्थामा क्षति कम गर्न गर्नु पर्ने प्राथमिक उपायहरु, तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्रयोगबाट हुनसक्ने क्षति समेतको विषयमा आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन वा प्रचार प्रसार गर्न सक्नेछ ।

३२. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

३३. **<u>मापदण्ड बनाउने:</u>** मन्त्रालयले तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, भण्डारण, ढुवानी, विक्री वितरण वा विसर्जनका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

३४. **संक्रमणकालीन व्यवस्थाः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुदाँका वखत तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी, निकासी, उत्पादन, ढुवानी वा विक्री वितरण गरिरहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको दुई महिनाभित्र त्यस्तो काम गरिरहेको जानकारी दफा ४ बमोजिमको अधिकारीलाई दिई तीन महिनाभित्र अनुमतिपत्र लिनु पर्नेछ ।

नेपाल कानून आयोग

## (२) फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना :** फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसद्ले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रमाण ऐन, २०३१ मा संशोधन :** प्रमाण ऐन, २०३१ को दफा ६ को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः-

"(ज) कुनै व्यक्तिले अर्को व्यक्तिको शरीरमा तेजाब फ्याकेमा, छर्किएमा, खन्याएमा वा अन्य कुनै किसिमले कसैको शारीरिक क्षति हुने गरी प्रयोग गरेमा वा कसैलाई सेवन गराएमा निजले नियतवस वा जानी जानी त्यस्तो व्यक्तिको ज्यान लिने वा अङ्गभङ्ग गराउने काम गरेको अदालतले अनुमान गर्नेछ।"

३. **न्याय प्रशासन ऐन, २०७३ मा संशोधन :** न्याय प्रशासन ऐन, २०७३ को दफा २८क. को उपदफा (२) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर तेजाब प्रयोग गरी ज्यान मारेको वा अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुर्याएको मुद्दा भए जहिले सुकै दर्ता भएको भए तापनि पहिलो प्राथमिकता दिनु पर्नेछ।"

४. **मुलुकी अपराध संहिता, २०७४ मा संशोधन :** मुलुकी अपराध संहिता, २०७४ को,-

(१) दफा २ को उपदफा (३) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) दफा १९२क. बमोजिमको कसूर,"

(२) दफा ३८ को खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) तेजाब, अन्य घातक रासायनिक, वा ज्वलनशील पदार्थ कसैमाथि प्रहार वा प्रयोग गरी वा कसैलाई सेवन गराई कसूर गरेको,"

(३) दफा १२६ पछि देहायको १२६क. थपिएको छ :-

"**१२६क. कसूरपीडितको नाममा सहयोग लिन नहुने** : कसैले कुनै व्यक्ति कसूरपीडित भएको कारण देखाई निजको तस्वीर राखी वा नराखी सार्वजनिक रुपमा वा सामाजिक सञ्जाल मार्फत आव्हान गरी वा नगरी निजलाई औषधी उपचार गर्ने, अन्य कुनै किसिमको

राहत, सुविधा दिने वा अन्य कुनै प्रयोजनका लागि कसूर पीडित वा निजका परिवारको सदस्यको तर्फबाट कसैलाई चन्दा, सुविधा, सहयोग, अनुदानको नाममा कुनै किसिमको नगद वा जिन्सी माग्नु, लिनु वा प्राप्त गर्नु हुदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ र त्यसरी प्राप्त गरेको नगदी वा जिन्सी जफत हुनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट कुनै सहयोग वा कुनै सुविधा प्राप्त गरेकोमा वा कुनै सामाजिक संस्था वा कुनै व्यक्तिले आफूखुसी दिएको सहयोग प्राप्त गरेकोमा यस दफा बमोजिम कसूर गरेको मानिने छैन।"

(४) दफा १९२ पछि देहायको १९२क. थपिएको छः-

"**१९२क. <u>तेजाब प्रयोग गरी अङ्गभङ्ग गर्न नहुने</u>**: (१) कसैले कसैलाई तेजाब फ्याँकी, छर्किई, खन्याई वा प्रयोग गरी वा सेवन गराई अङ्गभङ्ग गर्नु वा गराउनु वा शारीरिक क्षति पुर्याउनु हुँदैन।

**<u>स्पष्टीकरण</u> :** यस संहिताको प्रयोजनका लागि "तेजाब" भन्नाले मानव अङ्ग, जीवजन्तु वा जैविक वा गैरजैविक वस्तुलाई जलाउने (बर्न), घातक क्षति पुर्याउने (कोरोसिभ) वा अन्य कुनै किसिमले गंभिर असर पुर्याउने अकारबोनिक (इनअर्गानिक) एसिडजन्य रासायनिक पदार्थ सम्झनुपर्छ र सो शव्दले नाइट्रिक एसिड, सल्फरिक एसिड र हाइड्रोलिक एसिड तथा अन्य घातक तथा ज्वलनशील रासायनिक पदार्थ समेतलाई जनाउछ।

(२) उपदफा (१) बमोजिमको कुनै काम गर्दा वा त्यस्तो कामको परिणाम स्वरुप कसैको दुवै आँखा जली वा क्षति भई पूर्णरुपमा दृष्टि नष्ट भएमा, दुवै कान जली वा क्षति भई सुन्ने शक्ति पूर्ण रुपमा नष्ट भएमा, नाक जली वा क्षति भई काम नलाग्ने भएमा, अनुहार पूर्ण रुपमा जली वा क्षति भई कुरुप भएमा, महिला भए दुवै स्तन जली वा क्षती भई काम नलाग्ने

भएमा वा कसैको यौनाङ्ग जली वा क्षति भई नासिएमा त्यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई वीस वर्ष कैद र दशलाख रुपैयाँ जरिवाना हुनेछ।

(३) उपदफा (२) मा लेखिएकोमा बाहेक उपदफा (१) बमोजिमको कुनै काम गरी वा त्यसको परिणाम स्वरुप कसैको एउटा आँखा, एउटा कान जली वा क्षति भई काम नलाग्ने भएमा, आंशिक रुपमा अनुहार जली वा क्षति भई कुरुप भएमा, महिला भए एउटा स्तन जली वा क्षति भई काम नलाग्ने भएमा, दुवै हात जली काम नलाग्ने भएमा वा दुवै गोडा पूर्णरुपमा जली काम नलाग्ने भएमा, टाउकोको कुनै भाग जली क्षति भएमा वा मेरुदण्ड जली वा क्षति भई काम नलाग्ने भएमा दश वर्ष देखि वीस वर्षसम्म कैद र सात लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(४) उपदफा (२) वा (३) मा लेखिएकोमा बाहेक उपदफा (१) बमोजिमको कुनै काम गर्दा वा त्यसको परिणाम स्वरुप कसैको शरीरको अन्य कुनै अङ्गभङ्ग वा शारीरिक क्षति भएमा कसूरको प्रकृति बमोजिम पाँच वर्षदेखि दश वर्षसम्म कैद र एकलाख देखि पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(५) उपदफा (१) बमोजिम भएको कसूरबाट पीडित व्यक्तिको तत्काल मृत्यू नभई सोही कामको परिणाम स्वरुप पछि मृत्यू भएमा ज्यान मारेको र उपदफा (२), (३) र (४) बमोजिमको परिणाम निस्केमा पनि सोही उपदफा बमोजिमको कसूर भएको मानिनेछ।

(६) कसैले उपदफा (१) बमोजिमको काम गर्न खोज्दा सम्बन्धित व्यक्तिलाई नलागेमा वा कोही त्यस्तो कामबाट उम्किएमा त्यस्तो काम गर्न खोज्ने व्यक्तिले यस दफा बमोजिम कसूर गर्न उद्योग गरेको मानिनेछ र सो वापत दश वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(७) यस दफा बमोजिम जरिवाना वापत प्राप्त पूरै रकम पीडितलाई क्षतिपूर्ति बापत दिनु पर्नेछ।



नेपाल कानून आयोग

(८) यस दफा बमोजिम भएको कसूरबाट पीडित व्यक्तिलाई भएको शारीरिक र मानसिक पीडा र अङ्गभङ्गको गंभिरता तथा जरिवाना रकम समेत विचार गरी सजाय निर्धारण गर्दा मनासिव क्षतिपूर्ति भराउनु पर्नेछ।"

(५) दफा १९३ को,-

(क) दफा शिर्षकमा रहेको "तेजाब वा अन्य रासायनिक" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) उपदफा (१) मा रहेका "तेजाब वा त्यस्तै प्रकारका अन्य रासायनिक" भन्ने शब्दहरु पछि "वाहेकका अन्य" शब्दहरु राखिएका छन्।

५. **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधन** : मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को,-

(१) दफा ११६ को उपदफा (२) को खण्ड (ख) मा रहेका "परिच्छेद-१० को दफा १६७." भन्ने शब्दहरु पछि "परिच्छेद-१४ को दफा १९२क." भन्ने शब्दहरु थपिएका छन्।

(२) दफा १५९ को उपदफा (४) को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) तेजाब प्रयोग गरी ज्यान मारेको वा अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुर्याएको,"

(३) अनुसूची-१ को प्रकरण १ को खण्ड (क) को,-

(क) उपखण्ड (४) मा रहेका "१२५ र १२६" भन्ने शब्दहरुको सट्टा "१२५, १२६ र १२६क." भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपखण्ड (१३) मा रहेका "दफा १९२" भन्ने शब्दहरु पछि "१९२क." भन्ने शब्दहरु थपिएका छन्।

६. **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा संशोधन** : फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को,-

(१) दफा १५ को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) मुलुकी फौजदारी संहिता, २०७४ को दफा १९२क. वा २१९ बमोजिमको कसूर भए त्यस्तो कसूरबाट पीडितलाई पर्न गएको शारीरिक वा मानसिक पीडा,"

(२) दफा २४ को उपदफा (३) को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ:

"(क१) तेजाब प्रयोग गरी ज्यान मारेको वा अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुर्याएको"

(३) दफा २९ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश (ग) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश (ग१) थपिएको छ:-

"(ग१) तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गरी ज्यान मारेको वा अङ्गभङ्ग गरेको कसूरमा सजाय पाएको,"

(४) दफा ३७ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ:-

"(क१) तेजाब वा अन्य घातक रासायनिक पदार्थ प्रयोग गरी ज्यान मारेको, अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुर्याएको कसूरमा सजाय पाएको,"

(५) दफा ४८ को उपदफा (१) मा रहेका "कसूरबाट पीडितलाई" भन्ने शब्दहरु पछि "औषधोपचार, अन्तरिम क्षतिपूर्ति तथा" भन्ने शब्दहरु थपिएका छन्।

नेपाल कानून आयोग

## (३) विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** सूचना प्रविधिको महत्वलाई अंगिकार गरी त्यसको उपयोगितालाई व्यापारिक कारोबारमा विस्तार गर्न, व्यापार प्रणालीलाई सरल, प्रविधि मैत्री, विश्वसनीय र सहज बनाउन तथा विद्युतीय माध्यम मार्फत वस्तु वा सेवाको खरिद वा बिक्रीका लागि सुरक्षित संरचनाको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विद्युतीय व्यापार ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि लागू हुनेछ ।

(३) यो ऐन नेपालभर लागू हुनेछ र विद्युतीय व्यापार गरी नेपालमा उपलब्ध गराएको वस्तु वा सेवा र त्यस्ता वस्तु वा सेवा उपलब्ध गराउने नेपाल बाहिर रहे बसेको व्यक्ति, फर्म वा संगठीत संस्था समेतलाई लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अन्तर्वर्ती (इन्टरमेडियरी) व्यवसायी" भन्नाले विद्युतीय माध्यमको सञ्जालद्वारा विद्युतीय व्यापारमा अर्को व्यवसायीको तर्फबाट क्रेता तथा बिक्रेतालाई सहजिकरण गर्ने व्यवसायी सम्झनु पर्छ र सो शब्दले विद्युतीय व्यापार गर्ने थोक बिक्रेता (होलशेलर), खुद्रा बिक्रेता (रिटेलर), व्यापारिक प्रतिनिधि (कमर्शियल एजेन्ट), दलाल (ब्रोकर) वा बितरक (डिस्ट्रिव्यूटर) समेतलाई जनाउँछ ।

(ख) "कम्प्युटर" भन्नाले विद्युतीय, विद्युतीय-चुम्बकीय वा चुम्बकीय सम्बेग (इम्पल्स) वा अन्य कुनै किसिमबाट सूचना, तथ्याङ्क, अंक, संकेत, वा लिखितरुपमा हुने अन्य कुनै पनि अभिव्यक्तिलाई गणितीय वा अन्य कुनै किसिमले तार्किक रुपमा प्राप्त गर्ने, अभिलेख गर्ने, सम्प्रेषण गर्ने, भण्डारण गर्ने, प्रशोधन गर्ने, खोज तलाश गर्ने, स्मरण गर्ने वा उत्पादन गर्ने क्षमता भएको साधन वा उपकरण सम्झनु पर्छ ।

नेपाल कानून आयोग

(ग) "क्रेता" भन्नाले विद्युतीय माध्यम मार्फत कुनै वस्तु वा सेवा खरिद गर्ने कुनै व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(घ) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "व्यवसायी" भन्नाले प्रचलित कानून बमोजिम कुनै वस्तु वा सेवाको व्यापार गर्ने व्यक्ति, फर्म, कम्पनी, सहकारी संस्था वा अन्य कुनै संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विद्युतीय व्यापार गर्ने अन्य कुनै सरकारी वा गैरसरकारी संस्था वा अन्तरवर्ती व्यवसायीलाई समेत जनाउँछ ।

(च) "बिक्रेता" भन्नाले यस ऐन बमोजिम विद्युतीय व्यापार गर्ने व्यवसायी सम्झनु पर्छ ।

(छ) "विद्युतीय व्यापार (इ कमर्श)" भन्नाले इन्टरनेट वा कम्प्यूटर सञ्जालका अन्य विद्युतीय प्रणाली मार्फत कुनै वस्तु वा सेवाको खरिद वा बिक्री गर्ने प्रक्रिया सम्झनु पर्छ र सो शब्दले व्यापारिक कारोबारका शर्त बमोजिम हुने विद्युतीय रकम हस्तान्तरण, बैङ्किङ सेवा, बीमा सेवा, डेटा स्थानान्तरण, वस्तु वा सेवाको आपूर्ति, लिज, हायरपर्चेज, सट्टापट्टा वा पेशागत सेवा प्रदान गर्ने काम समेतलाई जनाउँछ ।

(ज) "विद्युतीय माध्यम" भन्नाले दफा ४ बमोजिम खडा गर्ने विद्युतीय माध्यम सम्झनु पर्छ ।

(झ) "विभाग" भन्नाले नेपाल सरकारको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग सम्झनु पर्छ ।

## परिच्छेद–२

## विद्युतीय व्यापार तथा त्यसको नियमनकारी संरचना

३. **विद्युतीय व्यापार गर्न सक्ने:** (१) प्रचलित कानून बमोजिम वस्तु वा सेवाको व्यापार गर्न पाउने कुनै पनि व्यवसायीले यस ऐनको अधीनमा रही विद्युतीय व्यापार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्युतीय व्यापार गर्न चाहने व्यवसायीले विभागले निर्धारण गरेको विद्युतीय पोर्टलमा तोकिए बमोजिम सूचीकरण हुनु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानून बमोजिम दर्ता भई विद्युतीय व्यापार सञ्चालन गरि आएका व्यवसायीले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र उपदफा (२) बमोजिमको विद्युतीय पोर्टलमा सूचीकरण हुनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम विद्युतीय पोर्टलमा सूचीकृत भएको जानकारी विभागले विद्युतीय माध्यम मार्फत सम्बन्धित व्यवसायीलाई दिनु पर्नेछ ।

(५) यस ऐन बमोजिम कुनै व्यवसायीले विद्युतीय व्यापार गर्न सक्ने रहेछ भने त्यस्तो व्यवसायीको शाखा, प्रशाखा, भण्डार, आउटलेट वा निजको आधिकारिक एजेन्टले विद्युतीय व्यापार गर्ने अनुमति स्वतः पाएको मानिनेछ ।

४. **विद्युतीय माध्यम खडा गर्नु पर्ने:** (१) विद्युतीय व्यापार गर्ने प्रत्येक व्यवसायीले आफ्नो व्यापार वा व्यवसायका सम्बन्धमा उपभोक्ता, ग्राहक वा क्रेताले चाहेको जुनसुकै बखत सुसूचित निर्णय (इन्फर्म डिसिजन) लिन सक्ने गरी तोकिए बमोजिमको वेवसाइट (वेवपेज) को रुपमा राखिएको इन्टरनेट वा कम्प्युटर सञ्जाल जडान भएको विद्युतीय माध्यम (इलेक्ट्रोनिक प्लाटफर्म) खडा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खडा गरिएको विद्युतीय माध्यममा तोकिए बमोजिम सुरक्षित विद्युतीय उपकरणको विद्युतीय प्रणाली (सेकुअर्ड सकेट लेयर सर्टिफिकेट) स्थापित गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विद्युतीय माध्यममा अन्य कुराको अतिरिक्त देहायका विवरणहरु स्पष्ट रुपमा बुझ्न सकिने र सहज रुपमा उपलब्ध हुन सक्ने गरी उल्लेख गर्नु पर्नेछः-

(क) व्यवसायीको नाम, ठेगाना तथा व्यवसाय दर्ता प्रमाणपत्र,

(ख) व्यवसाय दर्ता गर्ने निकाय,

(ग) व्यवसायीको रजिष्टर्ड कार्यालय तथा सम्पूर्ण शाखा तथा आउटलेटहरु,

(घ) कुनै खास किसिमको व्यवसाय सञ्चालन गर्न छुट्टै अनुमतिपत्र प्राप्त गरेको भए सोको विवरण,

(ङ) विद्युतीय व्यापार भण्डारण गर्ने गोदाम भए सोको विवरण,

(च) अन्तरवर्ती व्यवसायी भए सोको विवरण ।

(छ) विद्युतीय माध्यमको नाम र तोकिए बमोजिमको विवरण,

(ज) स्थायी लेखा नम्बर,

(झ) व्यवसायी मूल्य अभिवृद्धि करमा दर्ता भएको भए सोको प्रमाणपत्र वा दर्ता नम्बर,

(ञ) व्यवसायीलाई सम्पर्क गर्ने इमेल, टेलीफोन, टेलीफ्याक्स, मोबाइल नम्बर,

(ट) गुनासो सुन्ने अधिकारी र निजको इमेल, टेलिफोन नम्बर ।

५. <u>**विद्युतीय व्यापारका लागि खुलाउनु पर्ने विषय:**</u> विद्युतीय व्यापार गर्ने प्रत्येक व्यवसायीले दफा ४ बमोजिम खडा गरेको विद्युतीय माध्यम मार्फत जुन वस्तु वा सेवाको विद्युतीय व्यापार गर्ने हो सोही वस्तु वा सेवाको सम्बन्धमा देहायका कुरा स्पष्ट रुपमा खुलाउनु पर्नेछः-

(क) विद्युतीय व्यापारका लागि उपलब्ध हुने वस्तु वा सेवाको विवरण,

(ख) कुनै वस्तु वा सेवा खरिद गरेमा त्यस्तो वस्तु वा सेवा हस्तान्तरण हुँदा त्यसमा लाग्ने कर सहितको अन्तिम बिक्री मूल्य,

(ग) वस्तुको विवरण, आकृति, उत्पादन मिति, ब्राण्ड, उत्पादकको विवरण,

(घ) वस्तुको प्रकृति अनुसार अन्य थप विवरण (वस्तुको आकार, रंग, समिश्रण, तौल, अन्तरनिहित तत्वहरु, उपभोग गरी सक्नुपर्ने अवधि आदि),

(ङ) वस्तु वा सेवा प्रयोग गर्दा अपनाउनु पर्ने पूर्व सावधानी वा सावधानीको विवरण,

(च) वस्तु वा सेवा खरिद भएमा विक्रेताले क्रेतालाई बुझाउन सकिने समयावधि, वस्तु वा सेवाको मूल्य भुक्तानी विधि,

(छ) वस्तु वा सेवाको वारेण्टी वा ग्यारेण्टी भए सोको अवधि र शर्तहरु,

(ज) पैठारी गरिएको कुनै वस्तु भए उत्पादन वा प्रशोधन गरिएको मुलुक,

(झ) वस्तु वा सेवाको खरिद बिक्री पश्चात् पालना गर्नु पर्ने शर्त भए सोको विवरण,

नेपाल कानून आयोग

(ञ) खरिद गरेको कुनै वस्तु वा सेवा फिर्ता गर्न सकिने वा नसकिने र फिर्ता गर्न सकिने भए फिर्ता गर्दा पालना गर्नु पर्ने शर्तहरु,

(ट) सेवाको बिक्री भए सेवा प्राप्त गर्ने वा सेवा विस्तार हुने ठाउँ र त्यसका शर्तहरु,

(ठ) कुनै क्रेताले कुनै वस्तु वा सेवा माग गरेकोमा त्यस्तो वस्तु चलान (डिस्प्याच) हुनु वा सेवा प्रारम्भ हुनु अघि नै त्यस्तो माग रद्द गर्न सकिने वा नसकिने सोको विवरण,

(ड) तोकिए बमोजिमका अन्य शर्तहरु ।

६. **विद्युतीय व्यापार सञ्चालन विधि:** (१) विद्युतीय व्यापार गर्ने प्रत्येक व्यवसायीले दफा ४ बमोजिम कायम गरेको वेवसाइटमा विद्युतीय व्यापार सञ्चालन हुने विद्युतीय प्रक्रिया निर्धारण गरी देहाय बमोजिम विद्युतीय माध्यमको सञ्जाल कायम गर्नु पर्नेछः-

(क) कुनै पनि क्रेताले कुनै पनि समयमा वेवसाइट (वेवपेज) अवलोकन (भिजिट) गरी व्यवसायीले राखेको कुनै पनि वस्तु वा सेवा छनौट गरी खरिदको लागि माग (अर्डर) गर्न सक्ने,

(ख) खण्ड (क) बमोजिमको माग प्राप्त हुनासाथ सोको सूचना व्यवसायीको कम्प्युटरमा देखिने र माग गरेको वस्तु वा सेवा उपलब्ध गराउन सकिने वा नसकिने सो कुराको जानकारी क्रेतालाई तुरुन्त दिने,

(ग) खण्ड (ख) बमोजिमको वस्तु वा सेवा उपलब्ध गराउन सकिने भए कति समयभित्र उपलब्ध गराउन सकिने तथा त्यस्तो वस्तु वा सेवा उपलब्ध गराउँदा भुक्तानी गर्नु पर्ने मूल्य र त्यस्तो वस्तु उपलब्ध गराउँदा ढुवानी खर्च, कुनै किसिमको कर तथा सेवा (ह्याण्डलिङ्ग) शुल्क समेतको रकम कुनै भए सो समेत विद्युतीय प्रणाली मार्फत क्रेतालाई तुरुन्त जानकारी दिने,

(घ) खण्ड (ख) र (ग) बमोजिमको सूचनामा सन्तुष्ट भई क्रेताले कुनै वस्तु वा सेवा खरिद गरे बापत वस्तु चलान हुनु वा सेवा सुनिश्चित हुनु अघि नै त्यसको मूल्य वा सेवा



नेपाल कानून आयोग

शुल्क विद्युतीय प्रणाली मार्फत वा नगदै भुक्तान गर्नु पर्ने वा वस्तु वा सेवा प्राप्त गर्दाका बखत भुक्तानी गर्ने हो सोको जानकारी,

(ङ) वस्तु चलान हुनु वा सेवा सुनिश्चित हुनु अघि नै मूल्य वा सेवा शुल्क भुक्तान गर्नु पर्ने भएमा विद्युतीय प्रणाली मार्फत भुक्तानी गरेको भए मूल्य वा सेवा शुल्क बुझेको रसिद वा जानकारी विद्युतीय माध्यम मार्फत क्रेतालाई तुरुन्त उपलब्ध गराउने पद्धति ।

(२) विद्युतीय व्यापार गर्ने व्यवसायीले उपदफा (१) मा लेखिएको अतिरिक्त विद्युतीय व्यापार सञ्चालनलाई थप सरल, छिटो र व्यावहारिक बनाउन अन्य उपयुक्त विधि सञ्चालनमा ल्याउन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय व्यापारलाई अझ बढी सरल, किफायती, सर्वसुलभ, विश्वसनीय, भरपर्दो र प्रविधिमैत्री बनाउन व्यवसायीले अन्य उपयुक्त विद्युतीय व्यापार सञ्चालनको वैकल्पिक सफ्टवेयर विकास गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

तर त्यस्तो सञ्चालन विधिमा उपदफा (१) बमोजिमका न्यूनतम प्रक्रियागत कुराहरु समावेश भएको हुनु पर्नेछ ।

७. **करार भएको मानिने:** (१) कुनै क्रेताले दफा ६ बमोजिमको विद्युतीय व्यापार सञ्चालन विधि अपनाई कुनै वस्तु वा सेवा व्यवसायीबाट माग गर्दा व्यवसायीले त्यस्तो वस्तु वा सेवा उपलब्ध गराउने स्वीकार गरेकोमा क्रेता र बिक्रेता बीच विद्युतीय माध्यमबाट करार भएको र करार बमोजिम दायित्व सिर्जना भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम करार भएकोमा करारका पक्षहरु बीच अन्यथा सहमति भएकोमा बाहेक अन्य कुराको अतिरिक्त दफा ५ का व्यवस्थाहरु शर्तको रुपमा दुवै पक्षलाई मान्य भएको मानिनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै क्रेताले कुनै वस्तु वा सेवा उपलब्ध गराउन माग गरेकोमा त्यस्तो वस्तु वा सेवा चलान नहुँदै वा सेवा उपलब्ध गराउन प्रारम्भ नहुँदै क्रेताले त्यस्तो माग रद्द गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम माग रद्द गरेकोमा क्रेताले कुनै रकम भुक्तानी गर्नु पर्ने छैन र कुनै रकम भुक्तानी भइसकेको भए बिक्रेताले शोधभर्ना गर्नु पर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै क्रेताले दफा ६ को उपदफा (१) को खण्ड (क) बमोजिम कुनै वस्तु वा सेवा खरिद गर्न माग गरेकोमा सोही उपदफाको खण्ड (ख) बमोजिम कुनै जवाफ नभएकोमा वा माग बमोजिमको वस्तु वा सेवा बिक्री गर्न नसकिने जवाफ प्राप्त भएकोमा करार भएको मानिने छैन ।

८. **विद्युतीय व्यापारको भुक्तानी:** (१) बिक्रेता र क्रेता बीच अन्यथा सहमति भएकोमा बाहेक विद्युतीय व्यापार गर्दा बिक्रेताको माग बमोजिम वस्तु वा सेवा हस्तान्तरण हुनु अघि वा हस्तान्तरण हुँदाका बखत क्रेताले वस्तु वा सेवाको मूल्य भुक्तानी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्य भुक्तानी गर्दा नगद बुझाई वा बैङ्किङ कार्ड, बैङ्किङ वा विद्युतीय प्रणाली मार्फत रकम हस्तान्तरण, विद्युतीय रकम हस्तान्तरण वा बैङ्क चेक मार्फत हुन सक्नेछ ।

तर तोकिएको रकमभन्दा बढी मूल्य भुक्तानी गर्दा गुडफर पेमेन्ट चेक मार्फत गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नगद बुझाई वा रकम हस्तान्तरण क्रेताले आफूसँग रहेको विद्युतीय उपकरण मार्फत गरेमा रीतपूर्वक रकम हस्तान्तरण भएको मानिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशबाट कुनै वस्तु वा सेवा खरिद गर्दा प्रतीतपत्र (लेटर अफ क्रेडिट) वा अन्य उपयुक्त बैङ्किङ प्रणाली मार्फत भुक्तानी गर्नु पर्नेछ ।

९. **वस्तु वा सेवाको हस्तान्तरण:** (१) व्यवसायीले क्रेतासँग भएको करार बमोजिम क्रेताले करार गर्दाका बखत निर्धारण गरेको ठाउँमा र करारमा उल्लेख भएको अवधि वा समयभित्र माग भएको वस्तु वा सेवा पुर्‍याई निज वा निजको प्रतिनिधिलाई बुझाउनु वा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वस्तु वा सेवा बुझाएमा वा उपलब्ध गराएमा वस्तु वा सेवा रीतपूर्वक हस्तान्तरण भएको मानिनेछ ।

नेपाल कानून आयोग

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्रेताले माग गरेको वस्तु चलान हुनु अघि नै क्रेताले वस्तु बुझाउने ठाउँ वा व्यक्ति परिवर्तन गरेको सूचना गरेमा बिक्रेताले परिवर्तित ठाउँ वा व्यक्तिलाई बुझाउनु पर्नेछ ।

तर परिवर्तित ठाउँमा करार हुँदाका बखतको भन्दा दूरी थपघट हुने भएमा त्यस बापतको शुल्क थपघट हुन सक्नेछ ।

१०. **अनुमतिपत्र लिनु पर्ने:** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास किसिमको वस्तु वा सेवा खरिद गर्न प्रचलित कानून बमोजिम छुट्टै अनुमतिपत्र लिनु पर्ने वा कुनै शर्त वा कार्यविधि पूरा गर्न पर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र प्राप्त नगरेको वा त्यस्तो शर्त वा कार्यविधि पूरा नगरेको क्रेतालाई बिक्रेताले त्यस्तो वस्तु वा सेवा बिक्री गर्न सकिने छैन ।

## परिच्छेद–३

## व्यवसायीको दायित्व

११. **व्यवसायीको दायित्व:** (१) उपभोक्ता संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने वा यस ऐनमा उल्लेखित अन्य दायित्वको अतिरिक्त व्यवसायीको दायित्व देहाय बमोजिम हुनेछ:-

(क) दफा ५ बमोजिम विद्युतीय माध्यममा जुन वस्तु वा सेवाको आकृति, गुण, ब्राण्ड, समिश्रण, तौल वा अन्तरनिहित तत्वहरु देखाइएको छ क्रेताको माग बमोजिम सोही आकृति, गुण, ब्राण्ड, समिश्रण, तौल वा अन्तरनिहित वस्तु वा सेवाको व्यापार गर्ने,

(ख) कुनै वस्तु वा सेवा त्रुटिपूर्ण (डिफेक्टिभ) भएको कारणबाट क्रेताले फिर्ता गरेमा त्यसको तोकिए बमोजिम प्रतिस्थापन गर्ने वा मूल्य शोधभर्ना गर्ने,

(ग) बिक्री भएका वस्तु वा सेवाको कुनै अवधिसम्म वारेण्टी वा ग्यारेण्टी भएमा त्यस्तो अवधिसम्म वारेण्टी वा ग्यारेण्टी बमोजिमको कार्य सम्मादन गर्ने वा सम्पादन गर्न सहजिकरण गर्ने,

(घ) बिक्री भएको वस्तु वा सेवाको अभिलेख तोकिएको अवधिसम्म कायम राख्ने,

(ङ) तोकिए बमोजिमको अन्य दायित्व पूरा गर्ने ।



नेपाल कानून आयोग

(२) कुनै वस्तु वा सेवा खरिद गर्न कुनै क्रेताले आफ्नो पहिचान जनाउने वैयक्तिक विवरण व्यवसायीलाई उपलब्ध गराउनु पर्ने रहेछ भने त्यस्तो वैयक्तिक विवरणको निजले संरक्षण गर्नु पर्नेछ र त्यस्तो विवरण अन्य कुनै व्यक्तिलाई कुनै पनि प्रयोजनका लागि दिन वा आफुले प्रयोग गर्न हुँदैन ।

(३) उपदफा (२) प्रतिकूल हुने गरी व्यवसायीले कुनै काम गरेमा वैयक्तिक गोपनियता संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम निज जवाफदेही हुनेछ ।

१२. **<u>अन्तरवर्ती व्यवसायीको दायित्व</u>**: (१) प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त विद्युतीय व्यापार गर्ने अन्तरवर्ती व्यवसायीको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफुले खडा गरेको विद्युतीय माध्यम मार्फत विद्युतीय व्यापार गर्ने वस्तु वा सेवाको उत्पादक वा बिक्रेता वा सेवा उपलब्ध गराउने व्यक्तिसँग सम्झौता गरी क्रेतालाई त्यस्तो वस्तु वा सेवा बिक्री गर्ने वा उपलब्ध गराउने,

(ख) आफुले बिक्री गरेको वस्तु वा उपलव्ध गराएको सेवा क्रेतालाई स्वीकारयोग्य नभई कानून बमोजिम फिर्ता गरेमा त्यस्तो वस्तु वा सेवा आफैंले उत्पादन गरेको वा प्रदान गरेको सरह फिर्ता लिने, सट्टापट्टा गर्ने वा रकम शोधभर्ना गर्ने,

तर निजले सम्बन्धित व्यवसायीलाई फिर्ता गर्न वा निजबाट सट्टापट्टा वा शोधभर्ना गर्न सक्नेछ ।

(ग) आफुले विद्युतीय व्यापार गरेको कुनै वस्तु वा सेवाको सम्बन्धमा दफा २३ बमोजिम कुनै गुनासो आएमा त्यस्तो वस्तु वा सेवासँग सम्बन्धित उत्पादक वा बिक्रेता वा सेवाप्रदायकसँग समन्वय गरी गुनासो व्यवस्थापन गर्ने र त्यस्तो वस्तु वा सेवा आफुले उत्पादन नगरेको वा प्रदान नगरेको कारणले दायित्वबाट पन्छिन नहुने,

(घ) आफूले विद्युतीय व्यापार गरेको वस्तु वा सेवाको सम्बन्धमा कुनै ग्यारेण्टी वा वारेण्टीको व्यवस्था भएमा सम्बन्धित क्रेतालाई त्यस्तो ग्यारेण्टी वा वारेण्टीको शर्त बमोजिम उपलब्ध गराउनु पर्ने।

१३. **<u>ढुवानी गर्ने दायित्व व्यवसायीको हुने</u>**:(१) क्रेताले माग गरेको कुनै वस्तु वा सेवा निजले निर्धारण गरेको ठाउँमा वा व्यक्तिलाई हस्तान्तरण गर्ने गरी दफा ७ बमोजिम करार भएकोमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो वस्तु करार बमोजिम ढुवानी गर्ने वा सेवा उपलब्ध गराउने दायित्व बिक्रेताको हुनेछ र त्यस्तो दायित्व पूरा गर्दा निजले ढुवानीकर्ताको हैसियतमा दायित्व पूरा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम त्यस्तो वस्तु वा सेवा हस्तान्तरण गर्नको लागि सम्बन्धित व्यवसायीले कुनै ढुवानीकर्तासँग सम्झौता गरेको रहेछ भने सम्झौता बमोजिमको व्यवसायी प्रति दायित्व पूरा गर्नु सम्बन्धित ढुवानीकर्ताको दायित्व हुनेछ ।

१४. **<u>व्यवसायीले अनुचित व्यापारिक अभ्यास गर्न नहुने</u>**: (१) व्यवसायीले यस ऐन बमोजिम विद्युतीय व्यापार गर्दा, दफा ४ वा ५ बमोजिम विद्युतीय माध्यममा खुलाउनु पर्ने विवरण खुलाशा गर्दा वा अन्य कुनै किसिमले कारोवार गर्दा प्रचलित कानून बमोजिम अनुचित व्यापारिक वा व्यावसायिक क्रियाकलाप वा अभ्यास मानिने काम गर्न वा गराउनु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको कुनै काम गरेकोमा प्रचलित कानून बमोजिम कुनै सजाय व्यवस्था भए सोही बमोजिम र त्यस्तो व्यवस्था नभएमा यसै ऐन बमोजिम हुनेछ ।

## परिच्छेद–४

## <u>वस्तु वा सेवाको नियमन तथा उपभोक्ता संरक्षण</u>

१५. **<u>वस्तु वा सेवाको नियमन</u>**: (१) यस ऐन बमोजिम विद्युतीय व्यापार गरिने वस्तु वा सेवाको नियमन उपभोक्ता संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम नियमन गर्ने निकाय वा अधिकारीले गर्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी कुनै वस्तु वा सेवाको कानून बमोजिम छुट्टै निकाय वा अधिकारीले नियमन गर्ने व्यवस्था भएको रहेछ भने त्यस्तो वस्तु वा सेवाको सोही बमोजिम नियमन हुनेछ ।

१६. **<u>विद्युतीय माध्यमको नियमन</u>**: (१) दफा ४ वा ५ बमोजिमको विद्युतीय माध्यम वा त्यसको कार्य सम्बन्धी  व्यवस्थाको अनुगमन तथा नियमन विभागसँग समन्वय गरी सूचना प्रविधि विभागले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा विद्युतीय माध्यम वा त्यसको कार्य सम्बन्धमा कुनै किसिमको कैफियत देखिएमा सो विभागले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

(३) सूचना प्रविधि विभागले विद्युतीय माध्यमको सुधार तथा स्तरउन्नतिको लागि समय समयमा आवश्यक निर्देशिका बनाई कार्यान्वयन गराउन सक्नेछ ।

१७. **उपभोक्ता संरक्षण ऐन बमोजिम हुने:** यस ऐनमा स्पष्ट रुपमा उल्लेख भएकोमा बाहेक वस्तु वा सेवाको गुणस्तर, बिक्री भएको वस्तु फिर्ता दिने प्रक्रिया र आधार, वस्तु वा सेवाको मूल्य निर्धारण, निरीक्षण तथा अनुगमन प्रक्रिया, उपभोक्ता सम्बन्धी विवादको समाधान, क्षतिपूर्ति र क्षतिपूर्ति निर्धारण गर्ने आधार तथा उपभोक्ताको हक, हित वा संरक्षण, मुद्दा चलाउने, मुद्दाको कारबाही, सुनवाई वा निर्णय गर्ने क्षेत्राधिकार सम्बन्धी अन्य व्यवस्था उपभोक्ता संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ र त्यस्तो कानूनका व्यवस्थाहरु यस ऐन अन्तर्गत बिक्री हुने वस्तु वा सेवाका सम्बन्धमा यस ऐनमा नै परे सरह आवश्यक हेरफेर सहित (मुटाटिस मुटाण्डिस) लागू हुनेछन् ।

## परिच्छेद–५

## कसूर तथा सजाय

१८. **कसूर गरेको मानिने:** (१) देहायको कुनै काम भएमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) दफा ३ को उपदफा (२) बमोजिम सूचीकरण नगरेमा,

(ख) दफा ४ बमोजिम विद्युतीय माध्यम (इलेक्ट्रोनिक प्लाटफर्म) खडा नगरी विद्युतीय व्यापार गरेमा,

(ग) दफा ५ वा ६ बमोजिम विद्युतीय व्यापार सञ्चालन हुने प्रक्रिया र विद्युतीय माध्यमको सञ्जाल निर्धारण वा कायम नगरेमा,

(घ) दफा १४ को उपदफा (१) मा भएको व्यवस्था विपरित अनुचित व्यापारिक अभ्यास मानिने काम गरे वा गराएमा।

(२) देहाय बमोजिमको कसूरमा दफा २० बमोजिम मुद्दा हेर्ने अधिकारीले देहायको सजाय गर्न सक्नेछः-

(क) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमको कसूर भए एकलाख रुपैयाँसम्म जरिवाना,

(ख) खण्ड (घ) बमोजिमको कसूर भए दफा १४ को उपदफा (२) को अधिनमा रही दुईलाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

१९. **नेपाल सरकार वादी हुने:** यस ऐन अन्तर्गतको कसूरमा नेपाल सरकार वादी भई मुद्दाको कारबाही हुनेछ ।

२०. **उजुरी, मुद्दाको कार्यविधि तथा मुद्दा हेर्ने अधिकारी:** (१) दफा १८ बमोजिमको कसूरमा कुनै पनि व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमाजिमको उजुरी प्राप्त भएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृतले कसूरको अनुसन्धान गरी अभियोजनका लागि सम्बन्धित सरकारी वकिल समक्ष परामर्शको लागि पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सरकारी वकिलको परामर्श प्राप्त भएपछि सम्बन्धित अधिकृत मार्फत प्रमुख जिल्ला अधिकारी समक्ष मुद्दा दायर हुनेछ ।

(४) यस दफा बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेश पाएको एक्काइस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(५) यस दफा बमोजिम हुने मुद्दाको कारबाही तथा सुनुवाईको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२१. **अन्य प्रचलित कानून बमोजिम मुद्दा चलाउन सकिने:** यस ऐन अन्तर्गत कसूर हुने काम अन्य प्रचलित नेपाल कानून अन्तर्गत पनि कसूर हुने रहेछ वा कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य कानूनको उल्लङ्घन हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन यो ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद–६

## विविध

२२. **विभागले निर्देशन दिन सक्ने:** (१) विभागले यस ऐन बमोजिम विद्युतीय व्यापारको सञ्चालन सम्बन्धमा आवश्यक देखिएको विषयमा व्यवसायीलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागले दिएको निर्देशनको व्यवसायीले पालना गर्नु पर्नेछ ।

२३. **गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि:** (१) विद्युतीय व्यापार गर्ने प्रत्येक व्यवसायीले गुनासोको सुनुवाई गर्न जिम्मेवार रहेको व्यक्तिको नाम र सम्पर्क गर्न सकिने ठेगाना आफ्नो विद्युतीय माध्यममा उल्लेख गर्नु पर्नेछ ।

(२) क्रेताले कुनै पनि व्यवसायीबाट खरिद गरेको वस्तु वा सेवाको चित्त नबुझेको विषयमा व्यवसायीको गुनासो व्यवस्थापन (ह्याण्डलिङ्ग) गर्ने व्यक्तिसँग त्यस्तो वस्तु वा सेवा खरिद गरेको बहत्तर घन्टाभित्र विद्युतीय माध्यम मार्फत वा लिखित सूचना दिई वा आफै उपस्थित भई गुनासो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको गुनासो विद्युतीय माध्यम मार्फत स्वचालित रुपमा संकलन भई क्रेताको कम्प्युटरमा देखिने (डिस्प्ले) हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गुनासो पर्न आएकोमा त्यस उपर अध्ययन, छानबिन वा विश्लेषण गरी गुनासो परेको पन्ध्र दिनभित्र गुनासो उपर उपचार दिने वा नदिने निर्णय गर्नेछ ।

(५) उपदफा (२) बमोजिम गुनासोको अध्ययन, छानबिन वा विश्लेषण गर्दा क्रेतासँग वा क्रेताबाट थप जानकारी प्राप्त हुन आवश्यक भएमा गुनासो व्यवस्थापन गर्ने व्यक्तिले त्यस्तो जानकारी माग गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम माग गरेको जानकारी दिनु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ ।

(७) गुनासो व्यवस्थापन गर्ने व्यक्तिले क्रेताको गुनासो बमोजिम व्यवसायीबाट भएको काम कारबाही सच्याई सम्बोधन गरेको भए सोही बमोजिम र सम्बोधन गर्न नसकिने भए सोको कारण सहितको लिखित जानकारी सम्बन्धित क्रेतालाई दिनु पर्नेछ ।

२४. **व्यवसायी आफैले गरेको मानिने:** यस ऐन बमोजिम विद्युतीय व्यापार गर्ने व्यवसायीको तर्फबाट निजको कर्मचारी, कामदार वा प्रतिनिधिले त्यस्तो व्यापार गरेकोमा व्यवसायी आफैले गरेको मानिनेछ ।

२५. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिएको जति विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२६. **नियम बनाउने अधिकार:** नेपाल सरकारले यस ऐन कार्यान्वयनका लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

नेपाल कानून आयोग

२७. **निर्देशिका बनाई लागू गर्न सक्ने**: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

नेपाल कानून आयोग

## (४) गैरआवासीय नेपाली सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना** : गैरआवासीय नेपालीहरु बीच नेपालप्रतिको सामीप्यता तथा सौहार्दता अभिवृद्धि गर्न, नेपाल तथा नेपाली नागरिक र गैरआवासीय नेपालीबीच रहँदै आएको बहुआयामिक भावनात्मक एकता र सम्बन्ध अझ बढी सुदृण गर्न, गैरआवासीय नेपालीले आर्जन गरेको ज्ञान, शीप र पूँजीलाई नेपालमा आकर्षण गर्न र गैरआवासीय नेपालीको हैसियत, अधिकार वा सुविधाका सम्बन्धमा गैरआवासीय नेपाली सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन प्रमाणिकरण भएको एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

(३) यो ऐन नेपाल बाहिर रहे बसेको यस ऐन अन्तर्गतको सुविधा प्राप्त गर्ने गैरआवासीय नेपाली समेतलाई लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "गैरआवासीय नेपाली" भन्नाले देहायको व्यक्ति सम्झनु पर्छः-

(१) गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति,

(२) नेपाली मूलको विदेशी नागरिक,

(३) विदेशमा बस्ने नेपाली नागरिक,

(४) विदेशी नागरिकबाट नेपालभित्र नेपाली नागरिकको हैसियतमा धर्मपुत्र वा धर्मपुत्रीको रुपमा ग्रहण भई विदेशमा रहेका व्यक्ति ।

(ख) "गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति" भन्नाले कानून बमोजिम गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ग) "गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र" भन्नाले नेपाली मूलको विदेशी नागरिकलाई कानून बमोजिम

दिइएको गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "नियोग" भन्नाले कुनै विदेशी मुलुकस्थित नेपाली राजदूतावास, स्थायी नियोग, नेपाली महावाणिज्य दूतावास, वाणिज्य दूतावास, विशेष नियोग सम्झनु पर्छ र सो शब्दले कूटनीतिक कार्य गर्न नेपाल सरकारले स्थापना गरेको विदेशस्थित कुनै कार्यालय समेतलाई जनाउँछ ।

(च) "नेपाली उत्पत्तिको व्यक्ति" भन्नाले नेपाली मूलको विदेशी नागरिक बाहेक नेपाली उत्पत्तिको अन्य विदेशी नागरिक सम्झनु पर्छ ।

(छ) "नेपाली मूलको विदेशी नागरिक" भन्नाले दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ज) "परिचयपत्र" भन्नाले दफा ५ बमोजिम जारी भएको परिचयपत्र सम्झनु पर्छ ।

(झ) "परिवारको सदस्य" भन्नाले गैरआवासीय नेपालीको एका सगोलमा रहेको वा निज आफैले पालन पोषण गर्नु पर्ने नेपाली मूलको पति वा पत्नी, छोरा छोरी, बाबु आमा, बाजे बज्यै वा नाति नातिनी सम्झनु पर्छ ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, परराष्ट्र मन्त्रालय सम्झनु पर्छ ।

(ट) "विदेशमा बस्ने नेपाली नागरिक" भन्नाले देहाय बाहेकका कुनै पेशा, व्यवसाय वा रोजगारीमा रही कम्तिमा दुई वर्ष

नेपाल कानून आयोग

देखि अन्य विदेशी मुलुकमा बसोबास गरिरहेको नेपाली नागरिक सम्झनु पर्छः-

(१) दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्रमा बसोबास गरेको,

(२) नेपाल सरकारबाट खटिई कुनै नियोगमा बहाल रहेको,

(३) विदेश स्थित कुनै शिक्षण संस्थामा अध्ययन गरिरहेको ।

(ठ) "संघ" भन्नाले दफा ३५ बमोजिम स्थापना भएको गैरआवासीय नेपाली संघ सम्झनु पर्छ ।

## परिच्छेद-२

## गैरआवासीय नेपालीको अभिलेख, हैसियत तथा परिचयपत्र

३. **नाम दर्ता गराउने :** (१) कुनै गैरआवासीय नेपाली वा निजको परिवारको सदस्यले गैरआवासीय नेपालीको हैसियतमा नाम दर्ता गराउन चाहेमा निजले आफ्नो वा आफ्नो परिवारको सदस्यको तोकिएको विवरण खुलाई नेपालभित्र भए तोकिएको निकाय र नेपाल बाहिर भए सम्बन्धित नियोगमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालभित्र भए गैरआवासीय नेपाली संघको केन्द्रीय कार्यालय र नेपाल बाहिर भए सम्बन्धित विदेशी मुलुक वा त्यसको कुनै शहर वा प्रान्तमा रहेको संघको शाखाले तोकिएको विवरण खुलाई आधिकारिक रुपमा प्रमाणित गरी गैरआवासीय नेपालीको नाम दर्ता गराउन निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको निवेदन विद्युतीय माध्यम मार्फत दिन सकिनेछ ।

(४) उपदफा (१), (२) वा (३) बमोजिम निवेदन दिएकोमा नेपालभित्र भए तोकिएको अधिकारी र नेपाल बाहिर भए सम्बन्धित नियोग प्रमुखले आवश्यक छानवीन गरी तोकिएको ढाँचामा गैरआवासीय नेपालीको अभिलेख राखी त्यसको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम राखेको अभिलेखको एक एक प्रति सम्बन्धित नियोग र तोकिएको अधिकारीले मन्त्रालय र तोकिएको निकायमा पठाउनु पर्नेछ।

(६) मन्त्रालय र तोकिएको निकायले उपदफा (५) बमोजिम प्राप्त अभिलेख तोकिएको ढाँचामा आफ्नो वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

४. **गैरआवासीय नेपालीको हैसियत प्राप्त गर्ने** : (१) दफा ३ बमोजिम अभिलेखमा नाम दर्ता भएको व्यक्तिले यस ऐनको प्रयोजनकोलागि गैरआवासीय नेपालीको हैसियत प्राप्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गैरआवासीय नेपालीको हैसियत प्राप्त गरेको व्यक्तिको परिवारको सदस्यले स्वतः त्यस्तो हैसियत प्राप्त गरेको मानिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको संविधान बमोजिम गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न नसक्ने व्यक्तिले त्यस्तो परिवारको सदस्य भए तापनि निजले त्यस्तो हैसियत प्राप्त गर्ने छैन ।

५. **परिचयपत्र जारी गर्ने** : (१) दफा ३ बमोजिमको अभिलेखमा नाम समावेश भएको गैरआवासीय नेपालीले सो हैसियतको परिचयपत्र लिन चाहेमा तोकिएको विवरण खुलाई तोकिएको अधिकारीसमक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन विद्युतीय माध्यम मार्फत दिन सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम निवेदन प्राप्त भएमा तोकिएको अधिकारीले आवश्यक छानवीन गरी निवेदन विवरण मनासिव देखिएमा तोकिएको दस्तूर लिई तोकिएको ढाँचामा गैरआवासीय नेपाली परिचयपत्र जारी गर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र पाएको व्यक्ति भए त्यस्तो प्रमाणपत्र नै निजको लागि यस ऐन बमोजिम जारी भएको परिचयपत्र मानिनेछ ।

तर निजले परिचयपत्र लिन चाहेमा यस दफा बमोजिम परिचयपत्र जारी गर्न बाधा पर्ने छैन ।

६. **परिचयपत्र आधिकारिक प्रमाणपत्र हुने** : प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक दफा ५ बमोजिम जारी भएको परिचयपत्र यस ऐनको प्रयोजनकालागि गैरआवासीय नेपालीले नेपालभित्र प्रयोग गर्ने आधिकारिक प्रमाणपत्र हुनेछ र त्यसलाई जुनसुकै सरकारी वा गैरसरकारी कार्यालयले मान्यता दिनु पर्नेछ ।

७. **परिचयपत्रको मान्य अवधि** : (१) दफा ५ को उपदफा (३) बमोजिम जारी भएको परिचयपत्रको मान्य अवधि विदेशमा बस्ने नेपाली नागरिक भए जारी गरिएको मितिले तीन वर्ष र अन्य गैरआवासीय नेपाली भए दश वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि समाप्त हुनु अगावै सम्बन्धित गैरआवासीय नेपालीले तोकिएको नवीकरण दस्तूर सहित तोकिएको अधिकारी समक्ष परिचयपत्रको नवीकरणका लागि निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको अवधि समाप्त भएको तीन महिनाभित्र भए उपदफा (२) बमोजिम लाग्ने दस्तूरमा पचास प्रतिशत र तीन महीनादेखि एक वर्षसम्म भए सत प्रतिशत नवीकरण दस्तूर थप गरी नवीकरणका लागि निवेदन दिन सकिनेछ ।

(४) उपदफा (२) वा (३) बमोजिमको निवेदन प्राप्त भएमा तोकिएको अधिकारीले पहिलो पटकका लागि भए उपदफा (१) बमोजिमको अवधि बमोजिम र त्यस पछिका प्रत्येक पटकका लागि विदेशमा बस्ने नेपाली नागरिक भए दुई वर्ष र अन्य गैरआवासीय नेपाली भए पाँच वर्षका लागि तोकिएको नवीकरण दस्तूर लिई नवीकरण गर्नेछ ।

(५) यस दफा बमोजिम नवीकरण नगराएको परिचयपत्र स्वतः रद्द हुनेछ ।

८. **नेपाल भ्रमण गर्नुपर्ने** : दफा ५ बमोजिम परिचयपत्र प्राप्त गरेको गैरआवासीय नेपालीले प्रत्येक पाँच वर्षको अवधिभित्र कम्तिमा एक महीना नेपालमा नै बिताउने गरी कम्तिमा एक पटक नेपालको भ्रमण गर्नु पर्नेछ ।

तर विदेशमा बस्ने नेपाली नागरिकको हकमा यो व्यवस्था लागू हुनेछैन।

९. **परिचयपत्र रद्द हुने** : (१) देहायको अवस्थामा परिचयपत्र रद्द हुनेछः-

(क) सम्बन्धित व्यक्तिले स्वेच्छाले परिचयपत्र फिर्ता गरेमा,

(ख) दफा ७ को उपदफा (५) वा दफा ४४ बमोजिम रद्द भएमा,

(ग) दफा ८ बमोजिम नेपाल भ्रमण नगरेमा,

(घ) परिचयपत्र प्राप्त गरेको सम्बन्धित व्यक्तिको मृत्यु भएमा,

(ङ) परिचयपत्र प्राप्त व्यक्तिले कानून बमोजिम नेपालको नागरिकता पुनः प्राप्त गरी नेपालमा नै बसोबास गरेमा, वा

(च) विदेशमा बस्ने नेपाली नागरिक भए निज नेपालमा फर्किई बसोबास गरेमा ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र रद्द भएको कारणबाट गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्ति भए निजको त्यस्तो नागरिकता उपर प्रतिकूल प्रभाव पर्ने छैन ।

## परिच्छेद-३

## गैरआवासीय नेपालीको आर्थिक तथा सामाजिक अधिकार र सुविधा

१०. **सम्पत्ति प्राप्ति, भोग र व्यवस्थापन गर्न सक्ने** : (१) गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको प्रत्येक व्यक्तिले यो ऐन वा प्रचलित कानूनको अधीनमा रही कुनै चल वा अचल सम्पत्ति प्राप्त गर्ने, आर्जन, भोग वा धारण गर्ने, बेचविखन गर्ने, सम्पत्तिबाट व्यावसायिक लाभ प्राप्त गर्ने वा अन्य कुनै किसिमबाट व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली मूलको विदेशी नागरिकले नेपाल भित्र बसोबास गर्नका लागि आफ्नो वा आफ्नो परिवारको सदस्यको लागि जग्गाको हकबन्दी सम्बन्धी प्रचलित कानून तथा तोकिएको शर्तको अधीनमा रही घर घडेरीको प्रयोजनका लागि तोकिएको क्षेत्रफलसम्मको जग्गा वा अन्य अचल सम्पत्ति खरिद गर्न, त्यसको धारण गर्न, भोग गर्न वा वेचविखन गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम चल वा अचल सम्पत्ति खरिद, विक्री वा अन्य तरीकाले व्यवस्थापन गर्दा, दान वा वकस लिँदा वा दिँदा, नामसारी गर्दा वा धितो वा बन्धक दिँदा वा लिँदा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि खरिद वा विक्री गर्ने वा धितो बन्धक लिने वा दिने वा अन्य तरीकाले व्यवस्थापन गर्ने व्यक्तिले गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र वा परिचयत्रपत्रको प्रमाणित प्रति सहित सक्कल प्रति पेश गरेमा नेपाली नागरिक सरह निजको नाममा खरिद, विक्री वा नामसारी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रमाणपत्र वा परिचयपत्र पेश भएकोमा सम्बन्धित सरकारी वा गैरसरकारी कार्यालयले सोही उपदफा बमोजिमको कुनै काम गर्दा सोही व्यहोरा उल्लेख गरी निजको पहिचान खुल्ने गरी सम्बन्धित अभिलेखमा जनाउनु पर्नेछ ।

११. **अंश वा अपुताली प्राप्त गर्न सक्ने** : (१) कुनै गैरआवासीय नेपालीले कानून बमोजिम नेपालभित्र कुनै अंश वा अपुताली पाउने रहेछ भने नेपाली नागरिक सरह अंश वा अपुताली प्राप्त गर्न र भोग चलन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अंश वा अपुताली प्राप्त गर्दा अचल सम्पत्ति प्राप्त भएको रहेछ भने गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्ति भए निजले नेपाली नागरिक सरह र नेपाली मूलको विदेशी नागरिक भए दफा १० को उपदफा (२) बमोजिमको क्षेत्रफलभित्र सीमित भए सोही दफा बमोजिम भोगचलन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अंश वा अपुताली प्राप्त गर्दा दफा १० को उपदफा (२) बमोजिमको क्षेत्रफल भन्दा बढी हुने भएमा बढी भएको हदसम्म निजले कानून बमोजिम विक्री, वितरण वा हक हस्तान्तरण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम अंश वा अपुताली वापत प्राप्त अचल सम्पत्ति उपदफा (३) बमोजिम निजले विक्री, वितरण वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न नचाहेमा सोही व्यहोरा उल्लेख गरी बढी भएको हदसम्मको अचल सम्पत्ति भोग चलन गर्न स्वीकृतिको लागि नेपाल सरकार समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा नेपाल सरकारले शर्त तोकी वा नतोकी निजलाई त्यस्तो सम्पत्ति धारण गर्न र भोगचलन गर्ने स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृति प्राप्त भएकोमा सम्बन्धित सरकारी वा गैर सरकारी कार्यालयले सोही व्यहोरा उल्लेख गरी अभिलेख राख्नु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको संविधान बमोजिम गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न नसक्ने व्यक्तिको चल वा अचल सम्पत्तिको अंश वा अपुताली प्रचलित कानून बमोजिम हुनेछ ।

१२. **सम्पत्तिको स्वामीत्व, हक, भोगमा असर नपर्ने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली मूलको कुनै विदेशी नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गर्नु अघि निजको नाममा कायम भइ सकेको चल वा अचल सम्पत्तिउपर निजले त्यस्तो नागरिकता प्राप्त गरेको कारणले मात्र कुनै असर पर्ने छैन र निजले आफ्नो जीवनकालभर नेपाली नागरिक सरह भोगचलन गर्न सक्नेछ ।

तर निजको मृत्यु भएमा अपुताली सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि नै गैरआवासीय नेपालीको हैसियत प्राप्त गरेको व्यक्तिले खरिद गरिसकेको अचल सम्पत्ति जतिसुकै परिमाणमा भए तापनि यो ऐन प्रारम्भ भएपछि दुई वर्षभित्र निजले त्यस्तो सम्पत्ति खरिद गरेको व्यहोरा उद्घोषण गरी सम्बन्धित कार्यालयमा निवेदन गरेमा निजले जुनसुकै हैसियतमा खरिद गरेको भए तापनि एकपटकको लागि कानून सम्मत रुपमा नै खरिद गरेको मानिनेछ ।

**१३. <u>सम्पत्तिको हस्तान्तरण र भोगमा असर नपर्ने</u> :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको चल वा अचल सम्पत्ति गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्न नसक्ने हकवाला हुने भएमा त्यस्तो हकवालामा हस्तान्तरण हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको चल वा अचल सम्पत्ति प्राप्त गर्न, धारण गर्न र भोगचलन गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम हस्तान्तरण हुने चल वा अचल सम्पत्तिको भोगचलन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**१४. <u>खास उद्योग वा व्यवसाय खुला रहने</u> :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले विदेशी लगानीका लागि खुल्ला गरिएको अन्य उद्योग वा व्यवसायका अतिरिक्त पशुपन्छी पालन, माछापालन, मौरीपालन, फलफूल खेती, दलहन वा दूग्ध व्यवसायका क्षेत्रमा तोकिएको रकम भन्दा कम नहुने गरी लगानी गर्न र व्यवसाय संचालन गर्न सक्नेछ ।

**१५. <u>पेशा वा व्यवसाय संचालन गर्न सक्ने</u> :** (१) गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिले नेपाली नागरिक सरह प्रचलित कानूनको अधीनमा रही नेपालमा कुनै पनि पेशा वा व्यवसाय संचालन गरी सेवा प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पेशा वा व्यवसाय संचालन गरेकोमा त्यसको नियमन वा अनुगमन गर्ने निकायले त्यसको अभिलेख राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेशा वा व्यवसाय संचालन गरेको कारणबाट प्राप्त हुने आयको तोकिए बमोजिमको रकम आफू रहे बसेको मुलुकमा लैजान सक्नेछ ।

१६. **विदेशी लगानी गर्न र रकम फिर्ता लैजान सक्ने :** (१) गैरआवासीय नेपालीले विदेशी लगानीकर्ताको हैसियतमा नेपालमा विदेशी लगानी गर्न र विदेशी लगानी गरेको कारणले प्रचलित कानून बमोजिम प्राप्त हुने अधिकार, सुविधा, सहुलियत वा छूट प्राप्त गर्न, प्रयोग वा अभ्यास गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा बस्ने नेपाली नागरिकले उपदफा (१) बमोजिम बैकिङ्ग प्रणाली मार्फत परिवर्त्य विदेशी मुद्रामा नेपालमा लगानी गरेकोमा निजले गरेको लगानी रकम र त्यसबाट आर्जित रकम प्रचलित कानूनको अधीनमा रही फिर्ता लैजान सक्नेछ ।

१७. **बैंक खाता खोल्न सक्ने :** गैरआवासीय नेपालीले कानून बमोजिम कुनै पनि नेपाली बैंक वा वित्तीय संस्थामा नेपाली मुद्रामा वा बैकिङ्ग प्रणाली मार्फत नेपाल भित्र्याएको परिवर्त्य विदेशी मुद्रा भए विदेशी मुद्रामा नेपाली नागरिक सरह बैंक खाता खोल्न, संचालन वा कारोबार गर्न सक्नेछ।

१८. **रोजगारी प्राप्त गर्न सक्ने :** (१) गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले नेपाली नागरिक सरह सरकारी, गैरसरकारी, संगठित वा असंगठित क्षेत्रमा रोजगारी वा श्रमको समान शर्तमा रोजगारी प्राप्त गर्ने तथा पारिश्रमिक र सुविधा प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका क्षेत्रमा वा सेवाको पदमा त्यस्तो व्यक्तिले रोजगारी प्राप्त गर्न सक्ने छैन:-

(क) संवैधानिक परिषद वा न्याय परिषदको सिफारिसमा नियुक्त हुने कुनै पनि पद,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको निजामती सेवा वा अन्य सरकारी सेवाको पद,

(ग) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, नेपाल विशेष सेवा वा त्यस्तो सेवाको पद,

(घ) कूटनैतिक सेवा वा त्यस्तो सेवाको कुनै पद ।

(४) उपदफा (१) बमोजिम कुनै व्यक्तिले रोजगारी प्राप्त गरेकोमा सम्बन्धित संस्था वा व्यक्तिले त्यसको जानकारी सम्बन्धित नियमनकारी निकाय र श्रम विभागलाई दिनु  पर्नेछ ।

नेपाल कानून आयोग

(५) उपदफा (३) बमोजिमको जानकारी प्राप्त भएकोमा सम्बन्धित नियमनकारी निकाय र श्रम विभागले त्यसको तोकिए बमोजिमको ढाँचामा अद्यावधिक विवरणको अभिलेख राख्नु पर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने वा सौदावाजी गर्ने वा बेरोजगार सहायता प्राप्त गर्ने हक हुने छैन ।

१९. **<u>सामाजिक संरक्षण उपयोग गर्न सक्ने</u>** : दफा १८ बमोजिम रोजगारी प्राप्त गरेको व्यक्तिले नेपाली नागरिक सरह कानून बमोजिम योगदानमा आधारित निवृत्तभरण, उपदान, अशक्तवृत्ति, कर्मचारी संचय कोष सुविधा, पारिवारिक उपदान वा त्यस्तै प्रकृतिका अन्य सामाजिक संरक्षणको सुविधा उपयोग गर्न सक्नेछ ।

तर कानून बमोजिम वितरण हुने जेष्ठ नागरिक भत्ता, एकल महिला, अपांगता भएका व्यक्ति वा नेपाली नागरिकलाई मात्र प्राप्त हुने अन्य भत्ता उपलब्ध गराउन सकिने छैन ।

२०. **<u>स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने</u>** : (१) नेपालमा बसोबास गर्ने गैरआवासीय नेपाली वा निजको परिवारको सदस्यले नेपाली नागरिक सरह निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सक्नेछ ।

(२) गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति वा निजको परिवारको सदस्यलाई नेपाली नागरिक सरह स्वास्थ्य सेवामा पहुँच हुने, आकस्मिक स्वास्थ्य सेवा वा स्वास्थ्योपचार पाउने वा स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउन सक्नेछ ।

२१. **<u>समान शुल्क, महसूल वा दस्तूर भुक्तानी गर्ने</u>** : (१) गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले यस ऐन वा प्रचलित कानून बमोजिम कुनै सरकारी निकायबाट कुनै सेवा वा वस्तु प्राप्त गर्दा कुनै शुल्क, दस्तूर वा महसूल भुक्तानी गर्दा नेपाली नागरिक सरह समान रकम भुक्तानी गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी क्षेत्रबाट प्रवाह हुने सेवा वा वस्तु वा कुनै विशेष प्रकृतिको सेवा बापत फरक शुल्क, दस्तूर वा महसूल तोक्न बाधा पर्ने छैन ।

## परिच्छेद - ४

## <u>साँस्कृतिक अधिकार</u>

२२. **शिक्षा प्राप्त गर्ने अधिकार** : (१) गैरआवासीय नेपाली वा निजको परिवारको सदस्यलाई नेपालमा बसोबास गर्दा नेपाली नागरिक सरह प्रारम्भिक बाल विकास शिक्षा, अनिवार्य आधारभूत शिक्षा, माध्यमिक शिक्षा वा उच्च शिक्षामा पहुँच हुनेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षा प्राप्त गर्न गैरआवासीय नेपाली वा निजको परिवारको सदस्यलाई नेपाली नागरिक सरह कानून बमोजिम विद्यालय वा शिक्षण संस्थामा प्रवेश पाउने, अध्ययन वा अनुसन्धान गर्ने, वैज्ञानिक खोज वा आविष्कार गर्ने, परीक्षामा सहभागी हुने, शैक्षिक प्रमाणपत्र वा उपाधि प्राप्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आधारभूत शिक्षा सामुदायिक विद्यालयबाट प्राप्त गर्दा कुनै गैरआवासीय नेपाली वा निजको परिवारको सदस्यले कानून बमोजिम नेपाली नागरिक सरह निःशुल्क प्राप्त गर्न सक्नेछ ।

(४) गैरआवासीय नेपालीले यस दफा बमोजिम आधारभूत, माध्यमिक वा उच्च शिक्षा प्राप्त गर्दा कानून बमोजिम नेपाली नागरिकले भुक्तानी गर्नु पर्ने शुल्क वा दस्तूर भन्दा बढी शुल्क वा दस्तूर बुझाउनु पर्ने छैन ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा वा विदेशमा प्राविधिक वा व्यावसायिक माध्यमिक शिक्षा वा उच्च शिक्षाको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले कानून बमोजिम खास लक्षित समूह वा व्यक्तिलाई उपलब्ध गराएको वा नेपाली नागरिकलाई मात्र प्रदान गर्ने गरी उपलब्ध गराएको सहुलियत, छूट वा छात्रवृत्ति गैरआवासीय नेपालीलाई उपलब्ध हुने छैन ।

२३. **बौद्धिक सम्पत्तिको संरक्षण** : (१) गैरआवासीय नेपालीले नेपालमा कुनै पनि साहित्यिक, कलात्मक कृति सृजना गरी प्रतिलिपि अधिकार वा औद्योगिक सम्पत्ति मानिने कुनै पनि काम गरी कानून बमोजिम नेपाली नागरिक सरह बौद्धिक सम्पत्तिको अधिकार प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बौद्धिक सम्पत्तिको अधिकार प्राप्त गर्न सक्ने शर्त, त्यसको संरक्षण अवधि वा त्यसबाट प्राप्त गर्ने नैतिक वा आर्थिक अधिकार कानून बमोजिम संरक्षण हुनेछ ।

## परिच्छेद-५

## प्रवेशाज्ञा तथा अध्यागमन सम्बन्धी कार्यविधि

२४. **<u>प्रवेशाज्ञा आवश्यक नहुने</u>** : (१) गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिले नेपाल प्रवेश गर्दा निजलाई प्रवेशाज्ञा (भिसा) आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) को प्रयोजनकालागि गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले नेपाल प्रवेश गर्दाका बखत प्रत्येक प्रवेश विन्दुमा अध्यागमन अधिकारीसमक्ष निजको नाममा रहेको विदेशी मुलुकबाट जारी भएको राहदानीसँगै गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रमाणपत्र पेश नभएको अवस्थामा निजले नेपाल प्रवेश गर्नका लागि कानून बमोजिम प्रवेशाज्ञा लिनु पर्नेछ ।

२५. **<u>नेपाली मूलको विदेशी नागरिकले प्रवेशाज्ञा लिनुपर्ने</u>** : (१) दफा २४ मा उल्लेख भएको व्यक्ति बाहेक नेपाली मूलको विदेशी नागरिकले नेपाल प्रवेश गर्नु अघि कानून बमोजिम प्रवेशाज्ञा लिनु पर्नेछ र त्यस्तो प्रवेशाज्ञा निजले चाहेमा आगमनका बखत (अन एराइभल) लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम आगमनका बखत प्रवेशाज्ञा लिन चाहने व्यक्तिले निजको नाममा रहेको विदेशी मुलुकबाट जारी भएको राहदानीसँगै परिचयपत्र पेश गर्नु पर्नेछ ।

(३) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली उत्पत्तिको व्यक्तिले नेपाल भ्रमण गर्दा प्रचलित कानून बमोजिम नेपाली मूलका विदेशी नागरिक सरह प्रवेशाज्ञाको सुविधा प्रयोग गर्न सक्नेछ ।

२६. **<u>आगमन पूर्व प्रवेशाज्ञा लिनुपर्ने</u>** : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको कुनै खास अवधिको लागि विदेशी मुलुकको राहदानी बाहक जो सुकैले नेपाल प्रवेश गर्नु अघि प्रवेशाज्ञा लिनु पर्ने व्यवस्था गर्न सक्नेछ।

२७. **<u>आवासीय अनुमति</u>** : (१) गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिलाई नेपालमा बसोबास गर्दा आवासीय अनुमति (रेजिडेन्सियल भिसा) आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) मा लेखिए बाहेक अन्य गैरआवासीय नेपालीले नेपालमा कुनै उद्योग, व्यापार, व्यवसाय वा पेशा संचालन गरेकोमा वा अध्ययन, अनुसन्धान गरेकोमा एकपटकमा दुई वर्षमा नबढ्ने गरी निज र निजको परिवारका सदस्यलाई त्यस्तो उद्योग, व्यापार, व्यवसाय वा पेशा संचालन रहेसम्म नेपाल सरकारले कानून बमोजिम आवासीय अनुमतिपत्र दिन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै गैरआवासीय नेपालीले विदेशी लगानी गरेको कारणले प्राप्त गर्न सक्ने प्रवेशाज्ञा वा आवासीय अनुमति सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

२८. **<u>गैरआवासीय नेपाली सम्बन्धी डेस्क</u>** : (१) नेपाल सरकारले प्रत्येक अन्तर्राष्ट्रिय विमानस्थलको आगमन कक्षमा गैर आवासीय नेपाली डेस्क राखी अध्यागमन सम्बन्धी सेवा प्रदान गर्ने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा नेपाली उत्पत्तिको व्यक्तिले पनि प्राप्त गर्न सक्नेछ ।

२९. **<u>आवतजावतको सुविधा</u>** : (१) गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिले नेपाली नागरिक सरह नेपालको कुनै पनि भागमा आवतजावत गर्न सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेख भएको व्यक्ति बाहेक परिचयपत्र प्राप्त गरेको गैरआवासीय नेपालीले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निषेध गरेको क्षेत्र बाहेक नेपालको अन्य कुनै पनि भागमा आवातजावात गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास अवधिको लागि कुनै खास क्षेत्र वा त्यसको कुनै भागमा जो सुकैलाई पनि आवातजावातमा निषेध वा नियन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद - ६

## <u>गैरआवासीय नेपालीको साँस्कृतिक आबद्धता</u>

३०. **<u>साँस्कृतिक आबद्धता कायम राख्ने</u>** : (१) गैरआवासीय नेपाली तथा गैरआवासीय नेपालीका परिवारका सदस्य नेपाल र नेपालप्रतिको सदभाव र भावनात्मक एकता अक्षुण राख्न र नेपालको सँस्कृतिसँग सदैव आबद्ध रहन प्रतिबद्ध हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आबद्धतालाई व्यवहारमा कार्यान्वियन गर्न गैरआवासीय नेपालीले नेपालका विभिन्न संगीत, कला, साहित्य, नाटय कला, नृत्य, चलचित्र वा विभिन्न जातिका धरोहरका रुपमा रहेका अमूर्त साँस्कृतिक सम्पदालाई गैरआवासीय नेपाली वा नेपाली उत्पत्तिका व्यक्तिहरु बीच पुऱ्याउन वा प्रदर्शन गर्न समय समयमा नेपाल बाहिर आवश्यक कार्यक्रम संचालन गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिमको कार्यक्रम संचालन गर्दा नेपाल सरकारको सहयोग आवश्यक भएमा सम्बन्धित नियोग मार्फत त्यस्तो सहयोगका लागि निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित नियोगले सहयोगको आवश्यकता, स्रोत र उपलब्धताको औचित्यता हेरी आवश्यक सहयोग गर्न सक्नेछ ।

(५) गैरआवासीय नेपाली, नेपाली उत्पत्तिका व्यक्तिहरु वा गैर राजनीतिक प्रकृतिका संघले नियोग रहेको शहरमा आयोजना गरेका गैर राजनीतिक प्रकृतिका सामाजिक वा साँस्कृतिक कार्यक्रममा सम्बन्धित मुलुकमा नियोग रहेको भए नियोगका कर्मचारीले नेपाल सरकारको तर्फबाट उपस्थित भई भावनात्मक एकता जनाउँनेछ ।

३१. <u>नेपालको पहिचान गराउने</u> : (१) गैरआवासीय नेपाली वा नेपाली उत्पत्तिका व्यक्तिहरुले आफू रहे बसेको शहरमा त्यस्ता व्यक्तिहरुको सामूहिक वा सामुदायिक प्रयोजनका लागि सम्बन्धित मुलुकको कानूनको अधीनमा रही कुनै भवन बनाउँदा वा कुनै एपार्टमेन्ट वा कोठा भाडामा लिंदा त्यस्तो भवन, एपार्टमेन्ट वा कोठाको नेपाल वा नेपालका प्राकृतिक वा साँस्कृतिक सम्पदाको पहिचान गराउने वा त्यसको झल्को दिने गरी नामकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भवन निर्माण गर्दा सम्बन्धित मुलुकको कानूनको अधीनमा रही नेपाली वास्तुकला झल्काउने ढंगबाट निर्माण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नेपाली वास्तुकलाका सम्बन्धमा कुनै किसिमको प्राविधिक सहयोग आवश्यक भएमा नेपाल सरकारले सम्बन्धित नियोग मार्फत त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ ।

३२. <u>पाठ्यपुस्तक उपलब्ध गराउने</u> : (१) गैरआवासीय नेपालीले आफ्ना बालबालिकालाई नेपाली शिक्षा प्रणालीसँग आबद्ध गराउन सम्बन्धित मुलुकको कानूनको अधीनमा रही तोकिएको तहसम्मको विद्यालय स्थापना गरी संचालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम संचालन भएको विद्यालयमा नेपाली पाठ्यक्रम अनुसार पठन पाठन हुने भएमा त्यस सम्बन्धी आवश्यक पाठ्यपुस्तक नेपाल सरकारले सम्बन्धित नियोग मार्फत निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

नेपाल कानून आयोग

३३. **<u>नेपाली उत्पत्तिका व्यक्तिसँगको सहकार्य</u>** : नेपाली उत्पत्तिका व्यक्तिहरुको अनुरोधमा सम्बन्धित मुलुकको कानूनको अधीनमा रही त्यस्तो मुलुकमा रहेको नियोगले त्यस्ता व्यक्तिहरु वा त्यस्तो व्यक्तिहरुको संस्था वा प्रतिनिधिसँग नेपाली भाषा, साहित्य वा संस्कृतिका विषयमा सहकार्य वा त्यस्ता विषयमा नेपालको कुनै सहयोग आवश्यक भएमा त्यस्तो सहयोगको सहजिकरण गर्नु पर्नेछ ।

३४. **<u>अनुदीत साहित्यको प्रवर्द्धन गर्ने</u>** : गैरआवासीय नेपालीले नेपाली साहित्यका महत्वपूर्ण कृतिलाई विभिन्न विदेशी भाषामा वा विभिन्न विदेशी भाषाका महत्वपूर्ण साहित्यिक कृतिहरुलाई नेपाली वा नेपालका विभिन्न भाषामा अनुवाद गर्न नेपाल सरकारको सहयोग आवश्यक भएमा नेपाल प्रज्ञा प्रतिष्ठानले त्यसको सहजिकरण गरी विश्वस्तरको उपयुक्त कृतिको प्रकाशन गर्न वा गराउन प्रबन्ध गर्न सक्नेछ ।

## परिच्छेद - ७

## <u>गैरआवासीय नेपाली संघ तथा परोपकारी कोष</u>

३५. **<u>गैरआवासीय नेपाली संघ</u>** : (१) गैरआवासीय नेपालीबीच पारस्परिक एकता, सहयोग र सद्भाव अभिवृद्धि गर्न, गैरआवासीय नेपालीको हक तथा हित संरक्षण गर्न, गैरआवासीय नेपालीको नेपाल र नेपाली नागरिक प्रतिको सद्भाव र संस्थागत रुपमा भावनात्मक एकता प्रवर्धन गर्न कम्तिमा पच्चीस मुलुकमा रहेका कम्तिमा पचास जना गैरआवासीय नेपालीले गैरआवासीय नेपाली संघ नाम गरिएको एक संस्था संस्थापना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको संस्था संस्थापना गर्न संघको विधान तथा तोकिएको विवरण सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा तोकिएको अधिकारीले छानवीन गरी संस्था दर्ता गर्न उपयुक्त देखिएमा त्यस्तो संस्थाको विधान स्वीकृति गरी तोकिएको ढाँचामा संस्था दर्ता भएको प्रमाणपत्र दिनेछ ।

(४) संघ गैर नाफामूलक तथा गैर राजनीतिक प्रकृतिको संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गरी सो हैसियतमा अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ ।

(५) उपदफा (३) बमोजिम दर्ता भएको संस्था सम्पूर्ण गैरआवासीय नेपालीको साझा संस्था हुनेछ र त्यस्तो संस्था दर्ता भए पछि त्यस्तो संस्था कायम रहुञ्जेल त्यस्तै प्रकृतिको अर्को संस्था दर्ता हुन सक्ने छैन ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको गैर आवासीय नेपाली संघ यस ऐन बमोजिम दर्ता भई संचालन भएको मानिनेछ ।

३६. **<u>संघको नवीकरण</u> :** (१) यस ऐन बमोजिम दर्ता भएको संघ दश वर्षको लागि कायम रहनेछ र त्यसपछि प्रत्येक दश वर्षमा नवीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरण गर्नु परेमा संघ बहाल रहने अवधि समाप्त हुनु अगावै तोकिए बमोजिमको नवीकरण दस्तूर सहित तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) तोकिएको अधिकारीले उपदफा (२) बमोजिम पर्न आएको निवेदन तथा कागजातको छानवीन गरी संघको नवीकरण गर्नेछ ।

(४) यस दफा बमोजिम नवीकरण नगराएमा बहाल रहने अवधि समाप्त भएको मितिबाट संघ स्वतः विघटन भएको मानिनेछ ।

३७. **<u>संघको साधारणसभा</u> :** (१) संघको साधारणसभा कम्तीमा दुई वर्षमा एक पटक बस्ने गरी संघको विधानमा व्यवस्था गरे बमोजिम हुनेछ ।

(२) साधारणसभा सम्बन्धी अन्य व्यवस्था संघको विधानमा व्यवस्था भए बमोजिम हुनेछ ।

३८. **<u>संघको लेखा र लेखापरीक्षण</u> :** (१) संघको आय व्ययको लेखा तोकिए बमोजिम राख्नु पर्नेछ ।

(२) संघको लेखाको लेखापरीक्षण संघको साधारणसभाले नियुक्त गरेको लेखापरीक्षकबाट प्रत्येक वर्ष गराउनु पर्नेछ ।

(३) संघले उपदफा (२) बमोजिम भएको लेखापरीक्षणको एक एक प्रति प्रतिवेदन प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले सात महीनाभित्र मन्त्रालय र तोकिएको निकायमा पेश गर्नु पर्नेछ ।

३९. **<u>संघको विघटन</u> :** (१) संघले विधान बमोजिमको कार्य सञ्चालन गर्न नसकेको वा अन्य कुनै कारणबाट संघ विघटन भएमा संघको सम्पूर्ण सम्पत्ति नेपाल सरकारमा स्वतः हस्तान्तरण भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम संघ विघटन हुँदाका बखत संघको कुनै दायित्व भए संघको सम्पत्तिले खामेसम्मको दायित्व नेपाल सरकारले व्यहोर्नेछ ।

४०. **<u>गैरआवासीय नेपाली परोपकारी कोष</u> :** (१) नेपाली नागरिकका लागि विभिन्न परोपकारी कार्यक्रम संचालन गर्न वा त्यस्ता कार्यक्रममा सहयोग गर्न संघले

नेपाल सरकारको स्वीकृति लिई गैरआवासीय नेपाली परोपकारी कोष (एन.आर.एन.च्यारिटेबल फण्ड) नामक एक कोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा हुने गरी संघले विभिन्न मुलुकमा रहेका आफ्ना शाखा वा सदस्यबाट रकम संकलन गर्न वा गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम "क" वर्गको बैंक वा नेपाल बाहिरको सम्बन्धित मुलुकमा अनुमति प्राप्त बैंकमा जम्मा गर्नु पर्नेछ ।

४१. **गैरआवासीय नेपाली परोपकारी कोषको संचालन :** दफा ४० बमोजिम स्थापना भएको कोषको संचालन र व्यवस्थापन संघले मनोनयन गरेको प्रतिनिधिबाट हुनेछ ।

(२) कोषको रकम दफा ४० को उपदफा (१) बमोजिम निर्धारण भएको परोपकारी काममा खर्च गर्नु पर्नेछ ।

(३) संघले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महीनाभित्र कोषको कार्यक्रम र खर्चको सम्बन्धमा मन्त्रालय र तोकिएको निकायमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद-८

## विविध

४२. **अधिकृत वारेसनामा प्रमाणित गर्ने :** (१) कुनै गैरआवासीय नेपालीको हक र स्वामित्वको नेपालमा रहेको कुनै अचल सम्पत्तिको सम्बन्धमा देहायको कुनै काम गर्न निज आफै नेपालमा उपस्थित भई त्यस्तो काम गर्न नसकेको कारण खुलाई निजले गर्नुपर्ने काम गर्न अर्को कुनै व्यक्तिलाई अधिकृत वारेस नियुक्त गरी अधिकृत वारेसनामा प्रमाणित गरिपाउन निजको नाममा नेपालमा अचल सम्पत्ति रहेको प्रमाणित गर्ने जग्गाधनी प्रमाणपुर्जा र निजले विदेशी राज्यबाट प्राप्त गरेको राहदानी गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्र वा परिचय पत्रको प्रतिलिपि संलग्न गरी विदेशस्थित नेपाली राजदूत वा महावाणिज्यदूत समक्ष निवेदन दिएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली राजदूत वा महावाणिज्यदूतले त्यस्तो वारेसनामा प्रमाणित गर्न सक्नेछ :-

(क) त्यस्तो अचल सम्पत्तिको बिक्री वितरण वा सट्टा पट्टा गर्न वा हालैको वकसपत्र गरिदिन,

(ख) कानून बमोजिम अंश छोडपत्र वा अंश बुझिलिन,

(ग) त्यस्तो सम्पत्तिका सम्बन्धमा मुद्दा किटान गरी फिराद गर्न वा प्रतिउत्तर पत्र दर्ता गर्न,

(घ) त्यस्तो सम्पत्तिका सम्बन्धमा फिराददावी फिर्ता गर्न, मिलापत्र गर्न वा अन्य कुनै कानूनी कारवाही गर्न ।

(२) उपदफा (१) बमोजिम प्रमाणित भएको अधिकृत वारेसनामाबाट नियुक्ति भएको व्यक्तिले त्यस्तो वारेसनामा बमोजिम गरेको काम त्यस्तो गैरआवासीय नेपालीले नै गरे सरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम अधिकृत वारेसनामा प्रमाणित गर्दा खण्ड (क), (ख) वा (ग) बमोजिमको प्रयोजनका लागि भए तीनसय अमेरिकी डलर र खण्ड (घ) को प्रयोजनको लागि भए दुईसय अमेरिकी डलर बराबरको दस्तुर लाग्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत वारेसनामा नियुक्त गरी शेषपछिको वकसपत्र दिन वा पति पत्नीवीच सम्बन्ध विच्छेद हुन सक्ने छैन ।

४३. **गैरआवासीय नेपाली दिवस** : (१) ग्रिगोरियन क्यालेण्डर बमोजिम प्रत्येक वर्षको अक्टुबर एघार तारिखका दिनलाई नेपालभित्र र नेपाल बाहिर गैरआवासीय नेपाली एकता दिवसको रुपमा मनाइने छ ।

(२) संघले गैरआवासीय नेपाली रहेका नेपाल बाहिरका मुलुकमा गैरआवासीय नेपाली एकता दिवस मनाउन सहजिकरण गर्नु पर्नेछ ।

४४. **जरिवाना हुने** : (१) कुनै गैरआवासीय नेपालीले झुट्टा विवरण दिई दफा ३ बमोजिम नाम दर्ता गराएको वा दफा ५ बमोजिम परिचयपत्र प्राप्त गरेको प्रमाणित भएमा तोकिएको अधिकारीले तोकिएको कार्यविधि पूरा गरी त्यसरी भएको नाम दर्ता वा प्राप्त गरेको परिचयपत्र रद्द गरी एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम दर्ता वा परिचयपत्र रद्द भएमा त्यस्तो गैरआवासीय नेपालीलाई पाँच वर्षसम्म अर्को परिचयपत्र जारी हुन सक्ने छैन ।

(३) उपदफा (१) बमोजिम नाम दर्ता वा परिचयपत्र रद्द गरिएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

नेपाल कानून आयोग

४५. **<u>अधिकारमा असर नपर्ने</u> :** यस ऐनमा लेखिएको कुनै पनि कुराले विदेशमा बस्ने नेपाली नागरिकले नेपालमा कानून बमोजिम प्रयोग गर्ने वा गर्न सक्ने अधिकार उपर प्रतिकूल असर पर्ने छैन ।

४६. **<u>नेपाल सरकारसँग सम्पर्क</u> :** संघले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४७. **<u>नियम बनाउने अधिकार</u> :** नेपाल सरकारले यस ऐन कार्यान्वयन गर्न आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४८. **<u>खारेजी र बचाऊ</u> :** (१) गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ खारेज गरिएको छ ।

(२) गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

नेपाल कानून आयोग

## (५) <u>नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना:</u>** नेपाल कानून आयोग ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "नेपाल कानून आयोग (पहिलो संशोधन) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपाल कानून आयोग ऐन, २०६३ को दफा ३ मा संशोधनः</u>** नेपाल कानून आयोग ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ मा रहेका "एकीकरण र पुनरावलोकन गर्न" भन्ने शब्दहरुको सट्टा "एकीकरण र पुनरावलोकन गर्न, संघीय कानूनको नियमित सुधारको लागि अध्ययन गर्न" भन्ने शब्दहरु राखिएका छन् ।

३. **<u>मूल ऐनमा दफा ३क. र ३ख. थप:</u>** मूल ऐनको दफा ३ पछि देहायका दफा ३क. र ३ख. थपिएका छन्:-

"**३क. <u>विशेषज्ञ समूहको रुपमा रहने:</u>** (१) आयोग नेपालको कानून प्रणाली, न्याय प्रशासन तथा कानून सुधारका क्षेत्रमा नेपाल सरकारको एक विशेषज्ञ समूह (थिङ्क ट्यांक) हुने छ र सोही हैसियतमा कार्य सम्पादन गर्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) मा उल्लेख भएका विषयमा नयाँ नीति अवलम्बन गर्दा आयोगको परामर्श लिन सक्नेछ ।

**३ख.<u>आयोगले मसौदा गर्नु पर्ने:</u>** (१) नेपाल सरकारले कुनै विषयमा नयाँ विधेयकको मसौदा तर्जुमा गर्दा त्यसको सैद्धान्तिक सहमति प्राप्त भएपछि मसौदा गर्न आयोगलाई अनुरोध गर्न सक्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा आयोगलाई अनुरोध गर्न आवश्यक हुने छैन:-

(क) सालवसाली रुपमा नेपाल सरकारले संघीय संसदमा पेश गर्ने अर्थ सम्बन्धी विधेयकको मसौदा,

(ख) मौजुदा कुनै ऐनलाई प्रतिस्थापन गर्न पेश गर्ने विधेयकको मसौदा,

(ग) कुनै ऐन संशोधन गर्ने विधेयकको मसौदा ।"

४. **<u>मूल ऐनको दफा ४ मा संशोधनः</u>** मूल ऐनको दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) आयोगको गठन देहाय बमोजिम हुनेछः-

(क) सर्वोच्च अदालतको न्यायधीश भइसकेको वा हुने योग्यत पुगेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -अध्यक्ष

(ख) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बहाल रहेको वा त्यस्तो पदमा रही सेवा निवृत्त भएको वा वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतले कम्तीमा पन्ध्र वर्ष कानून व्यवसायीको रुपमा काम गरेको वा कानूनको अध्यापन, अनुसन्धान, तर्जुमा वा कानून वा न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति -उपाध्यक्ष

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(घ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-सदस्य

(ङ) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(च) महासचिव, नेपाल बार एशोसिएसन -सदस्य

(छ) नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बहाल रहेको वा त्यस्तो पदमा रही सेवा निवृत्त भएको, सरकारी वा गैरसरकारी क्षेत्रमा कानून वा न्यायको क्षेत्रमा काम गरी ख्यातिप्राप्त, लब्ध प्रतिष्ठित कानूनविदको रुपमा पहिचान भएका, उच्च अदालतको न्यायाधीशको पदमा रही काम गरिसकेका, अधिवक्ता वा वरिष्ठ अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष कानून व्यवसाय गरेका वा कानूनको क्षेत्रमा प्राध्यापक भइ काम गरिसकेका व्यक्तिहरुमध्येबाट उपदफा (२) बमोजिमको सिफारिस समितिको सिफारिसमा नेपाल सरकार, मन्त्रीपरिषद्बाट नियुक्त भएको कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ज) सचिव -सदस्य-सचिव ।"

५. **<u>मूल ऐनको दफा ६ मा संशोधनः</u>** मूल ऐनको दफा ६ मा रहेका "अध्यक्ष, उपाध्यक्ष तथा सदस्यमा नियुक्त तथा मनोनयन हुनको लागि दफा ४ को उपदफा (१) को खण्ड (क) वा (ख) मा उल्लिखित" भन्ने शब्दहरुको सट्टा "अध्यक्ष, उपाध्यक्ष तथा दफा ४ को उपदफा (१) को खण्ड (छ) बमोजिमको

सदस्यमा नियुक्त हुनको लागि दफा ४ को उपदफा (१) को खण्ड (क), (ख) वा (छ) मा उल्लिखित" भन्ने शब्दहरु राखि सोही दफाको खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) होस ठेगानमा रहेको ।"

६. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को उपदफा (२) मा रहेका "सदस्यको पदावधि" भन्ने शब्दहरुको सट्टा "दफा ४ को उपदफा (१) को खण्ड (छ) बमोजिम नियुक्त सदस्यको पदावधि" भन्ने शब्दहरु राखिएका छन् ।

७. **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ मा रहेका "अध्यक्ष, उपाध्यक्ष वा सदस्यले" भन्ने शब्दहरुको सट्टा " अध्यक्ष, उपाध्यक्ष वा दफा ४ को उपदफा (१) को खण्ड (छ) बमोजिम नियुक्त सदस्यले" भन्ने शब्दहरु राखिएका छन् ।

८. **मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० मा रहेका "आयोगको काम, कर्तव्य र अधिकार" भन्ने शब्दहरुको सट्टा "दफा ३क. को सर्वसामन्यतामा प्रतिकूल नहुने गरी आयोगको काम, कर्तव्य र अधिकार" भन्ने शब्दहरु राखि सोही दफाको,-

(१) खण्ड (घ) झिकिएको छ ।

(२) खण्ड (ङ) मा रहेका "हाल प्रयोग नभएका" भन्ने शब्दहरुको सट्टा "तत्काल प्रचलनमा नरहेका" भन्ने शब्दहरु राखे र सोही खण्डमा रहेका "सुझाव" भन्ने शब्दहरुको सट्टा "सिफारिस" भन्ने शब्द राखिएको छ ।

(३) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) कुनै बहुपक्षीय सन्धिको नेपाल पक्ष हुनु पर्ने देखिएमा त्यसको अध्ययन प्रतिवेदन सहित नेपाल सरकार समक्ष सिफारिस गर्ने,"

(४) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) कानूनी संग्रहको रुपमा नेपाल कानून र नेपाल कानून सम्बन्धी लिखतहरुलाई सूचना प्रविधि मैत्री बनाउन आयोगको वेवसाइट तथा एप्समा प्रकाशन गर्ने र कानूनी संग्रहलाई अद्यावधिक गरी नियमित, व्यवस्थित र पहुँचयोग्य बनाउने र त्यसको विश्वसनीयता अभिवृद्धि गर्ने, "

(५) खण्ड (झ) पछि देहायका खण्ड (झ१) र (झ२) थपिएका छन्ः-

"(झ१) कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने वा गराउने,



नेपाल कानून आयोग

(झ२) नेपाल कानूनको प्रयोगमा रहेका शब्दावली वा वाक्यांशको आधिकारिक शब्दकोष वा वाक्यांश तयार गर्ने,"

(६) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छः-

"(ट१) कानूनको सुधार वा अध्ययन गर्ने अन्य मुलुकको निकाय वा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क राख्ने वा सहकार्य गर्ने,"

९. **मूल ऐनमा दफा १०क. १०ख. र १०ग. थपः** मूल ऐनको दफा १० पछि देहायका दफा १०क. १०ख. र १०ग. थपिएका छन्:-

" **१०क. आयोगलाई कुनै खास प्रकृतिको विधेयक तर्जुमा गर्न संलग्न गराउन सकिनेः** (१) नेपाल सरकारले अध्ययन र अनुसन्धान गरी कुनै खास प्रकृतिको विधेयकको मसौदा तर्जुमा गर्न आयोगलाई अनुरोध गरेमा आयोगले त्यस्तो विषयमा अध्ययन र अनुसन्धान गरी विधेयकको मसौदा तर्जुमा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मसौदा नेपाल सरकारमा पेशगर्दा त्यस विषयमा भएको अध्ययन प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रदेश सरकारले कुनै खास प्रकृतिको विधेयकको सम्बन्धमा अध्ययन र अनुसन्धान गरी मसौदा तर्जुमा गर्न नेपाल सरकार मार्फत अनुरोध गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुरोध भएमा आयोगले सम्बन्धित विषयमा अध्ययन र अनुसन्धान गरी मसौदा तयार गर्नेछ ।

(५) उपदफा (४) बमोजिम तयार भएको मसौदा र अध्ययन प्रतिवेदन आयोगले नेपाल सरकार मार्फत सम्बन्धित प्रदेश सरकारमा कार्यान्वयनको लागि सिफारिस गर्नेछ ।

**१०ख. व्याख्यात्मक टिप्पणी तयार गर्नेः** (१) आयोगले तयार गरेको प्रत्येक मसौदाको आधार, कारण र औचित्य पुष्टि गर्ने व्याख्यात्मक टिप्पणी तयार गरी मसौदाको साथ पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्याख्यात्मक टिप्पणीमा मसौदाको प्रस्तावनाका अतिरिक्त प्रत्येक दफाको औचित्य पुष्टि गर्ने आधार र कारण उल्लेख गर्नु पर्नेछ ।

(३) आयोगले पेश गरेको मसौदामा नेपाल सरकार वा सम्बन्धित मन्त्रालयले हेरफेर वा परिवर्तन गरेमा व्याख्यात्मक टिप्पणीमा सोही बमोजिम हेरफेर वा परिवर्तन गर्नु पर्नेछ ।

(४) नेपाल सरकारले त्यस्तो विधेयकको मसौदा संघीय संसदमा पेश गर्दा त्यसको व्याख्यात्मक टिप्पणी संलग्न गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम विधेयक र व्याख्यात्मक टिप्पणी पेश भइसकेपछि सर्वसाधारणको जानकारीको लागि विधेयक र व्याख्यात्मक टिप्पणी सार्वजनिक गर्नु पर्नेछ ।

१०ग. **<u>अनुसन्धान प्रतिवेदन तयार गर्नेः</u>** आयोगले कुनै पनि विधेयकको मसौदा गर्नु अघि वा कुनै विषयमा सिफारिस गर्नु अघि त्यस्तो विषयमा देहायका कुरा स्पष्ट हुने गरी अध्ययन तथा अनुसन्धान गर्नु पर्नेछः-

(क) विषय वस्तुको पृष्टभूमि,

(ख) सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धान गर्नु पर्ने कारण,

(ग) मौजुदा कानूनी व्यवस्था कुनै भए त्यसको संक्षिप्त विवरण,

(घ) कुनै अदालतबाट सम्बन्धित विषयमा कुनै आदेश भएकोमा त्यसको संक्षिप्त विवरण,

(ङ) अन्तर्राष्ट्रिय रुपमा कुनै कानूनी व्यवस्था भए त्यसको संक्षिप्त विवरण,

(च) अन्य मुलुकमा कानूनी व्यवस्था भएको भए त्यसको संक्षिप्त विवरण र अध्ययन,

(छ) अध्ययन तथा अनुसन्धानबाट प्राप्त निष्कर्ष, र

(ज) अन्य आवश्यक विषय ।"

१०. **<u>मूल ऐनको दफा ११ मा संशोधनः</u>** मूल ऐनको दफा ११ को उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) विपद् वा संक्रामक रोगको महामारी फैलिएको वा अन्य कुनै कारणले सार्वजनिक यातायात सञ्चालन हुन नसकेको कारणबाट आयोगका सदस्यहरु उपस्थित भई बैठक हुन नसकिने वा उपयुक्त नहुने भएमा आयोगको अध्यक्षले श्रव्यदृश्य माध्यम (भिडियो कन्फ्रेसिङ) बाट आयोगको बैठक सन्चालन गर्न सक्नेछ र त्यस्तो बैठकमा सहभागी

भएको सदस्यले सोही व्यहोरा जनाई बैठक पछि उपस्थिति जनाउनु पर्नेछ ।"

११. **मूल ऐनको दफा १७ मा संशोधनः** मूल ऐनको दफा १७ को उपदफा (२) मा रहेको "भत्ता" भन्ने शब्दको सट्टा "भत्ता, पारिश्रमिक वा सुविधा" भन्ने शब्दहरु राखिएका छन् ।

१२. **मूल ऐनको दफा २२ मा संशोधनः** मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-

"२२. **प्रतिवेदन पेश गर्नु पर्नेः** (१) आयोगले वर्ष भरी गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त एक आर्थिक वर्षमा भएका देहायको विवरण र त्यसको लागत उल्लेख गर्नुपर्नेछः-

(क) आयोगले मसौदा गरी नेपाल सरकारमा पेश गरेको विधेयकको मसौदा संख्या,

(ख) आयोगले कानून सुधार वा सन्धिको पक्ष हुन अध्ययन प्रतिवेदन सहित नेपाल सरकारलाई गरेको सिफारिस संख्या,

(ग) नेपाल कानून सुधार गर्न नेपाल सरकारले अपनाउनु पर्ने नीति र मौजुदा कानूनमा तत्काल र भविष्यमा गर्नु पर्ने सुधारको विवरण,

(घ) आयोगले गरेका अन्य अध्ययन वा अनुसन्धानको विवरण,

(ङ) दफा १० को खण्ड (ञ) बमोजिम गरेका सेमिनार, गोष्ठी, अन्तरक्रियाको विवरण,

(च) आयोगको मानव स्रोत, भौतिक स्रोत तथा आर्थिक स्रोत र खर्चको विवरण,

(छ) आयोगले सञ्चालन गरेको कानूनी सचेतना कार्यक्रम र उपलब्धी,

(ज) अन्य आवश्यक विवरण ।



नेपाल कानून आयोग

(३) उपदफा (१) बमोजिम पेश गरिएको प्रतिवेदनको अतिरिक्त आयोगले कानून सुधार सम्बन्धी अध्ययन वा अनुसन्धानको प्रतिवेदन वा कानूनी क्षेत्रको अन्य कुनै विषयमा गरेको अध्ययन वा अनुसन्धानको अध्ययन प्रतिवेदन जुनसुकै बखत नेपाल सरकार समक्ष पेश गर्न सक्नेछ ।"

**१३.** **मूल ऐनको दफा २४ मा संशोधनः** मूल ऐनको दफा २४ मा रहेका "सहयोग गर्नु पर्नेछ" भन्ने शब्दहरुपछि "र आयोगलाई यस ऐन बमोजिम कार्यसम्पादन गर्न आवश्यक पर्ने भौतिक, मानव र आर्थिक स्रोत नेपाल सरकारले उपलब्ध गराउनु पर्नेछ" भन्ने शब्दहरु थपिएका छन् ।

**१४.** **मूल ऐनको दफा २५ मा संशोधनः** मूल ऐनको दफा २५ मा रहेको "सदस्यले" भन्ने शब्दको सट्टा "दफा ४ को उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका सदस्यले" भन्ने शब्दहरु राखिएका छन् ।

**१५.** **मूल ऐनमा दफा २७क. थपः** मूल ऐनको दफा २७ पछि देहायको दफा २७क. थपिएको छः-

"**२७क. कार्यविधि बनाउने अधिकारः** यस ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमको कार्यान्वयनका लागि आयोगले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।"

**१६.** **खारेजी र बचाउः** (१) दफा २१ खारेज गरिएको छ ।

(२) दफा ७ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेका सदस्यको पदावधि निज नियुक्त हुँदाका बखत कायम रहेको अवधिसम्म कायम रहनेछ ।

नेपाल कानून आयोग

## (६) <u>मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u> :** मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u> :** (१) यस ऐनको नाम "मुलुकी अपराध संहिता तथा त्यस सम्बन्धी कार्यविधि ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>मुलुकी अपराध संहिता, २०७४ मा संशोधन</u> :** मुलुकी अपराध संहिता, २०७४ को,-

(१) दफा २ को,-

(क) उपदफा (१) को खण्ड (ग) मा रहेका "दफा १६७," भन्ने शब्दहरुको सट्टा "नेपाली नागरिकका विरुद्ध भएको दफा," भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ:-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस संहिता वा कानून बमोजिम भ्रष्टाचार, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी, विमान अपहरण वा नागरिक उड्डयनका सुरक्षा विरुद्धका कसूर, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी, अन्तर्राष्ट्रिय रुपमा संरक्षित व्यक्ति विरुद्धका हिंसात्मक कसूर, अपहरण, शरीर बन्धक, लागू औषधको कारोवार, मानव बेचबिखन तथा ओसारपसार वा अन्य कुनै संगठित अपराध वा यातना सम्बन्धी कसूर उपदफा (२) बमोजिमको अवस्थामा रहेको वायुयान वा जलयानभित्र वा नेपाल बाहिर जहाँसुकै गरेको भए तापनि देहायको अवस्थामा त्यस्तो कसूर नेपाल भित्र नै भए वा गरे सरह यस संहिता वा प्रचलित कानून बमोजिम सजाय हुनेछ :-

नेपाल कानून आयोग

(क) नेपाली नागरिक वा नेपालमा स्थायी बसोबास गरेको व्यक्तिले कसूर गरेकोमा,

(ख) नेपाल, नेपाली नागरिक वा नेपालमा स्थायी बसोबास गर्ने व्यक्ति वा नेपालको कुनै पनि संगठित संस्था त्यस्तो कसूरबाट पीडित भएमा वा त्यस्ता व्यक्तिका विरुद्ध कसूर भएमा,

(ग) खण्ड (क) वा (ख) मा उल्लेख भएकोमा बाहेक अन्य कुनै व्यक्तिले त्यस्तो कुनै कसूर गरी नेपालमा प्रवेश गरेको भएमा ।"

(२) दफा ३१ को दफा शिर्षकमा रहेका "सबै सदस्यलाई" भन्ने शब्दहरुको सट्टा "सबै व्यक्तिलाई" भन्ने शब्दहरु राखि सोही दफामा रहेका "समूहका सबै सदस्यलाई" भन्ने शब्दहरुको सट्टा "सो समूहमा संलग्न सबै व्यक्तिलाई" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ३३ को उपदफा (३) मा रहेका "यस संहितामा अन्यत्र छुट्टै सजायको व्यवस्था भएकोमा" भन्ने शब्दहरुको सट्टा "यस संहिता वा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ३४ को उपदफा (३) मा रहेका "यस संहितामा अन्यथा व्यवस्था भएकोमा" भन्ने शब्दहरुको सट्टा "यस संहिता वा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा" भन्ने शब्दहरु राखिएका छन्।

(५) दफा ३५ को उपदफा (३) मा रहेका "यस संहितामा छुट्टै सजायको व्यवस्था गरिएकोमा" भन्ने शब्दहरुको सट्टा "यस संहिता वा प्रचलित कानूनमा छुट्टै व्यवस्था गरिएकोमा" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा ३८ को,-

(क) खण्ड (छ) मा रहेका "पाँच वा पाँचभन्दा बढी व्यक्तिहरु" भन्ने शब्दहरु झिकिएका छन्।



नेपाल कानून आयोग

(ख) खण्ड (ज) मा रहेका "दैवी प्रकोप भएको महामारी फैलिएको," भन्ने शब्दहरुको सट्टा "विपद परेको वा संक्रामक रोग फैलिई महामारी भएको," भन्ने शब्दहरु राखिएका छन्।

(ग) खण्ड (फ) मा रहेका "वा सङ्गठित" भन्ने शब्दहरु झिकिएका छन्।

(घ) खण्ड (ब) पछि देहायको खण्ड (ब१) थपिएको छः-

"(ब१) गर्भवती महिला विरुद्ध कसूर गरेको,"

(७) दफा ४१ को खण्ड (ङ) मा रहेका "गरेको वा गर्ने उद्देश्यले कसूर गरेको वा" भन्ने शब्दहरुको सट्टा "गरेको, वा" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा ४४ को,-

(क) उपदफा (१) मा रहेका "सजायको दोब्बरसम्म" भन्ने शब्दहरुको सट्टा "सजाय बराबर थप" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "भुक्तान गरेको" भन्ने शब्दहरुको सट्टा "भएको" भन्ने शब्द राखी सोही उपदफामा रहेका "सजायको दोब्बरसम्म" भन्ने शब्दहरुको सट्टा "सजाय बराबर थप" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ४७ को उपदफा (२) को खण्ड (ख) पछि देहायका खण्ड (ख१) र खण्ड (ख२) थपिएका छन्:-

"(ख१) जन्मकैद वा वीस वर्ष भन्दा बढी कैद सजाय हुने कसूर गरेको,

(ख२) महिला वा अठार वर्ष भन्दा कम उमेरका बालबालिका विरुद्ध कसूर गरेको,"

(१०) दफा ४८ को,-

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) बमोजिम आदेश भएकोमा त्यस्तो आदेश बमोजिम अभियोग लागेको व्यक्तिले कसूरबाट पीडित व्यक्तिलाई औषधी उपचार खर्च वा

अन्तरिम क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन सक्नेछ।

(ख) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिमको आदेश भएमा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१क) बमोजिम अभियोग लागेको व्यक्तिले त्यस्तो खर्च, क्षतिपूर्ति वा रकम उपलब्ध गराउन ईन्कार गरेमा अदालतको आदेश बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।"

(११) दफा ५४ पछि देहायको दफा ५४क. थपिएको छः-

"५४क. <u>अन्तर्राष्ट्रिय रुपमा संरक्षित व्यक्ति विरुद्ध हिंसात्मक कसूर गर्न नहुने</u>: (१) कसैले अन्तर्राष्ट्रिय रुपमा संरक्षित व्यक्ति विरुद्ध हिंसात्मक कार्य गर्न वा गराउन हुदैन ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "अन्तर्राष्ट्रिय रुपमा संरक्षित व्यक्ति" भन्नाले सम्वत २०३० साल मंसीर २९ गते शुक्रबार तदनुसार १४ डिसेम्बर, १९७३ का दिन संयुक्त राष्ट्र संघीय महासभाबाट पारित भई हस्ताक्षरको लागि खुला भएको कूटनैतिक प्रतिनिधि लगायत अन्तर्राष्ट्रिय रुपमा संरक्षित व्यक्तिहरु विरुद्धका अपराध निवारण तथा सजायका सम्बन्धमा व्यवस्था भएको महासन्धि (कन्भेन्सन अन दि प्रिभेन्सन एण्ड पनिशमेन्ट अफ क्राईम्स एगेन्स्ट इन्टरनेशनल्ली प्रोटेक्टेड पर्सनस् इन्क्लुडिङ्ग डिप्लोमेटिक एजेन्ट्स) बमोजिम परिभाषित अन्तर्राष्ट्रिय रुपमा संरक्षित व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि कसैले अन्तर्राष्ट्रिय रुपमा संरक्षित व्यक्ति विरुद्ध देहायको कुनै काम गरेमा निजले त्यस्ता व्यक्ति विरुद्ध हिंसात्मक कसूर गरेको मानिनेछः-

(क) नियतपूर्वक ज्यान मारेमा,

(ख) शारीरिक अङ्गभङ्ग वा कुटपिट गरेमा,

(ग) अपहरण वा शरीर बन्धक लिएमा,

(घ) त्यस्तो व्यक्तिको कार्यालय वा निजी वासस्थान परिसर वा सवारी साधनमा आक्रमण गरेमा,

(ङ) खण्ड (क), (ख), (ग) वा (घ) बमोजिमको कुनै कसूर गर्ने धम्की दिएमा।

(३) उपदफा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर भए जन्मकैद,

(ख) खण्ड (ख) बमोजिमको कसूर भए दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ग) बमोजिमको कसूर भए सात वर्षदेखि दश वर्षसम्म कैद,

तर, अपहरण गरी शरीर बन्धक लिएको भए दश वर्षदेखि पन्द्र वर्षसम्म कैद हुनेछ।

(घ) खण्ड (घ) बमोजिमको कसूर भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,

(ङ) खण्ड (ङ) बमोजिमको कसूर भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना।

(४) यस दफा बमोजिमको कसूर भएकोमा त्यस्तो कसूर बापत यस संहिता बमोजिम बढी सजाय हुने अवस्था रहेछ भने यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अवस्थामा सोही बमोजिम सजाय हुनेछ।"

(१२) दफा ६२ को ठाँउ ठाउँमा रहेका "सदस्यले" भन्ने शब्दहरुको सट्टा "व्यक्तिले" भन्ने शब्द राखिएको छ ।

(१३) दफा ११० पछि देहायको दफा ११०क. थपिएको छः-

"**११०क. <u>विपद वा महामारीको फाइदा लिई मूल्य बृद्धि गर्न नहुने</u>:** (१) कुनै सेवा वा वस्तु बिक्री गर्ने व्यक्तिले विपद परेको वा संक्रामक रोग फैलिएको कारणले भएको संकटपूर्ण अवस्था वा महामारीको फाइदा लिई अनुचित

ढंगबाट मुल्यबृद्धि गरी त्यस्तो वस्तु वा सेवाको बिक्री वितरण गर्नु वा गराउनु हुदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँ वा बढी मुल्य लिइ बिक्री वितरण गरेको रकम मध्ये जुन बढी हुन्छ सो बराबरको रकमसम्म जरिबाना हुनेछ।"

(१४) दफा १२१ पछि देहायको दफा १२१क. थपिएको छः-

"**१२१क.** <u>संवेदनशील अंगको दृश्यावलोकन वा छायाँङ्कन गर्न नहुनेः</u> (१) कसैले कुनै किशोरी वा महिलाले नियमित दिनचर्याको सिलसिलामा भित्री पोशाक खोल्नु पर्ने अवस्थामा निजको जानकारी विना त्यस्तो किशोरी वा महिलाको कुनै पनि संवेदनशील अंगको दृश्यावलोकन (भ्वायर) गर्न वा किशोरी वा महिलाले प्रयोग गर्ने शौचालय, स्नानकक्ष, शयनकक्ष वा पोशाक परिवर्तन कक्ष (चेन्जिङ्ग रुम) मा चियाई दृश्यावलोकन गर्न वा क्यामेरा जडान गरी अन्य कुनै किसिमले निजको स्तन, गुप्ताङ्ग, नितम्व वा अन्य संवेदनशील अंगको निजको मंजुरीविना तस्वीर लिन वा छायाँङ्कन गर्न वा गराउन हुदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बीसहजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) उपदफा (१) बमोजिम लिईएको तस्वीर वा छायाँङ्कनको दृश्य देखाई सम्बन्धित व्यक्तिबाट कुनै अनुचित लाभ लिएमा वा त्यस्तो दृश्य तेस्रो पक्षलाई वितरण वा संचार माध्यमबाट प्रकाशन वा प्रसारण गरे वा गराएमा तीन वर्ष सम्म कैद र तीसहजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै किशोरी वा महिलाको स्वीकृती वा मंजुरी लिएर नै त्यस्तो तस्वीर लिएको वा छायाँङ्कन गरिएको भए

नेपाल कानून आयोग

तापनि त्यस्तो तस्वीर वा छायाँङ्कन संचार माध्यमबाट प्रकाशन वा प्रसारण गरे वा गराएमा एक वर्षसम्म कैद वा दश हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुनेछ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "किशोरी" भन्नाले अठार वर्ष उमेर पूरा नभएकी बालिका सम्झनु पर्छ।"

(१५) दफा १२७ मा रहेका "११८ र" भन्ने शब्दहरुको सट्टा "११८, १२१क. र" भन्ने शब्दहरु राखिएका छन्।

(१६) दफा १३२ को दफा शिर्षक र उपदफा (१) मा रहेका "हातहतियार" भन्ने शब्द पछि "वा खरखजाना" भन्ने शब्दहरु थपिएका छन्।

(१७) दफा १३३ को दफा शिर्षकमा रहेका "हातहतियार खरखजाना" भन्ने शब्दहरुको सट्टा "हातहतियार वा खरखजाना" भन्ने शब्दहरु राखिएका छन्।

(१८) दफा १३८ को,-

(क) उपदफा (१) को स्पष्टीकरणको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:-

"(क) "विष्फोटक पदार्थ" भन्नाले आई. इ. डी., आर. डी. एक्स., टि. एन. टि., पी. इ. टि. एन., डाईनामाईड, जिलेटिन, टी. एन. सी., नाईट्रोग्लिसिरिन, नाईट्रोसेलुलोज (गनकटन), नाईट्रोमिथेन, एच. एम. एक्स., टेट्राईल, एन्फो, पिकरिक एसिड, लिड अजाईड, मर्करी फल्मिनेट जस्ता विष्फोटन हुन सक्ने, गराउन सकिने वा विष्फोटन भई क्षति पुऱ्याउने कुनै पनि पदार्थ वा अन्य कुनै धातुको फल्मिनेट, ब्लास्टिङ्ग क्याप, डेट कर्ड, बुस्टर, बारुद (ब्लाक पाउडर/गन पाउडडर), पाईरोडेक्स, फोटोफ्लास पाउडर, सेफ्टी फ्यूज, आतसबाजी, पटाका र सोही प्रकृतिको विष्फोटन हुने अन्य कुनै पनि कडा वा नरम प्रकृतिको विष्फोटक पदार्थ वा



नेपाल कानून आयोग

विष्फोटक पदार्थहरुको मिश्रण सम्झनु पर्छ र सो शब्दले वम र विष्फोटक पदार्थ बनाउन प्रयोग हुने कुनै पनि पदार्थ, उपकरण, मेसिन, सामग्री र संयन्त्र र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कुनै पदार्थलाई समेत जनाउँछ ।"

(ख) उपदफा (२) को स्पष्टीकरणको खण्ड (१) र (२) को सट्टा देहायका खण्ड (१) र (२) राखिएका छन्:-

"(१) "कडा विष्फोटक (हाई एक्सप्लोसिभ) पदार्थ भन्नाले" आर. डी. एक्स., टि. एन. टि., पी. इ. टि. एन., डाईनामाईड, जिलेटिन, टी. एन. सी., नाईट्रोग्लिसिरिन, नाईट्रोमिथेन, एच. एम. एक्स., टेट्राईल, एन्फो, पिकरिक एसिड, लिड अजाईड, मर्करी फल्मिनेट वा अन्य कुनै धातुको फल्मिनेट, ब्लास्टिङ्ग क्याप, डेट कर्ड, बुस्टर वा उच्चकोटीको विष्फोटक पदार्थहरुको मिश्रण वा उच्चकोटीको विष्फोटक पदार्थहरु प्रयोग गरी बनाइएको आ. ई. डी. र त्यस्तै प्रकृतिको अन्य विष्फोटक पदार्थ सम्झनु पर्छ।

(२) "नरम विष्फोटक (लो एक्सफ्लोसिभ) पदार्थ" भन्नाले नाईट्रोसेलुसन (गनकटन), वारुद (ब्लाकपाउडर/गनपाउडर), पाईरोडेक्स, फोटोफ्लास पाउडर, सेफ्टी फ्यूज, प्रोपेलेंट, निम्नकोटीको विष्फोटक पदार्थहरुको मिश्रण वा निम्नकोटीको विष्फोटक पदार्थहरु प्रयोग गरि बनाइएको आ. ई. डी. र त्यस्तै प्रकृतिको अन्य विष्फोटक पदार्थ सम्झनुपर्छ। "

नेपाल कानून आयोग

(१९) दफा १६८ को उपदफा (४) मा रहेका "तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "छ महिनासम्म कैद वा छ हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(२०) दफा १७३ को उपदफा (३) मा रहेका "कसूर गर्ने" भन्ने शब्दहरुको सट्टा "कसूर गर्ने र गराउने" भन्ने शब्दहरु राखिएका छन्।

(२१) दफा १७७ को स्पष्टीकरणमा रहेका "यस दफाको" भन्ने शब्दहरुको सट्टा "यस दफा र दफा १७८, १७९ वा १८० को" भन्ने शब्दहरु राखिएका छन्।

(२२) दफा १८५ को उपदफा (१) मा रहेका "आत्महत्या गर्न" भन्ने शब्दहरु पछि "उक्साउन, दवाव वा प्रभाव दिन वा" भन्ने शब्दहरु थपिएका छन्।

(२३) दफा १९२ को,-

(क) उपदफा (२) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) मा लेखिए बाहेक कसैको मेरुदण्ड, डडाल्नु, करङ्ग, हात, गोडा वा अन्य कुनै मानव अङ्गले स्वभाविक रुपमा गर्नुपर्ने आफ्नो काम गर्न वा अन्य पेशागत काम गर्न नसक्ने गरी काटी, भाँची, फोरी, झिकी, जलाई, फुकाली वा अन्य कुनै किसीमले बेकम्मा पारिदिएमा।"

(ख) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (२) को खण्ड (च) बमोजिमको कसूर गरेमा, कसैको दुवै आँखा फोरी दृष्टिविहीन बनाइदिएमा वा महिलाको दुवै स्तन काटि बेकम्मा पारिदिएमा पन्ध्र वर्षसम्म कैद र एकलाख पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।"

(२४) दफा २११ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ:-

"(३) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।"

(२५) दफा २१२ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ:-

"(४) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।"

(२६) दफा २१३ मा रहेका "तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तीस हजारदेखि पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ" भन्ने शब्दहरुको सट्टा "पाँच वर्षदेखि सात वर्षसम्म कैद र पचास हजारदेखि सत्तरी हजार रुपैयाँसम्म जरिबाना हुनेछ" भन्ने शब्दहरु राखिएका छन्।

(२७) दफा २१४ को,-

(क) दफा शिर्षकमा रहेका "थप सजाय हुने" भन्ने शब्दहरुको सट्टा "अपहरण गरी शरीर बन्धक लिएमा हुने सजाय" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका "सङ्गठित रुपमा" भन्ने शब्दहरुको सट्टा "तीन वा तीन भन्दा बढी व्यक्तिहरु मिली" भन्ने शब्दहरु राखिएका छन्।

(२८) दफा २१६ पछि देहायको दफा २१६क. थपिएको छ:-

"**२१६क.** **<u>कुनै किसिमको रकम, लाभ, सुविधा वा फिरौती फिर्ता गर्नु पर्ने</u>:** (१) यस परिच्छेद अन्तर्गतको कसूर गर्ने वा गराउने व्यक्तिले पीडितबाट कुनै किसिमको रकम, लाभ, सुविधा वा फिरौती लिएको रहेछ भने त्यस्तो रकम, लाभ, सुविधा वा फिरौती पीडितलाई फिर्ता गराई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कुनै किसिमको रकम, लाभ, सुविधा वा फिरौती रकम फिर्ता गर्नु अघि

पीडितको मृत्यु भएको रहेछ भने निजको एकासगोलको पति वा पत्नी, छोराछोरी वा बाबुआमालाई दिनु पर्नेछ।"

(२९) भाग २ को परिच्छेद १८ को परिच्छेद शिर्षकमा रहेको "करणी" भन्ने शब्दको सट्टा "यौनजन्य आक्रमण" भन्ने शब्दहरु राखिएका छन्।

(३०) दफा २१९ को,-

(क) उपदफा (२) मा रहेका "कुनै महिलालाई", "कुनै बालिकालाई" र "महिला वा बालिकालाई" भन्ने शब्दहरुको सट्टा क्रमशः "कुनै व्यक्तिलाई", "कुनै बालबालिकालाई" र "कुनै व्यक्ति वा बालबालिकालाई" भन्ने शब्दहरु राखी सोही उपदफाको स्पष्टीकरणको खण्ड (ग) मा रहेका "कुनै वस्तु योनीमा प्रवेश गराएमा" भन्ने शब्दहरुको सट्टा "कुनै वस्तु योनी वा गुदद्वारमा प्रवेश गराएमा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेको "महिलाको" भन्ने शब्दको सट्टा "व्यक्तिको" भन्ने शब्द राखी सोही उपदफाको,-

(१) खण्ड (क), (ख) र (ग) मा रहेका "उमेरकी बालिका" भन्ने शब्दहरुको सट्टा "उमेरको बालबालिका" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (घ) र (ङ) मा रहेका "उमेरकी महिला" भन्ने शब्दहरुको सट्टा "उमेरको व्यक्ति" भन्ने शब्दहरु राखिएका छन् ।

(३१) दफा २२५ को,-

(क) उपदफा (२) मा रहेका "कसैले करणीका आशयले" भन्ने शब्दहरुको सट्टा "यस परिच्छेदमा लेखिएका अन्य कसूर बाहेक कसैले करणीका आशयले" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका "तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "पाँच वर्षसम्म

नेपाल कानून आयोग

कैद र पचास हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरु राखिएका छन्।

(३२) दफा २२९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर,-

(क) थुनामा रहेको वा नियन्त्रणमा लिएको वा अपहरण गरेको वा शरीर बन्धक लिएको व्यक्ति विरुद्ध कसूर भएकोमा थुना, नियन्त्रण अपहरण वा शरीर बन्धकबाट मुक्त भएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन।

(ख) जवर्जस्ती करणीबाट पीडित बालबालिका अठार वर्ष भन्दा कम उमेरको भए निज वा अन्य कसैले पहिले नै उजुरी गरिसकेको अवस्थामा बाहेक निजको उमेर अठार वर्ष पूरा भएको एक वर्ष नाघेपछि उजुर लाग्ने छैन।"

(३३) दफा २३५ को उपदफा (२) को खण्ड (क) मा रहेका "ज्यान मारेको सरह" भन्ने शब्दहरुको सट्टा "जन्म कैद" भन्ने शब्दहरु राखिएका छन्।

(३४) दफा २४४ को उपदफा (२) को खण्ड (घ) मा रहेका "चोरी गरेमा" भन्ने शब्दहरुको सट्टा "जोरजुलुम गरि चोरी गरेमा" भन्ने शब्दहरु राखिएका छन्।

(३५) दफा २४५ पछि देहायको दफा २४५क. थपिएको छः-

"**२४५क. <u>चोरी गरेको सम्पत्ति प्राप्त गर्न नहुने</u> :** (१) चोरी गरी प्राप्त गरेको सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास हुने कुनै मनासिव कारण भई कसैले कुनै सम्पत्ति लिन, राख्न वा खरिद गर्न वा अन्य कुनै किसीमले प्राप्त गर्न वा गराउन हुदैन ।

(२) उपदफा (१) बमोजिमको काम गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार

रुपैयाँसम्म जरिबाना र चोरीको सम्पत्ति जफत गरी सम्बन्धित धनीलाई फिर्ता गर्नु पर्नेछ।"

(३६) दफा २४६क. को,-

(क) उपदफा (१) मा रहेका "सरकारी, सार्वजनिक वा नीजि वस्तु वा सम्पत्ति चोरी गर्ने वा चोरी गरी प्राप्त गरेको वस्तु" भन्ने शब्दहरुको सट्टा "वस्तु वा सम्पत्ति चोरी गर्ने वा चोरी गरी प्राप्त गरेको त्यस्तो वस्तु" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) र (३) झिकिएका छन्।

(३७) दफा २४७ को सट्टा देहायको दफा २४७ राखिएको छः-

"**२४७. चोरी गरेको सम्पत्तिको विगो भराउनु पर्नेः** (१) यस परिच्छेद बमोजिमको कसूर गर्ने कसूरदारबाट चोरी गरेको वस्तु वा सम्पत्ति बरामद भई वा कसूरदारले बुझाई जफत गर्न सकिने भए जफत गरी सम्बन्धित सम्पत्ति धनीलाई फिर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जफत गर्नु पर्ने वस्तु वा सम्पत्ति कसूरदारले मासिसकेको भए त्यस्तो वस्तु वा सम्पत्तिको मूल्य बराबरको रकम विगो कायम गरी त्यस्तो विगो सम्पत्ति धनीलाई भराई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विगो भराउदा चोरी गर्ने सिलसिलामा कसैको अन्य कुनै सम्पत्ति हानिनोक्सानी भएको रहेछ भने त्यसरी भएको हानि नोक्सानी बापतको क्षतिपूर्ति समेत भराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम जफत भएको वस्तु वा सम्पत्ति फिर्ता गर्दा वा विगो भराउदा त्यस्तो सम्पत्तिको प्रकृति वा प्रमाणबाट सम्पत्ति धनी यकिन हुन आएमा निजलाई फिर्ता गर्ने वा विगो भराईदिने र सम्पत्ति धनी यकिन हुन नसकेमा वा पत्ता नलागेमा त्यस्तो वस्तु वा सम्पत्ति वा विगो रकम धरौट राखी तीन महीनाभित्र दावी गर्न सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

नेपाल कानून आयोग

(५) उपदफा (४) बमोजिमको सूचनाको अवधिभित्र वास्तविक सम्पत्ति धनीले त्यस्तो वस्तु वा सम्पत्तिको प्रमाणसहित दावी गर्न आएमा जाहेरीमा लेखिएको सम्पत्तिको विवरणसंग भिडाई त्यस्तो विवरणसँग भिडेमा त्यस्तो वस्तु वा सम्पत्ति वा विगो रकम सम्बन्धित सम्पत्ति धनीलाई फिर्ता दिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम जफत भएको वस्तु वा सम्पत्ति कसैले दावी नगरेमा वा दावी गरेको भए तापनि जाहेरीमा लेखिएको वस्तु वा सम्पत्तिको विवरणसंग नभिडेमा त्यस्तो वस्तु वा सम्पत्ति लिलाम गरी प्राप्त रकम वा विगो रकम सरकारी कोषमा दाखिला गर्नु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २४६क. बमोजिम आवश्यक वस्तु मानिने वस्तु वा सम्पत्ति भए चोरी भएको वा हानि नोक्सानी भएको विगो र विगो बमोजिमको क्षतिपूर्ति कसूरदारबाट सम्बन्धित सम्पत्ति धनीलाई भराई दिनु पर्नेछ ।"

(३८) दफा २४८ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर, चोरीको दशी सहित पक्राउ परेको अवस्थामा पक्राउ परेको मितिले साठी दिनभित्र मुद्दा दर्ता गरिसक्नु पर्नेछ ।"

(३९) दफा २८७ को,-

(क) उपदफा (१) मा रहेका "कुनै कसूर गरी प्राप्त गरेको सम्पत्ति" भन्ने शब्दहरुको सट्टा "यस संहितामा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक कुनै कसूर गरी प्राप्त गरेको सम्पत्ति" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "पाँच वर्ष" भन्ने शब्दहरुको सट्टा "पाँच वर्षसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(४०) दफा ३०० पछि देहायको दफा ३००क. थपिएको छ:-

नेपाल कानून आयोग

"**३००क. <u>अवाञ्छित हैरानी दिन नहुने</u>**: (१) कसैले कुनै महिलालाई देहायको काम गरि अवाञ्छित हैरानी (स्टकिङ्ग) गर्न हुँदैन:-

(क) त्यस्तो महिलाले आपत्ति जनाउदा जनाउदै वैयक्तिक अन्तरक्रियाको लागि निजलाई पटक-पटक चिठ्ठि, पत्र लेख्ने, टेलिफोन गरी सताउने,

(ख) विद्युतीय सन्देश पठाउने, ईमेल गर्ने वा सामाजिक संजाल मार्फत निजलाई सताउने,

(ग) निजले अध्ययन वा अध्यापन गर्ने शिक्षण संस्था, आवत जावत गर्ने बाटो, रोजगारी गर्ने कार्यालय, प्रयोग गर्ने सवारी साधन, चिया पसल वा चमेनागृहमा ढुकी निजलाई अन्तरक्रिया गर्न बाध्य गर्ने वा निजको निजी विषयमा अनावश्यक हस्तक्षेप गर्ने वा मनोवैज्ञानिक दवाव दिने।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दशहजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।"

३. **<u>मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधन</u>** : मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को,-

(१) दफा २ को,-

(क) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ:-

"(ग१) "अभियुक्त" भन्नाले अदालतबाट कुनै कसूरमा दोषी ठहर भई नसकेको अभियोजित व्यक्ति सम्झनु पर्छ।"

(ख) खण्ड (त) मा रहेका "वा सहायक जिल्ला न्यायाधिवक्ता" भन्ने शब्दहरुको सट्टा ", सहायक जिल्ला न्यायाधिवक्ता वा सहायक न्यायाधिवक्ता" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १६ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (१) बमोजिम वयान लिनु अघि अभियुक्तलाई कसूर गर्न अन्य व्यक्ति संलग्न रहे वा नरहेको, संलग्न रहेको भए त्यसको प्रमाण तथा विवरण खुलाउन र निजले कसूर गरेको भए सो कुरा स्वीकार गरी प्रमाण जुटाउन र अनुसन्धान गर्न, अभियोजन पक्षलाई सहयोग गरेमा अभियोजन पक्षले दफा ३३ बमोजिम सजाय छुट दिई अभियोजन गर्न सक्ने सूचना अनुसूची-१०क. को ढाँचामा लिखित जानकारी गराउनु पर्नेछ।"

(३) दफा २० को उपदफा (७) को प्रतिवन्धात्मक वाक्यांशमा रहेका "मृत्युको कारण पत्ता लगाउन सकिने अवस्था भएमा" भन्ने शब्दहरुको सट्टा "मृत्युको कारण पत्ता लगाउन वा अनुसन्धानलाई सहजीकरण हुने अन्य प्रमाण संकलन गर्न" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २० पछि देहायको दफा २०क. थपिएको छः-

"**२०क.** **शवोत्खनन गर्न सकिनेः** (१) कुनै व्यक्ति मृत्यु भएको वा अन्य कुनै किसिमबाट निजको हत्या भएकोमा दफा २० बमोजिम लाश जाँच हुन नसकेको वा नभएको तर निजको शव कुनै ठाउँमा गाडिएको सूचना वा आशंका भएमा त्यस्तो ठाउँको उत्खनन् गरी मानव अवशेष वा अन्य प्रमाण संकलन गर्न अनुसन्धान अधिकृतले शवोत्खनन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम शवोत्खनन गर्दा सरकारी चिकित्सक वा ईजाजतप्राप्त चिकित्सक, सम्भव भएसम्म सम्बन्धित विषयविज्ञ, सम्बन्धित स्थानीय तहका कम्तीमा एकजना प्रतिनिधि, कम्तीमा दुईजना स्थानीय व्यक्ति र उपलब्ध भएसम्म सम्बन्धित व्यक्तिका परिवारको कुनै सदस्यको रोहवरमा गर्नु पर्नेछ।

नेपाल कानून आयोग

(३) उपदफा (२) बमोजिम शवोत्खनन गर्दा यथासम्भव देहायका विवरण खुलाई अनुसूची-१५क. को ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ :-

(क) शङ्कास्पद घटनास्थलको स्थलगत पहिचान, सीमाङ्कन तथा नक्साङ्कन विवरण,

(ख) शङ्कास्पद शवको स्थिति वा शवको अवशेषको विवरण,

(ग) शव पहिचान हुन सक्ने कुनै विवरण (कपडा, जुत्ता, घडी, सिक्री वा अन्य कुनै भौतिक वस्तु),

(घ) एक भन्दा बढी शव राखिएको आशंका भए शवको अनुमानित संख्या,

(ङ) शव गाडिएको, मरे वा मारिएको अनुमानित समयावधि,

(च) उत्खननबाट प्राप्त अवशेषमा रहेका वा देखिएको कुनै चोट वा हतियारको दाग,

(छ) उत्खननमा कुनै हातहतियार, गोली, विष्फोटक वा विषालु पदार्थ वा त्यसको कुनै अवशेष प्राप्त भए त्यसको विवरण,

(झ) अन्य कुनै भौतिकवस्तु, स्थिति वा विवरण भए सोको विवरण।

(४) उपदफा (३) बमोजिम संकलन गरिएको शव, शवको कुनै भाग, शवको अस्थिपञ्जर वा अवशेष वा शवसँग सम्बन्धित अन्य कुनै भौतिक वस्तु सम्बन्धित विशेषज्ञको निगरानीमा सुरक्षित ढंगले नमूना संकलन र आवश्यकता अनुसार सिलबन्दी पोका पारी परीक्षणको लागि उपयुक्त अस्पताल वा अनुमतिप्राप्त प्रयोगशालामा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त अवशेष वा अन्य भौतिक वस्तुको सम्बन्धित विशेषज्ञले अस्पताल वा



नेपाल कानून आयोग

प्रयोगशालामा परीक्षण गरी सोको प्रतिवेदन अनुसन्धान अधिकारीलाई पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम परीक्षण गरेपछि त्यस्तो लाश, अवशेष वा अस्थीपञ्जर दफा २० बमोजिम आफन्तलाई बुझाउनु पर्नेछ।"

(५) दफा २१ को उपदफा (१) मा रहेका "डि. एन. ए. वा" भन्ने शब्दहरु झिकिएका छन्।

(६) दफा २१ पछि देहायका दफा २१क.,२१ख. र २१ग. थपिएका छन्:-

"**२१क.** **<u>मानव भित्री अङ्ग (भिसेरा) परीक्षण गर्नु पर्ने</u>** : (१) दफा २० बमोजिम शव परीक्षण गर्दा मृत्युको कारण यकिन हुन नसकेमा वा मृतकको मृत्यु विषादी पदार्थ, अल्कोहलजन्य, औषधीजन्य वा अन्य कुनै रासायनिक पदार्थको कारणबाट भएको हुन सक्ने परिस्थितिजन्य सूचना वा शंका भएमा आवश्यकता अनुसार मृतकको शरीरबाट उपलब्ध भएसम्म रगत, पिसाव, कुनै अंगको तन्तु वा तरल पदार्थको स्वाब वा शरीरको भित्री अंग (भिसेरा) नमूना संकलन गरी परीक्षणको लागि नेपाल सरकारको वा अनुमतिप्राप्त प्रयोगशालामा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नमूना संकलन गर्दा त्यसको विवरण अनुसूची-१५ख. को ढाँचामा उल्लेख गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम संकलन गरिएको नमूना (भिसेरा) सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेको चिकित्सक वा स्वास्थ्यकर्मीले त्यस्तो नमूनामा अन्य पदार्थ प्रवेश वा समावेश नहुने गरी सुरक्षित तरिकाले सुरक्षण (प्रिजरभेसन) गरी पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम पठाएको नमूना प्रयोगशालामा सम्बन्धित विशेषज्ञले परीक्षण गरी त्यसको

नेपाल कानून आयोग

प्रतिवेदन अनुसूची-१५ग. को ढाँचामा तयार गरी अनुसन्धान अधिकृतलाई पठाउनु पर्नेछ।"

२१ख. **आनुवाँशिक सूचना दिने कोषको रसायन डिओक्सीराइबो न्यूक्लिक एसिड (डि. एन. ए.) परीक्षण गर्नु पर्ने** : (१) कुनै कसूरको कसूरदार पत्ता लगाउन अन्य अनुसन्धान विधिबाट संभव नभएमा वा त्यस्तो कसूर सम्बन्धी कुनै प्रमाण उपलब्ध हुन सक्दछ भन्ने अनुसन्धान अधिकृतलाई लागेमा निजले अनुसन्धानको क्रममा वा कुनै व्यक्तिको पहिचान यकिन गर्नु पर्ने अन्य अवस्थामा पीडित वा आरोपित वा सम्बन्धित व्यक्तिलाई जैविक नमूना दिन अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुरोध भएकोमा त्यस्तो नमूना संकलन गर्न मंजुरी दिनु र त्यस सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

(३) उपदफा (२) बमोजिम मंजुरी दिएकोमा त्यस्तो व्यक्तिको जैविक नमूना (बायोलोजिकल स्याम्पल) संकलन गरी मानव डिओक्सीराइबो न्यूक्लिक एसिड (डि. एन. ए.) परीक्षण गराउनु पर्नेछ।

(४) कुनै कसूरसंग सम्बन्धित घटनास्थल वा अन्य कुनै ठाँउमा पाईएका जैविक संकेतहरु वा डि. एन. ए. परीक्षण गर्न आवश्यक देखिएमा अनुसन्धान अधिकृतले आवश्यक नमूना संकलन गरी परीक्षण गराउनु पर्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिमको जैविक नमूना संकलन गर्दा आवश्यकता अनुसार सम्बन्धित व्यक्तिको र्‍याल वा र्‍यालको दाग, रगत वा रगतको दाग, विर्य वा विर्यको दाग, थुक वा अन्य कुनै स्राव, रौं, दांत, हड्डी वा अन्य कुनै पनि नमूना मानव तन्तु वा कोषबाट संकलन गर्न सकिनेछ।

नेपाल कानून आयोग

(६) उपदफा (३) बमोजिम परीक्षण गर्न आवश्यक पर्ने व्यक्तिको र्‍याल वा र्‍यालको दाग, रगत वा रगतको दाग, विर्य वा विर्यको दाग, थुक वा अन्य कुनै स्राव, रौं, दांत, हड्डी वा अन्य कुनै पनि मानव तन्तु वा कोषबाट जैविक नमूना उपलब्ध गराउन अनुसन्धान अधिकारीलाई सम्बन्धित व्यक्तिले सहयोग गरी नमूना संकलन गर्दा निजले अनुसूची-१५घ. बमोजिमको ढाँचामा मंजुरनामाको लिखत गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम नमूना संकलनगर्दा सरकारी चिकित्सक वा ईजाजतप्राप्त चिकित्सकले संभव र उपलब्ध भए सम्म सम्बन्धित व्यक्तिको परिवारका सदस्य तथा अन्य व्यक्तिको रोहवरमा र महिलाको शरीरबाट जैविक नमूना संकलन गर्दा महिला चिकित्सक र त्यस्तो चिकित्सक उपलब्ध नभएमा कम्तिमा दुईजना महिलाको रोहवरमा पुरुष चिकित्सकले संकलन गर्नु पर्नेछ।

(८) यस दफा बमोजिम संकलन गरिएको नमूना सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेको चिकित्सक वा स्वास्थ्यकर्मी वा अन्य संकलनकर्ताले त्यस्तो नमूनामा अन्य पदार्थ प्रवेश वा समावेश नहुने गरी सुरक्षित तरिकाले सुरक्षण (प्रिजरभेसन) गरी परीक्षणको लागि नेपाल सरकारको वा अनुमतिप्राप्त प्रयोगशालामा पठाउनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम प्राप्त नमूना प्रयोगशालाको सम्बन्धित विषयको विज्ञले परीक्षण गरी सोको प्रतिवेदन अनुसूची-१५ङ. को ढाँचामा तयार गर्नु पर्नेछ।"

"**२१ग.** **<u>विशेषज्ञ टोलीबाट परीक्षण गराउनु पर्नेः</u>** (१) दफा २१क. वा २१ख. बमोजिम भएको परीक्षणबाट प्राप्त निष्कर्षको आधारमा थप विषयमा स्पष्ट हुन एक भन्दा बढी चिकित्सक वा विशेषज्ञको टोलीबाट मानव भित्री अंग वा

मानव डि.एन.ए. परीक्षण हुन उपयुक्त देखिएमा त्यस्तो टोली गठन गरी त्यस्तो अंग वा मानव डि. एन. ए. परीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्ने टोलीले अनुसूची-१५ङ. बमोजिमको ढाँचामा प्रतिवेदन दिनु पर्नेछ।"

(७) दफा २२ को,-

(क) उपदफा (१) मा रहेका "सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीले" भन्ने शब्दहरुको सट्टा "सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेको चिकित्सक वा स्वास्थ्यकर्मीले" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (६) को ठाँउ ठाँउमा रहेका "सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीलाई" भन्ने शब्दहरुको सट्टा "सरकारी चिकित्सक वा नेपाल सरकारले तोकेको चिकित्सक वा स्वास्थ्यकर्मीलाई" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ:-

"(७) जवर्जस्ती करणी वा अन्य यौनजन्य हिंसा सम्बन्धी कसूर भए पीडित वा पीडकको शारीरिक तथा मानसिक अवस्थाको परीक्षण गर्नु पर्ने भएमा सम्बन्धित विषयका विज्ञ चिकित्सक वा सो सम्बन्धी तालीम प्राप्त चिकित्सक वा तालीम प्राप्त स्वास्थ्यकर्मीले सरकारी अस्पताल वा कानून बमोजिम अनुमतिप्राप्त अस्पतालमा परीक्षण गरी पीडित महिला भए अनुसूची-१६क. र पुरुष भए अनसूची-१६ख. बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी बाटोको म्याद बाहेक तीन दिनभित्र अनुसन्धान अधिकारीलाई पठाउनु पर्नेछ।"

(८) दफा ३२ को,-

(क) उपदफा (१) को खण्ड (ञ१) मा रहेका "कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्ने शब्दहरुको सट्टा "दफा ६५ को उपदफा (१) को खण्ड (क) बमोजिमको कुनै

संस्थामा बहाल रहेको पदाधिकारी वा कर्मचारी" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (१) को खण्ड (ञ२) पछि देहायका खण्ड (ञ३) र (ञ४) थपिएका छन्:-

"(ञ३) फरार भएको अभियुक्तले निवृतिभरणको सुविधा पाएको भए सोको विवरण,

(ञ४) अभियुक्तको एकल स्वामित्वमा कुनै फर्म कम्पनी रहेको भए त्यसको विवरण,"

(ग) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ:-

"(४क) यस दफा बमोजिम दायर भएको अभियोगपत्रको प्रतिलिपि कसूरबाट पीडित व्यक्तिले माग गरेमा निजलाई सम्बन्धित सरकारी वकीलले निःशुल्क उपलब्ध गराउनु पर्नेछ।"

(९) दफा ३३ को,-

(क) उपदफा (१) मा रहेका "त्यस्तो अभियुक्तलाई" भन्ने शब्दहरु पछि "अपराध संहिताको दफा ४७ वा" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "सहयोग पुऱ्याएको देखिएमा" भन्ने शब्दहरु पछि "वा दफा १६ बमोजिम अभियुक्तले आफूले गरेको कसूर स्वीकार गरी प्रमाण जुटाउन सहयोग गरेको र सजाय छुटको लागि माग गरेको देखिएमा" भन्ने शब्दहरु थपिएका छन्।

(ग) उपदफा (२) पछि देहायका उपदफा (२क), (२ख), (२ग) र (२घ) थपिएका छन्:-

"(२क) उपदफा (२) बमोजिम अभियोगपत्र दायर गर्नु अघी सजाय छुट सहितको अभियोगपत्र पेश गर्न, अनुसन्धानमा सहयोग गर्न अभियुक्त मंजुर भएमा सजाय छुट पाउनका लागि अभियुक्तले सम्बन्धित सरकारी वकील मार्फत सम्बन्धित अदालतमा अनुसूची-२०क. बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२ख) उपदफा (२क) बमोजिम निवेदन प्राप्त भएमा अदालतले तारेख तोकी सरकारी वकिल र निजमार्फत अभियुक्तलाई अदालतमा उपस्थित हुन आदेश दिनु पर्नेछ ।

(२ग) उपदफा (२ख) बमोजिमको आदेश बमोजिम उपस्थित भएको अभियुक्तले निवेदन माग बमोजिमको सजाय छुटको सुविधा प्राप्त गर्न अदालतमा उपस्थित भई मञ्जुर गरेमा त्यसको अभिलेख राखी सजाय छुटको दावी लिई अभियोजन गर्न आदेश दिन सक्नेछ।

(२घ) उपदफा (२ग) बमोजिम आदेश दिनु अघि अभियुक्तले निजको कानून व्यवसायी मार्फत सजाय घटाउने मागका सम्बन्धमा आफ्नो कुरा अदालतसमक्ष प्रस्तुत गर्न चाहेमा अदालतले अनुमति दिनु पर्नेछ।"

(ग) उपदफा (३) मा रहेका "उपदफा (२) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपदफा (२ग) बमोजिम आदेश भएकोमा यस दफा बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(घ) उपदफा (५) झिकिएको छ।

(१०) दफा ३३ पछि देहायको दफा ३३क. थपिएको छः-

"**३३क. <u>रोक्का रहेको सम्पत्ति फुकुवा गर्नु पर्ने</u>**: कुनै फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले कुनै व्यक्तिको सम्पत्ति रोक्का राखेकोमा दफा ३१ बमोजिम अनुसन्धान प्रतिवेदन पेश भई दफा ३२ बमोजिम अभियोगपत्र दायर भएकोमा त्यस्तो सम्पत्ति थप रोक्का राख्न आवश्यक नभएमा सरकारी वकील वा सम्बन्धित व्यक्तिको निवेदन बमोजिम सम्बन्धित अदालतले मनासिव देखिएमा रोक्का फुकुवा गर्ने आदेश दिन सक्नेछ।"

(११) दफा ६५ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन्:-

नेपाल कानून आयोग

"(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएमा सम्बन्धित अधिकारी वा निकायले लेखि आए बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम पक्राउ पूर्जी जारी भई पक्राउ हुन नसकेको वा फरार रहेको अभियुक्त अदालतमा उपस्थित भएमा उपदफा (३) बमोजिम कार्यान्वयन भएको सूचना रद्द गर्न अदालतले सम्बन्धित अधिकारी वा निकायलाई लेखि पठाउनु पर्नेछ ।"

(१२) दफा ६६ पछि देहायका दफा ६६क., ६६ख. र ६६ग. थपिएका छन् :-

६६क. **बेरीतको म्याद बदर हुने**: (१) यस परिच्छेद बमोजिमको कार्यविधि पूरा गरी म्याद तामेल नभएको वा म्याद नै तामेल नगरेको सम्बन्धमा मुद्दा किनारा हुनु अघि जहिले सुकै पनि मुद्दाको पक्षले अदालतमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिब रहेको अदालतबाट ठहर भएमा बेरीतसँग तामेल भएको म्याद बदर गरी पुनः म्याद तामेल गर्न वा सम्बन्धित पक्षलाई अदालतमा नै म्याद बुझिलिन अदालतले आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेद बमोजिम तामेल गरी ल्याएको म्याद अदालतले जाँच्दा रीत नपुर्‍याई तामेल गरी ल्याएको देखिएमा त्यस्तो म्याद बदर गरी पुनः रीत पुर्‍याई तामेल गर्न लगाउनु पर्नेछ ।

**६६ख.** **फैसला गर्न सकिने**: (१) अदालतबाट जारी भएको पक्राउपूर्जी, समाव्हान वा म्याद बमोजिमको अवधिभित्र अदालतका उपस्थित नभई वा प्रतिवादी दाखिला नगरी म्याद गुजारेको अभियुक्त वा प्रतिवादीको हकमा कानून बमोजिम फैसला गर्न सकिनेछ।



नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम भएको फैसला उपर पुनरावेदन गर्न सकिने छैन।

६६ग. **<u>प्रतिउत्तरपत्र सरहको पुनरावेदन दिन सक्ने</u>** : (१) दफा ६६ख. मा जुनसुकै कुरा लेखिएको भए तापनि यस परिच्छेद बमोजिमको कार्यविधि पूरा नगरी पक्राउपूर्जी, समाव्हान वा म्याद बेरीतसँग तामेल गरेको कारण मुद्दामा प्रतिरक्षा गर्न वा प्रतिउत्तरपत्र पेश गर्न नपाई आफ्नो विरुद्धमा तल्लो अदालतबाट एकतर्फी फैसला भएको व्यहोरा उल्लेख गरी त्यस्तो फैसला भएको छ महिनाभित्रमा थाहा पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित अभियुक्त वा प्रतिबादीले प्रतिउत्तरपत्र सरहको पुनरावेदन सम्बन्धित पुनरावेदन सुन्ने अदालतमा पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिउत्तरपत्र सरहको पुनरावेदन प्राप्त भएमा पुनरावेदन सुन्ने अदालतले त्यस्तो पुनरावेदनपत्र उपर सुनुवाई गर्नु अघि अभियोग पत्र वा फिरादपत्रमा अभियुक्त वा प्रतिबादी बनाइएका व्यक्तिलाई पक्राउपूर्जी, समाव्हान वा म्याद रीतपूर्वक तामेल भए वा नभएको सम्बन्धमा ठहर गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सुनुवाई गर्दा अभियुक्त वा प्रतिवादीलाई पक्राउपूर्जी, समाव्हान वा म्याद रीतपूर्वक तामेल नगरेको भन्ने पुनरावेदन सुन्ने अदालतबाट ठहर भएमा त्यस्तो मुद्दामा तल्लो अदालतबाट भएको एकतर्फी फैसला बदर गरी पुनरावेदनपत्रलाई नै प्रतिउत्तरपत्र कायम गरी कानून बमोजिम मुद्दाको पुनः कारबाही, सुनुवाई र किनारा गर्न तल्लो अदालतलाई आदेश दिई मुद्दाको मिसिल त्यस्तो अदालतमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावेदन सुन्ने अदालतबाट आदेश सहितको मिसिल प्राप्त भएमा सम्बन्धित अदालतले त्यस्तो मिसिल प्राप्त भएको तीन

दिनभित्र बाटोको म्याद बाहेक सात दिनको वादीका नाममा म्याद तामेल गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम म्याद तामेल भएकोमा म्यादभित्र वादी हाजिर भए वा म्याद समाप्त भएपछि कानून बमोजिम मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ ।"

(१३) दफा १३० को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा उपस्थित भई बयान नदिएको वा अनुसूची-४ बमोजिमको मुद्दा भए प्रतिउत्तरपत्र दाखिला नगरेको अभियुक्त वा प्रतिवादी वा बयान दिई वा प्रतिउत्तरपत्र दाखिला गरिसकेपछि तारेख गुजारेको अभियुक्त वा प्रतिवादीले कानून व्यवसायी नियुक्त गरी आफ्नो तर्फबाट बहस पैरवी गराउन सक्ने छैन ।

तर, तारेख गुजार्नु अघी नै आफु उपर लागेको आरोप खण्डन गर्न वा आफ्नो तर्फबाट प्रतिरक्षा गर्न अभियुक्त वा प्रतिवादीले कुनै कानून व्यवसायी नियुक्त गरिसकेको रहेछ भने त्यसरी नियुक्त भएको कानून व्यवसायीलाई निजको तर्फबाट बहस पैरवी गर्न अदालतले अनुमति दिन सक्नेछ ।"

(१४) दफा १३४ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३३ बमोजिम सजाय कम गर्ने गरी माग दावी लिई अभियोगपत्र दायर भएकोमा त्यस्तो अभियोगपत्र बमोजिम भएको सजाय हुने गरि भएको फैसला उपर पुनरावेदन लाग्ने छैन।

तर त्यस्तो फैसलामा कुनै कानूनी प्रश्न समावेश भएको रहेछ भने त्यस्तो प्रश्नको निवारणको लागि पुनरावेदन गर्न सकिनेछ ।"

(१५) दफा १३७ को उपदफा (६) मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरु राखि सोही उपदफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर, भ्रष्ट्राचार सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन तथा ओसार पसार र लागू औषधको कारोवार वा बैङ्किङ्ग कसूरमा तारिखमा छोड्न सकिने छैन ।"

(१६) दफा १५४ पछि देहायको दफा १५४क. थपिएको छः-

"**१५४क. कैद वा जरिबाना छुट हुन सक्ने**: (१) दफा १५४ मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतको फैसला बमोजिम कसूरदार ठहर भएको व्यक्तिले फैसलाको सूचना पाएको साठी दिनभित्र स्वैच्छाले अदालतमा आफै उपस्थित भई फैसला बमोजिमको कैद वा जरिबाना कार्यान्वयन गर्न अदालतलाई सहयोग गरेमा त्यस्तो व्यक्तिले ठहर भएको कैद वा जरिबाना वा दुवै सजायको बीस प्रतिशत छुट पाउनेछ।

(२) उपदफा (१) बमोजिम कसूरदार ठहर भएको व्यक्ति उपस्थित भएमा सम्बन्धित अदालतले सोही दिन कैदी पूर्जी जारी गरी त्यस्तो व्यक्तिलाई सम्बन्धित कारागारमा पठाउनु पर्नेछ।"

(१७) दफा १५५ को उपदफा (१) मा रहेका "सजाय भएको मुद्दामा" भन्ने शब्दहरुको सट्टा "सजाय तोकिएको मुद्दामा" भन्ने शब्दहरु राखिएका छन् ।

(१८) दफा १६२ को उपदफा (४) मा रहेको “तत्काल” भन्ने शब्दको सट्टा “फैसला अन्तिम भएपछि तत्काल” भन्ने शब्दहरु राखिएका छन्।

(१९) दफा १६४ को उपदफा (५) मा रहेका "सात वर्षभन्दा" भन्ने शब्दहरुको सट्टा "दश वर्षभन्दा" भन्ने शब्दहरु राखिएका छन् ।

(२०) दफा १६५ को,-

(क) उपदफा (९) मा रहेका "चार वर्षभन्दा बढी" भन्ने शब्दहरुको सट्टा "दफा १६४ को उपदफा (५)

बमोजिमको अवधी भन्दा बढी" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (११) पछि देहायको दफा (११क) थपिएको छः-

"(११क) यस दफा बमोजिम कुनै व्यक्तिको बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भराईदिए बापत अदालतले त्यस्तो बिगो, क्षतिपूर्ति वा रकमको तीन प्रतिशत रकम अदालती दस्तूर बापत सम्बन्धित व्यक्तिबाट लिनु पर्नेछ ।"

(२१) दफा १९३क. को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसूर ठहर भई कैदमा रहेको कसूरदारले त्यस्तो कसूरको सम्बन्धमा कैदमा रहेको कार्यालय मार्फत उजुरी, निवेदन, फिरादपत्र, प्रतिउत्तरपत्र र पुनरावेदनपत्र दिंदा कुनै दस्तुर लाग्ने छैन।"

(२२) अनुसूची-१ को प्रकरण १. को खण्ड (क) को,-

(क) उपखण्ड (२) पछि देहायको उपखण्ड (२क) थपिएको छः-

"(२क) परिच्छेद-३ को दफा ८५"

(ख) उपखण्ड (३) मा रहेका "९४ र १०२" भन्ने अङ्कहरुको सट्टा "९४, ९५, १०० र १०२" भन्ने अङ्कहरु राखिएका छन्।

(ग) उपखण्ड (१७) मा रहेका "२१९, २२१" भन्ने अङ्कहरुको सट्टा "२१९, २२० को उपदफा (२) को खण्ड (क), २२१" भन्ने अङ्क र शब्दहरु राखिएका छन्।

(घ) उपखण्ड (२२) मा रहेका "उपदफा (३) को खण्ड (क), (ख)" भन्ने शब्दहरुको सट्टा "उपदफा (३) को खण्ड (क), (क१), (ख)," भन्ने शब्दहरु राखिएका छन्।

नेपाल कानून आयोग

(२३) अनुसूची-४ को प्रकरण १. को खण्ड (क) को उपखण्ड (३) मा रहेका "दफा २२०" भन्ने शब्दहरुको सट्टा "दफा २२० को खण्ड (ख), (ग) र (घ)" भन्ने शब्दहरु राखिएका छन्।

४. **<u>फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा संशोधनः</u>** फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को,-

(१) दफा ८ को उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) फौजदारी कार्यविधि संहिताको दफा ९८ को उपदफा (४) वा (८) बमोजिम मुद्दा जगाई कारवाही र किनारा गर्नु पर्ने कसूर,"

(२) दफा ९ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि शुरु अदालतबाट एकपटक सुनुवाई भई सजाय निर्धारण भएकोमा शुरु अदालतबाट भएको ठहर पुनरावेदन सुन्ने अदालतबाट सदर भएमा यस दफा बमोजिम सुनुवाई गर्नु पर्ने छैन।"

(३) दफा १२ को उपदफा (६) मा रहेको "तोकिएको" भन्ने शब्दको सट्टा "नतोकिएको" भन्ने शब्द राखिएको छ।

(४) दफा २९ को उपदफा (१) मा रहेका "दुई तिहाई" भन्ने शब्दहरुको सट्टा "चालीस प्रतिशत" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ४१ को उपदफा (७) मा रहेका "निजको आश्रित हकवालालाई" भन्ने शब्दहरुको सट्टा "निजको एकासगोलको पति वा पत्नी, छोरा छोरी वा बाबु आमालाई" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा ४८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

नेपाल कानून आयोग

"(२) उपदफा (१) बमोजिम खडा भएको कोषमा अदालतको फैसला बमोजिम जरिबाना बापत प्राप्त हुने रकम र अपराध संहिता वा प्रचलित कानून बमोजिम कैद बस्नु पर्ने कसूरदार फौजदारी कार्यविधि संहिता बमोजिम कैद नबसी कैद बापत तिरेको रकमबाट प्राप्त रकमको पचास प्रतिशत रकम जम्मा गर्नु पर्नेछ।"

५. **प्रचलित ऐन बमोजिम हुने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु भन्दा अघि नै भइसकेका कसूरमा त्यस्तो कसूर हुदाका बखत कायम रहेको कानून बमोजिम हुनेछ ।

तर, त्यस्तो कसूरमा यस ऐन बमोजिम कम सजाय हुने रहेछ भने यसै ऐन बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

## (७) <u>केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u>:** केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "केही फौजदारी कसूर सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रमाण ऐन, २०३१ मा संशोधन</u> :** प्रमाण ऐन, २०३१ को दफा ७ को खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन्:-

"(ख१) कुनै वस्तु गैर कानूनी हो भन्ने थाहा पाई कसैको साथमा रहेकोमा त्यस्तो वस्तु निजले गैर कानूनी हो भन्ने जानी जानी नै राखेको हो भनी अदालतले अनुमान गर्न सक्नेछ।

(ख२) कुनै कसूरको अनुसन्धानको क्रममा कुनै प्रमाण प्राप्त गर्ने वा कुनै व्यक्तिको पहिचान यकिन गर्नुपर्ने अवस्थामा कुनै व्यक्तिबाट मानव डिओक्सीराइबो न्यूक्लिक एसिड (डि.एन.ए.) परीक्षणको लागि र्‍याल, रगत, विर्य, थुक वा अन्य कुनै स्वाव, रौ, दाँत वा अन्य कुनै मानव तन्तुको जैविक नमूना उपलब्ध गराउन त्यस्तो व्यक्तिलाई अनुरोध गरिएकोमा निजले त्यस्तो नमूना संकलन गर्न अनुमति दिन इन्कार गरेमा त्यस्तो नमूनाको परीक्षणबाट प्राप्त परिणाम (निष्कर्ष) निजको विरुद्ध प्रमाण लाग्न सक्ने कुराको अदालतले अनुमान गर्न सक्नेछ।"

३. **<u>ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा संशोधन</u> :** ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १२ को उपदफा (१क) को सट्टा देहायको उपदफा (१क) राखिएको छ:-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी, लागू औषधको कारोवार, मानव बेचबिखन तथा ओसारपसार,

संगठित अपराध, जवर्जस्ती करणी, तेजाव प्रयोग गरी ज्यान मारेको, अङ्गभङ्ग गरेको वा शारीरिक क्षति पुऱ्याएको कसूरमा त्यस्तो छुट हुन सक्ने छैन।"

४. **<u>मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन</u> :** मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (४) मा रहेका "मुलुकी ऐनको हाडनाता करणीको महल" भन्ने शब्दहरुको सट्टा "हाडनाता करणीमा प्रचलित कानून" भन्ने शब्दहरु राखिएका छन् ।

५. **<u>घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधन</u> :** घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को,-

(१) दफा २ को खण्ड (ग) मा रहेका "तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाव बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ५क. को उपदफा (१) मा रहेका "तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाव बाहेक अन्य रासायनीक पदार्थ" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १३ को उपदफा (१) मा रहेका "तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरुको सट्टा "तेजाव बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरु राखिएका छन् ।

६. **<u>कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा संशोधन</u> :** कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा १२ को उपदफा (१) मा रहेका "छ महिनासम्म" भन्ने शब्दहरुको सट्टा "एक वर्षसम्म" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>अपराध पीडित संरक्षण ऐन, २०७५ मा संशोधन</u> :** अपराध पीडित संरक्षण ऐन, २०७५ को,-

(१) दफा २२ पछि देहायको दफा २२क. थपिएको छ :-

"२२क. <u>छुट्टै कक्षको व्यवस्था गर्नु पर्ने</u>: कुनै कसूरको अनुसन्धान अभियोजन गर्ने, मुद्दाको कारवाई, किनारा वा सुनुवाई गर्ने निकायबाट त्यस्तो कसूरबाट पीडित प्राकृतिक व्यक्ति भए निजको लागि कसूर सम्बन्धी जानकारी प्राप्त गर्न, कसूरको सम्बन्धमा सम्बन्धित अधिकारीबाट मनोसामाजिक परामर्श प्राप्त गर्न वा कसूरको सम्बन्धमा छलफल गर्न छुट्टै कक्षको व्यवस्था गर्नु पर्नेछ ।"

(२) दफा ३७ को सट्टा देहायको दफा ३७ राखिएको छ:-

"३७. <u>पीडितको मृत्यु भएमा क्षतिपूर्ति पाउने</u>: यस ऐन बमोजिम क्षतिपूर्ति रकम प्राप्त नगर्दै पीडितको मृत्यु भएमा त्यस्तो रकम निजको एकासगोलको पति वा पत्नी, छोरा छोरी वा बाबु आमाले पाउनेछ।"

८. <u>सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ मा संशोधन</u>: सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ को,-

(१) दफा १५ को,-

(क) खण्ड (ख), (घ) र (ङ) मा रहेका "अठ्ठाईस हप्तासम्मको" भन्ने शब्दहरुको सट्टा "बाईस हप्तासम्मको" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड (ग) मा रहेका "अठ्ठाईस हप्तासम्मको" भन्ने शब्दहरुको सट्टा "अठार हप्तासम्मको" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा १८ पछि देहायको दफा १८क. थपिएको छ:-

"१८क. <u>डिओक्सीराइबो न्यूक्लिक एसिड (डि. एन. ए.) परीक्षणको लागि नमूना संकलन गर्नु पर्ने</u>: (१)

जवर्जस्ती करणी वा हाडनाता करणीको कारणबाट गर्भ रहेकोमा त्यस्तो काम बापत कानून बमोजिम मुद्दा चलेको र त्यसरी गर्भधारण गरेकी महिलाले गर्भपतन गराउन चाहेमा यस परिच्छेद बमोजिम गर्भपतन गराउदा गर्भपतन गराईसके पछि भ्रुणबाट डि. एन. ए. परीक्षणको लागि कानून बमोजिम आवश्यक नमूना संकलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन गरिएको नमूना परीक्षणको लागि सम्बन्धित अस्पताल वा अनुमतिप्राप्त प्रयोगशालामा पठाउनु पर्नेछ।"

(३) दफा २६ को खण्ड (ग) मा रहेका "मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १८८ बमोजिमको सजाय" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानूनमा तोकिएको सजायमा थप तीन वर्ष कैद सजाय" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २९ मा रहेका "रुग्णता लगायतका महिनावारी" भन्ने शब्दहरुको सट्टा "रुग्णता वा महिनावारी भएको कारणबाट यस ऐन बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

९. **<u>प्रचलित ऐन बमोजिम हुने</u> :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु भन्दा अघि नै भइसकेका कसूरमा त्यस्तो कसूर हुदाका बखत कायम रहेको कानून बमोजिम हुनेछ ।

तर, त्यस्तो कसूरमा यस ऐन बमोजिम कम सजाय हुने रहेछ भने यसै ऐन बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

## (८) <u>कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरणका सम्बन्धमा ब्यवस्था गर्न वनेको विधेयक</u>

<u>प्रस्तावना:</u> परम्परागत निर्वाहमूखी कृषि व्यवसायलाई उत्पादनमूखी तथा बजारमूखी व्यवसायमा रुपान्तरण गरी कृषि क्षेत्रको दिगो विकास गर्न, कृषि उत्पादनको प्रवर्द्धन, व्यवसायीकरण, विविधिकरण तथा बजारीकरणवाट रोजगारीका अवसर सिर्जना गर्न र मुलुकको अर्थतन्त्रलाई टेवा पुऱ्याउन र कृषि कार्यलाई आय आर्जनको उपयुक्त माध्यम तथा मर्यादित व्यवसायको रुपमा विकास गरी सर्वसाधारणलाई कृषि व्यवसायमा अझ बढी आकर्षण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद – १

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "कृषि व्यवसाय (प्रवर्द्धन र व्यवसायीकरण) ऐन, २०७८" रहेको छ ।

(२) यो ऐनको दफा १४, १६, ३० र ४१ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि सोही सूचनामा तोकेको स्थानीय तहमा प्रारम्भ हुनेछ र अन्य दफाहरु प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिन देखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "किसान" भन्नाले कृषिलाई आफ्नो पेशा वा व्यवसाय बनाई जीवन निर्वाह गर्ने व्यक्ति सम्झनु पर्दछ र सो शब्दले कसैको घर वा जग्गालाई भाडा वा अन्य कुनै किसिमले लिई कृषि उत्पादन गर्ने व्यक्ति, समूह वा व्यवसायीक संस्था समेतलाई जनाउछ ।

(ख) "कृषि उत्पादन" भन्नाले किसान, कृषि उद्यमी वा कृषि व्यवसायीले मानव श्रम उपयोग गरी जैविक वा गैरजैविक स्रोतबाट जैविक वा गैरजैविक रुपमा उत्पादन वा संकलन गरेको अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित पदार्थ सम्झनु पर्दछ ।

(ग) "कृषि उद्यमी" भन्नाले कृषि उत्पादन वा कृषि सामाग्रीको प्रशोधन वा अर्धप्रशोधन, तयारी, प्याकेजिङ्ग, भण्डारण, ढुवानी,

बजारीकरण वा अन्य कुनै किसिमले कृषि व्यवसाय गर्ने वा कृषि उत्पादनको खरिद तथा बिक्री गर्ने व्यक्ति, समूह वा व्यवसायीक संस्था सम्झनु पर्दछ ।

(घ) "कृषि सामाग्री" भन्नाले कृषि उत्पादनकालागि आवश्यक हुने स्रोत, साधन वा उपकरण सम्झनु पर्दछ र सो शब्दले कृषि उत्पादनकालागि आवश्यक बिउ, बेर्ना, नश्ल, बीज, सिमेन, भ्रुण, हार्मोन, मल, दाना, औषधि, विषादी, पोषण, पशुपंक्षी आहार, औजार, उपकरण, सुविधा वा कृषि उत्पादनकोलागि आवश्यक हुने भौतिक संरचना समेतलाई जनाउछ ।

(ङ) "कृषि व्यवसायी" भन्नाले कृषिको व्यवसायीक उत्पादन गर्ने किसान सम्झनु पर्दछ ।

(च) "व्यवसायीक उत्पादन" भन्नाले बजारमा बिक्री गर्ने उद्देश्यले उत्पादन गरेको कृषि उत्पादन सम्झनु पर्दछ ।

(छ) "व्यवसायीक करार" भन्नाले दफा १८ बमोजिम गरिने कृषि करार सम्झनु पर्दछ।

(ज) "व्यवसायीक संस्था" भन्नाले दफा ४ बमोजिमको संस्था सम्झनु पर्दछ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद- २

## कृषि व्यवसायको प्रवर्द्धन

३. **व्यवसायीक उत्पादन गर्न सक्नेः** (१) किसानले यस ऐन बमोजिम कृषि व्यवसायबाट व्यवसायीक उत्पादन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसायीक उत्पादन गर्ने किसानले यस ऐन बमोजिमको सुविधा र सहुलियत प्राप्त गर्न र उपभोग गर्न सक्नेछ ।

४. **व्यवसायीक संस्था स्थापना गर्न सक्नेः** (१) दफा ३ बमोजिम व्यवसायीक उत्पादन वा त्यस्तो उत्पादनको ढुवानी वा बजारीकरण गर्न चाहने किसानले एक्लै वा अन्य कुनै व्यक्तिसँग मिली देहायको कुनै एक वा एक भन्दा बढी व्यवसायीक संस्था स्थापना वा समूह गठन गरी कानून बमोजिम दर्ता गराउनु पर्नेछः

(क) एकल किसान भए आफ्नो नाममा प्राइभेट फर्म,

(ख) दुई वा दुई भन्दा बढी किसान भए संयुक्त रुपमा आफ्नो शेयरको हिस्सा खुलाई साझेदारी फर्म,

(ग) एकल किसान वा एक भन्दा बढी किसानको शेयर रहने गरी कम्पनी,

(घ) किसानहरु सदस्य हुने गरी सहकारी संस्था,

(ङ) व्यवसायीक रुपमा कुनै खास किसिमको कृषि उत्पादन गर्ने वा सामूहिक रुपमा त्यस्तो उत्पादन गर्ने गरी बनाएका किसानहरुको समूह,

(च) कुनै खास किसिमको वस्तु उत्पादन गर्ने वस्तुगत संस्था वा समूह ।

(२) उपदफा (१) बमोजिम स्थापना वा गठन हुने व्यवसायीक संस्था दर्ता गराई त्यस्ता संस्था मार्फत भएमा सम्बन्धित किसानले कृषि उत्पादन गरेमा व्यवसायीक रुपमा कृषि उत्पादन गरेको मानिनेछ ।

(३) यस दफामा अन्यत्र जुनसकै कुरा लेखिएको भए तापनि कुनै किसानले तोकिएको अवधिसम्म निरन्तर रुपमा दफा १८ बमोजिम करार गरी कृषि उत्पादनको आपूर्ति गरेमा वा अर्को किसानलाई बिक्री गरेमा त्यस्तो किसानले व्यवसायीक रुपमा कृषि उत्पादन गरेको मानिनेछ ।

(४) यस परिच्छेद बमोजिम कृषि व्यवसायीले किसानले व्यवसायीक रुपमा उत्पादन गरेको कृषि उत्पादनको मोटामोटी परिमाण सम्बन्धित स्थानीय तहले राख्नु पर्नेछ र त्यस्तो परिमाणको आधारमा यस ऐन बमोजिम सम्पादन गर्नु पर्ने काम सम्पादन गर्नु पर्नेछ ।

५. **व्यवसायीक उत्पादनका कार्यक्रमको घोषणा गर्ने:** (१) नेपाल सरकारले समय समयमा नेपालको कुनै खास क्षेत्रमा खास किसिमको कृषिको व्यवसायीक उत्पादन कार्यक्रम घोषणा गरी कार्यान्यवन गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रममा प्रतिकूल नहुने गरी प्रदेश सरकारले समय समयमा सम्बन्धित प्रदेश भित्रको कुनै खास क्षेत्रमा खास किसिमका कृषिको व्यवसायीक उत्पादनको कार्यक्रम घोषणा गरी कार्यान्वयन गर्न वा गराउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका कार्यक्रमको प्रतिकूल नहुने गरी स्थानीय तहले आफ्नो क्षेत्र भित्र समय समयमा खास किसिमको कृषिको

व्यवसायीक उत्पादनको कार्यक्रम घोषणा गरी कार्यक्रम कार्यान्वयन गर्न वा गराउन सक्नेछ ।

(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले व्यवसायीक उत्पादन कार्यक्रम कार्यान्वयन गर्दा वा गराउदा आवश्यकता अनुसार निजी क्षेत्रसँग सहकार्य गरी सार्वजनिक निजी साझेदारी अन्तर्गत कार्यान्वयन गर्न वा गराउन सक्नेछ ।

(५) यस दफा बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले कार्यक्रम घोषणा गर्दा दोहोरो नपर्ने र कृषिको उत्पादन बृद्धि भई किसानको व्यवसाय प्रवर्द्धन हुने गरी गर्नु पर्नेछ र त्यस्तो कार्यक्रम कार्यान्वयन गर्दा वा गराउदा किसानलाई प्रदान गरिने सहुलियत, सुविधा वा बजार पहूँच तथा त्यस्तो सहुलियत, सुविधा वा बजार पहूँच प्राप्त गर्न पूरा गर्नु पर्ने शर्त समेत सार्वजनिक गर्नुपर्नेछ ।

६. **<u>खास क्षेत्रमा खास किसिमको बाली लगाउन सिफारिश गर्नेः</u>** (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले मुलुकको भौगोलिक अवस्था, भूमिमा रहेको माटोको गुण, भौगोलिक वनावट वा व्यवसायीक सम्भावनाको आधारमा व्यवसायीक कृषि उत्पादनकोलागि खास क्षेत्रमा खास किसिमको बाली लगाउन वा अन्य कुनै कृषि उत्पादन गर्न किसानलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरेको बाली लगाई वा अन्य कुनै कृषिको व्यवसायीक उत्पादन गरेमा सम्बन्धित स्थानीय तहले त्यस्तो बाली वा उत्पादनकालागि चाहिने कृषि सामाग्री, प्राविधिक ज्ञान वा परामर्श सेवा तोकिए बमोजिम सहुलियत दरमा उपलब्ध गराउनु पर्नेछ ।

७. **<u>खास किसिमको बालीलाई आधारभूत बालीको रुपमा घोषणा गर्नेः</u>** (१) कृषि उत्पादनमा मुलुकलाई आत्म निर्भर बनाई व्यवसायीक उत्पादन बृद्धि गर्न र माग र आपूर्तिको सन्तुलन मिलाउन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी खास किसिमको बाली वा कृषि उत्पादनलाई खास क्षेत्रमा आधारभूत बाली वा आधारभूत कृषि उत्पादनको रुपमा घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले खाद्य सुरक्षाको दृष्टिकोणबाट र विदेशी बजारमा माग भएका निकासीयोग्य बालीको रुपमा विकास हुने बाली, उच्च मूल्यका बाली, औद्योगिक उत्पादनकोलागि ठूलो मात्रामा कच्चा पदार्थको रुपमा प्रयोग हुने बाली वा अन्य

कृषि उत्पादन वा खास किसिमको बालीलाई आधारभूत बाली वा आधारभूत कृषि उत्पादनको रुपमा घोषणा गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम घोषणा गरिएका आधारभूत बाली उत्पादन गर्न आवश्यक पर्ने कृषि सामाग्री नेपाल सरकारले सहुलियत दरमा उपलब्ध गराउन सक्नेछ र त्यस्ता बालीको बजार सुनिश्चित गर्न सक्नेछ ।

८. **<u>रैथाने कृषि उपजलाई विशेष सहुलियत तथा सुविधा दिन सक्नेः</u>** परम्परागत रुपमा सदियौ देखि कृषकले खेति र संरक्षण गर्दै आई रहेका कृषि उत्पादन वा त्यस्तो उत्पादन गर्ने शीपलाई नेपाल सरकारले तोकिए बमोजिम बिशेष सहुलियत तथा सुविधा उपलब्ध गराउन सक्नेछ ।

९. **<u>प्राकृतिक विपदको कारणले हुने हानी नोक्सानीको राहत सुविधा दिनु पर्ने:</u>** (१) यस ऐन बमोजिम व्यवसायीक रुपमा उत्पादन गर्ने कृषि व्यवसायीले लगाएको कृषि बाली असिना, खडेरी, आँधी, अतिबृष्टि वा आगजनी जस्ता प्राकृतिक विपदको कारणवाट आंशिक वा पूर्णरुपमा हानी वा नोक्सानी भएमा सम्बन्धित स्थानीय तहले तोकिएको आधारमा तोकिए बमोजिमको राहत सुविधा सम्बन्धित किसानलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राहत सुविधा प्राकृतिक विपद व्यवस्थापन गरी अर्को बाली लगाउन आवश्यक बीउ, विजन, नश्ल, मल, प्राविधिक ज्ञान, विषादी तथा श्रम वापतको खर्च संवोधन हुने गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम दिइएको राहत मध्ये तीस प्रतिशत सम्बन्धित प्रदेश सरकारले र चालीस प्रतिशत नेपाल सरकारले सम्बन्धित स्थानीय तहलाई सोधभर्ना गर्न अनुदान उपलब्ध गराउनु पर्नेछ ।

१०. **<u>जलवायु परिवर्तनबाट हुन सक्ने प्रतिकूल प्रभावको व्यवस्थापनः</u>** (१) नेपाल सरकारले जलवायु परिवर्तनवाट कृषिको व्यवसायीक उत्पादनमा प्रतिकूल प्रभाव वा त्यसवाट हुने जोखिम न्यूनीकरणकालागि निवाराणात्मक उपायहरु अवलम्वन गर्न आवश्यक ब्यवस्था गर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनकोलागि नेपाल सरकारले निरन्तर अध्ययन र अनुसन्धान गरी त्यसबाट प्राप्त निष्कर्ष र सूचना वा पूर्व सूचना किसानलाई दिनु पर्नेछ ।

११. **<u>विशेष प्रकृतिका छुट र सुविधाः</u>** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले व्यवसायीक रुपमा तोकिए बमोजिमका नगदेबाली वा कृषि

उत्पादन गर्ने कृषि व्यवसायीलाई कृषि उत्पादन वा कृषि उत्पादनको निकासी वृद्धि गर्न तोकिए बमोजिम विषेश छुट र सुविधा प्रदान गर्न सक्नेछ ।

१२. **<u>उत्पादनको ग्रेडिङ्ग गर्नु पर्नेः</u>** (१) कृषि व्यवसायीले व्यवसायीक रुपमा गरेको आफ्नो कृषि उत्पादनको बजार प्रवर्द्धन गर्न त्यसको आकार, गुण वा प्रकृति अनुसार विभिन्न ग्रेडिङ्ग गरी त्यस्तो उत्पादनको व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ग्रेडिङ्ग गरेको व्यवसायीक उत्पादनको फरक-फरक मूल्य कायम हुन सक्नेछ ।

(३) प्रदेश सरकार वा स्थानीय तहले यस दफा बमोजिम व्यवसायीक उत्पादनको ग्रेडिङ्ग गर्न त्यस्तो उत्पादन गर्ने किसानलाई तोकिए बमोजिम आवश्यक प्रशिक्षण वा प्राविधिक सहायता निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

१३. **<u>जग्गा उपलब्ध गराउनु पर्नेः</u>** (१) व्यवसायीक उत्पादन गर्ने किसानलाई उत्पादन विस्तार गर्न वा उत्पादनको परिमाण बढाउन जुन स्थानीय तहको जुन वडामा त्यस्तो उत्पादन गरेको हो सोही वडामा वा सोही स्थानीय तहको अन्य वडामा जग्गा आवश्यक भएमा निजले जग्गा उपलब्ध गराइदिन सम्बन्धित वडा कार्यालय मार्फत सम्बन्धित स्थानीय तहमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा उपलब्ध गराउन निवेदन दिदा आवश्यक भएको जग्गाको अनुमानित क्षेत्रफल, उत्पादन गर्न प्रस्ताव गरिएको कृषि उत्पदान, जग्गा प्रयोग गर्न चाहेको न्यूनतम मोटामोटी अवधि उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएमा स्थानीय तहले प्रस्तावित उत्पादनको प्रकृति अनुसार सम्भावित जग्गाधनीसँग परामर्श गरी तोकिए बमोजिम अल्पकालीन, मध्यकालीन वा दीर्घकालीन अवधिकोलागि भाडामा जग्गा उपलब्ध गराउन सहजीकरण गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सहजीकरणगर्दा स्थानीय तहले सम्बन्धित जग्गाधनी र किसान बीच करारका शर्तहरु निर्धारण गर्न र करार गर्न सहयोग गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम भाडामा उपलब्ध गराएको जग्गाको तोकिए बमोजिम सम्मको अवधिकालागि तोकिए बमोजिम भाडाको आंशिक रकममा स्थानीय तहले अनुदान दिन सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहमा रहेको र तत्काल उपयोगमा नरहेको सरकारी जग्गा नेपाल सरकारको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले व्यवसायीक उत्पादन गर्ने किसानलाई तोकिएको अवधिसम्मकालागि भाडामा दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिमको अवधि समाप्त भएपछि सम्बन्धित व्यक्तिले त्यस्तो जग्गा नेपाल सरकारलाई फिर्ता गर्नु पर्नेछ ।

तर त्यस्तो जग्गामा लगाएको बाली संकलन गर्ने वा कुनै संरचना निर्माण भएको भए फिर्ता लिन सूचना दिएको मितिले छ महिना मध्ये जुन बढी हुन्छ त्यस्तो अवधिसम्म फिर्ता लिन सकिने छैन ।

१४. **करारमा आधारित कृषि उत्पादन गर्ने:** (१) प्रदेश सरकार वा स्थानीय तहले किसान वा कृषि उद्यमीसँग करार गरी कुनै खास किसिमको कृषि उत्पादन करार बमोजिम गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम करारका शर्तको अधिनमा रही प्रदेश सरकार वा स्थानीय तहले त्यस्तो उत्पादन आफै वा अन्य कुनै कृषि व्यवसायी मार्फत खरिद गर्नु वा गराउनु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कृषि उद्यमीले कुनै किसान वा अर्को कृषि उद्यमीसँग करार गरी कुनै खास किसिमको कृषि उत्पादन गराउन सक्नेछ र त्यसरी भएको उत्पादन करारको शर्तको अधीनमा रही त्यस्तो उद्यमीले खरिद गर्ने जमानत दिनु पर्नेछ ।

१५. **रोजगारीको आधारमा अनुदान दिने:** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको स्थानीय तहमा व्यवसायीक रुपमा कृषि उत्पादन गर्ने कृषि व्यवसायीलाई तोकिएको संख्या भन्दा बढी रोजागारी दिए वापत त्यस्तो कृषि व्यवसायी वा किसानको व्यवसायीक संस्थालाई प्रत्येक रोजगारी वापत तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

तर एकासगोलका परिवारका सदस्यले कुनै किसानको व्यवसायीक संस्थामा काम गरेकोमा रोजगारी दिएको वा प्राप्त गरेको मानिने छैन ।

(२) उपदफा (१) को अतिरिक्त तोकिएको क्षेत्रफल भन्दा बढी जग्गाको चक्लावन्दी गरेको, कृषि उत्पादन वा उत्पादन संकलनमा यान्त्रिकरणको प्रयोग गरेको, कृषि पूर्वाधार, कृषि सिंचाई, डीप ट्युबेल, कृषि बजार वा कृषि सडक निर्माण वा विकास गरेको वा कृषि उत्पादनमा उत्पादकत्व बढाउन

नविनतम प्रविधि विकास गरेको वा व्यवसायीक उत्पादनकालागि वा कृषि क्षेत्रमा उल्लेख्य लगानी गरेको आधारमा तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुदान प्राप्त गर्न चाहने कृषि व्यवसायीले व्यवसायीक संस्थामा संलग्न व्यक्तिहरुको विवरण तोकिए बमोजिम सम्बन्धित स्थानीय तहमा दर्ता गराउनु पर्नेछ ।

(४) नेपाल सरकारले उपदफा (१) वा (२) बमोजिमको अनुदान रकम सम्बन्धित स्थानीय तह मार्फत उपलब्ध गराउने छ र सम्बन्धित स्थानीय तहले उपदफा (२) बमोजिमको विवरणको आधारमा अनुदान रकम वितरण गर्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगको रुपमा दर्ता भई औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिम सुविधा प्राप्त गरेको उद्योगले यस ऐन बमोजिम अनुदान प्राप्त गर्ने छैन ।

१६. **<u>शीत गृहको स्थापना र व्यवस्थापनः</u>** (१) प्रदेश सरकार वा स्थानीय तहले तोकिए बमोजिमका कृषि उत्पादनको सञ्चय, भण्डारण वा संरक्षणकालागि आवश्यकता अनुसार शीत गृह, शीत कक्ष (कोल्ड च्याम्वर) वा निरन्तर घुम्ति शीत सुविधा (कोल्ड चेन) स्थापना गर्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको शीत गृह, शीत कक्ष वा घुम्ति शीत सुविधा किसान वा व्यवसायीले तोकिए बमोजिमको शुल्क तिरी कृषि उत्पादन भण्डारण गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि सहकारी संस्था कृषि उद्यमी वा निजी क्षेत्रले शीत गृहको स्थापना गर्न चाहेमा सम्बन्धित प्रदेश सरकारको अनुमति लिई तोकिए बमोजिमको मापदण्ड पूरा गरी शीत गृहको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(४) यस दफा बमोजिम स्थापना भएको शीत गृहको सञ्चालन र व्यवस्थापन सम्बन्धी सम्बन्धित प्रदेश सरकार र स्थानीय तहको समन्वय र सहकार्यमा हुन सक्नेछ ।

## <u>परिच्छेद- ३</u>

## <u>कृषि उत्पादनको व्यवसायीकरण तथा व्यवसायीक करार</u>

१७. **<u>कृषि उत्पादनको बजार पँहूचः</u>** (१) व्यवसायीक रुपमा कृषि उत्पादन गर्ने कृषि व्यवसायी वा किसान रहेका स्थानीय तहले त्यस्तो तहमा उत्पादन भएको कृषि उत्पादनलाई बजार पँहूच उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।



नेपाल कानून आयोग

(२) उपदफा (१) बमोजिम कृषि उत्पादनको बजार सुनिश्चित गर्न सम्बन्धित स्थानीय तहले एक्लै वा अन्य स्थानीय तहको व्यवस्थापनमा समन्वय र सहकार्य गरी दुई वा दुई भन्दा बढी स्थानीय तहको व्यवस्थापनमा आवश्यक बजारको व्यवस्था गर्न सक्नेछ ।

१८. **<u>उत्पादनको बिक्रीकालागि कृषि करार गर्नेः</u>** (१) बजारसम्म आफै कृषि उत्पादन पुऱ्याउन नसक्ने वा आफ्नो कृषि उत्पादन आफैले बजारमा पुऱ्याउदा व्यवसायीक रुपमा मुनाफा नहुने वा नोक्सानी पर्ने भएमा त्यस्तो किसान वा कृषि व्यवसायीले बजार ब्यवस्थापनमा पहूँच भएको कृषि उद्यमी वा अर्को कृषि व्यवसायीसँग करार गरी त्यस्तो करार बमोजिम आफ्नो कृषि उत्पादन निजलाई बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसायीक कृषि करार भएकोमा सम्बन्धित कृषि उद्यमी वा कृषि व्यवसायीले कृषि उत्पादन गर्ने किसानको घर, आगन वा त्यस्तो कृषि उत्पादन भएको ठाँउ वा दुवै पक्षलाई अनुकूल हुने गरी व्यवसायीक कृषि करारमा निर्धारण भएको ठाँउबाट कृषि उत्पादन खरिद गरी संकलन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कृषि व्यावसायीसँग व्यवसायीक कृषि करार भएकोमा करार बहाल रहने अवधि भर वा एक वर्ष मध्ये जुन बढी हुन्छ सो अवधिभर त्यस्तो किसानले अर्को कृषि व्यावसायी वा तेस्रो पक्षसँग सोही विषयमा कृषि उत्पादन बिक्री गर्ने गरी करार गर्न सक्नेछैन ।

तर किसानले गरेको कृषि उत्पादन त्यस्तो व्यवासायीले व्यवसायीक करारमा उल्लेख भएको परिमाण भन्दा बढी भएमा बढी भएको कृषि उत्पादन अर्को कृषि उद्यमी वा कृषि व्यवसायीलाई बिक्री गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (१) बमोजिम करार भएकोमा त्यस्तो करार सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा अभिलेखकालागि दर्ता गराउनु पर्नेछ ।

(५) व्यवसायीक करारका शर्तहरु त्यस्तो करारमा उल्लेख भए बमाजिम हुनेछ ।

१९. **<u>व्यवसायीक कृषि करार पालना गर्नु पर्नेः</u>** (१) व्यवसायीक कृषि करार भएकोमा करारका प्रत्येक पक्षले करारका शर्तहरु पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करारका शर्त पालना गर्ने क्रममा करारको कुनै पक्षले अर्को पक्षलाई हानी नोक्सानी हुने गरी कुनै काम गर्नु वा गराउनु हुदैन ।

(३) उपदफा (२) बमोजिम प्रतिकूल हुने गरी कुनै पक्षको काम कारवाही भएमा मर्का पर्ने पक्षले करारमा उल्लेख भए बमोजिमको र करारमा उल्लेख नभएकोमा मनासिव क्षतिपूर्ति अर्को पक्षवाट भराउन पाउनेछ ।

(४) उपदफा (३) बमोजिमको क्षतिपुर्ति निर्धारण तोकिए बमोजिम हुनेछ।

२०. **<u>व्यवसायीक कृषि करार पालनाको अनुगमन गर्ने:</u>** स्थानीय तहले सम्बन्धित वडा कार्यालयमा दफा १८ को उपदफा (४) बमोजिम अभिलेखकालागि दर्ता गराएको व्यवसायीक कृषि करार पालना भए वा नभएको अनुगमन गर्नेछ ।

२१. **<u>फरक मूल्यको लाभ किसानले प्राप्त गर्ने:</u>** (१) कृषि व्यवसायीले दफा १८ को उपदफा (२) बमोजिम खरिद भएको ठाँउमा किसानबाट खरिद गरेको कृषि उत्पादनको मूल्य र निजले कृषि बजारमा बिक्री गरेको मूल्य बीच तोकिएको अनुपातमा भन्दा बढी फरक भएमा त्यस्तो कृषि व्यवसायीले प्राप्त फरक मूल्यको लाभको हिस्सा सम्बन्धित किसानलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनकालागि कृषि व्यवसायीले प्राप्त गरेको फरक मूल्यबाट तोकिए बमोजिमको अनुपातमा सम्बन्धित किसानलाई निजले खरिद गरेको मूल्यमा थप गर्नु पर्नेछ ।

(३) सम्बन्धित स्थानीय तहले उपदफा (१) र (२) को फरक मूल्य अनुपात, अनुगमन गरी लाभ बाँडफाँडको संयन्त्र खडा गर्नेछ ।

२२. **<u>मूल्य सूचि सार्वजनिक गर्ने:</u>** (१) स्थानीय कृषि बजार वा बिक्री भएको कृषि उत्पादनको मूल्य प्रत्येक दिन सम्बन्धित स्थानीय तहले सार्वजनिक गर्नु पर्नेछ ।

तर प्रदेशस्तरको कृषि बजार भए प्रदेश सरकारले सार्वजनिक गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक भएको मूल्यको आधारमा दफा २१ बमोजिमको फरक मूल्य निर्धारण हुनेछ ।

## <u>परिच्छेद-४</u>

## <u>कृषि उत्पादनको मूल्यको सुनिश्चितता</u>

२३. **<u>कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने:</u>** (१) नेपाल सरकारले प्रत्येक वर्ष नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको कृषि उत्पादनको तोकिएको मापदण्डको आधारमा त्यस्तो कृषि उत्पादन प्रारम्भ गर्नु भन्दा अघि नै न्यूनतम समर्थन मूल्य (मिनिमम सर्पोट प्राईस) निर्धारण गरी सार्वजनिक गर्नेछ ।

(२) उपदफा (१) बमोजिम न्यूनतम समर्थन मूल्य तोकिएकोमा त्यस्तो कृषि उत्पादनको खरिद बिक्री गर्दा त्यस्तो मूल्य भन्दा कम नहुने गरी खरिद बिक्री गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कृषि उत्पादनको खरिद बिक्री हुन नसकेमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह आफैले वा आफ्नो स्वामित्वमा रहेका संस्था मार्फत खरिद गर्न वा गराउन सक्नेछ ।

२४. **कृषि उत्पादन धितो राखी ऋण लिन सकिनेः** (१) दफा २३ बमोजिम निर्धारण भएको न्यूनतम समर्थन मूल्यमा आफ्नो कृषि उत्पादन बिक्री हुन नसकेमा किसानले त्यस्तो कृषि उत्पादनलाई आफ्नो घर परिसर वा सहकारी संस्था वा बैंक वा सार्वजनिक संस्थाको गोदाममा राखी त्यस्तो उत्पादनको धितोमा बैंकबाट ऋण लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिएको ऋणको तोकिए बमोजिमसम्मको व्याज सम्बन्धित किसानले आफैले व्यहोर्ने र बाँकी ब्याजमा तोकिए बमोजिम सम्बन्धित स्थानीय तहले अनुदान उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम धितोमा राखिएको कृषि उत्पादन किसानले बिक्री गर्न चाहेमा धितो राखिएको छ महिना भित्र जुनसुकै वखत बिक्री गर्न सक्नेछ र त्यसरी बिक्री गर्दा प्राप्त हुने मूल्यबाट किसानले भुक्तानी गर्नु पर्ने बैंकको ऋण तथा व्याज भुक्तानी गरी बाँकी रकम सम्बन्धित किसानले प्राप्त गर्नेछ ।

२५. **व्यवसायीक उत्पादनको निश्चित मूल्य निर्धारण गर्नेः** (१) दफा २३ बमोजिम निर्धारण भएको न्यूनतम समर्थन मूल्य बाहेक स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी व्यवसायीक रुपमा भएको कृषि उत्पादनको तोकिए बमोजिम निश्चित मूल्य (फिक्स्ड प्राईस) वा न्यूनतम मूल्य निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको मूल्यमा कसैले खरिद नगरेमा वा बिक्री नभई बाँकी रहेमा वा निश्चित मूल्य प्राप्त हुन नसक्ने अवस्था भएमा सम्बन्धित किसानले आफ्नो कृषि उत्पादन निश्चित मूल्यमा बिक्री गरीदिन सम्बन्धित स्थानीय तहलाई अनुरोध गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुरोध भई आएमा सम्बन्धित स्थानीय तहले कृषि उत्पादनको बिक्रीवितरण, सञ्चय, प्राथमिक प्रशोधन वा अर्धप्रशोधनको सहजीकरण गर्नु पर्नेछ ।

(४) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले सम्बन्धित स्थानीय तहमा रहेका रैथाने बाली वा खास किसिमका कृषि उत्पादनको न्यूनतम मूल्य निर्धारण गर्न सक्नेछ ।

२६. **कृषि उत्पादनको मूल्य निर्धारणः** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय खाद्य सुरक्षा कार्यक्रममा प्रत्यक्ष रुपमा आबद्ध भएको बाली बाहेक अन्य बाली वा कृषि उत्पादनको बजार मूल्य कसैको हस्तक्षेप विना बजारको आपुर्ति र मागको आधारमा स्वच्छ प्रतिस्पर्धाद्वारा निर्धारण हुनेछ ।

२७. **असाधारण परिस्थितिमा कृषि उत्पादनको नियमनः** (१) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक द्वन्द्व, भोकमरी, अनिकाल, प्राकृतिक विपद जस्ता कारणवाट व्यवसायीक कृषि उत्पादन वा ढुवानीमा समस्या आई मूल्यमा अस्वाभाविक बृद्धि वा कृत्रिम अभाव भएमा आधारभूत कृषि उत्पादन, ढुवानी, बिक्री वितरणका सम्वन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक व्यवस्था गर्न आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश जारी भएकोमा त्यस्तो आदेशको पालना गर्नु वा गराउनु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

## परिच्छेद- ५

## कृषि ऋण, बिमा र अनुदान

२८. **कृषि ऋण प्रवाह गर्नेः** (१) नेपाल सरकार वा प्रदेश सरकारले तोकिएको आधारमा कृषिको व्यवसायीक उत्पादनका क्षेत्र पहिचान गरी त्यस्तो कृषि उत्पादनको प्राथमिकता क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान र प्राथमिकता निर्धारण गरिएको कृषि क्षेत्रमा कुनै पनि बैंक वा वित्तिय संस्थाले नेपाल सरकारले निर्धारण गरे बमोजिम कृषि ऋण प्रवाह गराउनु पर्नेछ ।

(३) बैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम ऋण उपलब्ध गराउदा तोकिए बमोजिमको रकम भन्दा बढी रकम भए कृषि उत्पादन गर्ने व्यवसायीक संस्था मार्फत त्यस्तो संस्था वा अरु कसैको जायजेथा, तत्काल कायम रहेको वा कायम हुने व्यवसायीक कृषि उत्पादन वा सामूहिक जमानत लिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि धितो वा जमानत दिन नसक्ने तोकिए बमोजिमका आर्थिक रुपमा विपन्न किसानलाई

व्यवसायीक उत्पादनकालागि तोकिए बमोजिमका आधारमा सम्बन्धित स्थानीय तहले जमानत दिन सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पुष्प, फलफूल, तरकारी, पशुधन, माछा, कुखुरा, अण्डा जस्ता तत्काल बिक्री हुने वा सडीगली जाने कृषि उत्पादन गर्ने व्यवसायीक किसानलाई तोकिएको रकमसम्मको सञ्चालन खर्च वापतको ऋण त्यस्ता कृषि उत्पादनको जमानतमा दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम प्रवाह भएको ऋणको व्याजमा नेपाल सरकारले अनुदान दिन सक्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले तोकिएको रकम भन्दा कम ऋण रकम विना धितो प्रवाह गर्न आवश्यक नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्न वा गराउन सक्नेछ ।

(८) यस दफा बमोजिम प्रवाह गर्नु पर्ने ऋण प्रवाह भए वा नभएको वा लक्षित किसानलाई सहुलियत उपलब्ध भए वा नभएको अनुगमन गर्न नेपाल सरकारले तोकिए बमोजिम आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२९. **<u>कृषि बिमा गर्न सक्नेः</u>** (१) व्यवसायीक रुपमा कृषि उत्पादन गर्ने किसानले आफ्नो उत्पादनको जोखिम विरुद्ध बिमा गर्न चाहेमा बिमा कम्पनी मार्फत बिमा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बिमा गर्दा भुक्तानी गर्नुपर्ने बिमा शुल्क मध्ये तोकिएको रकम नेपाल सरकारले शोधभर्ना गर्नेछ ।

(३) कृषि बिमा सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३०. **<u>अनुदान उपलब्ध गराउन सक्नेः</u>** (१) नेपाल सरकारले व्यवसायीक रुपमा कृषि उत्पादन गर्ने व्यवसायीक संस्थालाई स्थानीय तह मार्फत कृषि अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराउने उत्पादन परिणामको आधारमा अनुदान तोकिए बमोजिम वितरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुदान नगद, विउविजन, कृषि औजार, शीत भण्डारण, बजार पहूँचकालागि ढुवानी वा तोकिए बमोजिमका अन्य प्रयोजनकालागि हुन सक्नेछ ।

३१. **<u>दोहोरो अनुदान सुविधा लिन नहुनेः</u>** (१) यस परिच्छेद बमोजिम अनुदान उपलब्ध गराउदा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहवाट उपलब्ध गराउने

नेपाल कानून आयोग

अनुदानमा दोहोरो नहुने गरी उपलब्ध गराउनु पर्नेछ र कुनै एक आर्थिक वर्षमा कुनै सरकारी कोषवाट कुनै प्रयोजनकोलागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै सरकारी वा विकास साझेदार संस्थाबाट एक पटक अनुदान प्राप्त गरेको व्यवसायीक संस्था वा किसानले सोही आर्थिक वर्षमा सोही प्रयोजनकोलागि अर्को कुनै किसिमको अनुदान प्राप्त गर्न सक्नेछैन।

(२) अनुदान रकम प्राप्त गर्ने किसान वा व्यवसायीक संस्थाको बैंक खाता मार्फत अनुदान रकम उपलब्ध गराउनु पर्नेछ ।

(३) एकै प्रकृतिको व्यवसायीक उत्पादनकोलागि एक भन्दा बढी सरकारी कोषबाट अनुदान प्राप्त गर्न सकिने छैन ।

(४) अनुदान उपलब्ध गराईएका किसान वा व्यवसायीक संस्थाको अभिलेख, अनुदान बितरण, अनुगमन वा मूल्याङ्कन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३२. **अनुदानको सीमाः** (१) यस परिच्छेद बमोजिम कृषिको व्यवसायीक उत्पादनकोलागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले प्रदान गर्ने अनुदानको सीमा कृषि उत्पादनको प्रकृति वा प्रयोजनको आधारमा तोकिए बमोजिमको रकम भन्दा बढी हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि नै अनुदान प्रवाह हुने गरी स्वीकृत भएका कार्यक्रम वा विकास साझेदार संस्थासँग भएका सम्झौता बमोजिम कार्यान्वयन हुने कृषिको व्यवसायीक उत्पादन परियोजनाको हकमा त्यस्तो सम्झौता बमोजिम नै हुनेछ ।

## परिच्छेद- ६

## प्राङ्गारिक, जैविक तथा रासायनिक मल

३३. **प्राङ्गारिक वा जैविक मल बिक्री गर्न स्वीकृति प्राप्त गर्नु पर्नेः** (१) कसैले प्राङ्गारिक वा जैविक (जिवाणुयुक्त) मल उत्पादन गरी सार्वजनिक रुपमा बिक्री गर्न चाहेमा त्यसरी बिक्री गर्नु अघि प्रदेश सरकारको सम्बन्धित निकायबाट अनुमति प्राप्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राङ्गारिक वा जैविक मल बिक्री गर्न अनुमति चाहने किसानले त्यस्तो मलको तोकिए बमोजिमको नमूना त्यसको व्यवसायीक नाम (ब्राण्ड नेम) सहित उपदफा (१) बमोजिमको निकायमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रयोजनकालागि उत्पादन गरिने प्राङ्गारिक वा जैविक मलको तोकिए बमोजिमको गुणस्तर पूरा गरी त्यस्तो मलले तोकिए बमोजिम मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएमा प्रदेश सरकारको सम्बन्धित निकायले तोकिए बमोजिम प्रयोगशाला परीक्षण गरी उदफा (३) बमोजिमको गुणस्तर र मापदण्ड पूरा गरेको देखिएमा प्राङ्गारिक वा जैविक मल सार्वजनिक रुपमा बिक्री वितरण गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

३४. **<u>प्राङ्गारिक वा जैविक मल ठोस वा तरल हुन सक्नेः</u>** (१) किसानले उत्पादन गर्ने वा सार्वजनिक रुपमा बिक्री वितरण गर्ने प्राङ्गारिक वा जैविक मल ठोस वा तरल रुपमा हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री वितरण गर्ने प्राङ्गारिक वा जैविक मल तोकिए बमोजिम प्याकेजिङ्ग गरी त्यसको वाहिरी भागमा देहायको विवरण स्पष्ट रुपमा हुने गरी नेपाली भाषामा लेखिएको हुनु पर्नेछः

(क) उत्पादकको नाम, ठेगाना र सम्पर्क सुत्र,

(ख) मलको व्यवसायीक नाम (ब्राण्ड नेम),

(ग) मलको पोषक तत्वको विवरण,

(घ) उत्पादन मिति र प्रयोग गरि सक्नु पर्ने अवधि,

(ङ) मलको तौल,

(च) अधिकतम बिक्री मूल्य,

(छ) तोकिए बमोजिमको अन्य विवरण ।

३५. **<u>जैविक मल पैठारी गर्न अनुमति लिनुपर्नेः</u>** (१) व्यवसायीक कृषि उत्पादनकोलागि जैविक मल पैठारी गर्नु पर्ने भएमा तोकिए बमोजिमको विवरण सहित पैठारी गर्ने व्यक्तिले तोकिएको निकायमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा तोकिएको निकायले आवश्यक छानवीन गरी आवश्यक शर्त तोकि पैठारीको अनुमतिपत्र दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त अनुमतिपत्र बमोजिम जैविक मल पैठारी गर्दा मान्यता प्राप्त संस्थावाट जारी भएको गुणस्तरको प्रमाण पत्र र त्यस्तो मल रेडियोधर्मी मुक्त रहेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रमाणपत्र नभएको जैविक मल सम्बन्धित भन्सार विन्दुमा नै रोकी भन्सार अधिकारीले जफत गरी तोकिए बमोजिम विसर्जन गर्नु पर्नेछ ।

३६. **<u>रासायनिक मलको पैठारीः</u>** (१) नेपाल सरकारले प्रत्येक वर्ष मुलुकमा उत्पादन गरिने प्रमुख बाली लगाउने समय भन्दा कम्तिमा छ महिना अगाडि नै मुलुकमा आवश्यक हुने रासायनिक मलको संभावित परिमाण यकिन गरी सार्वजनिक गर्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम रासायनिक मलको संभावित परिमाण यकिन गर्दा सम्बन्धित स्थानीय तह वा व्यवसायीक रुपमा उत्पादन गर्ने किसान तथा अन्य किसानको माग तथा नेपाल सरकार वा प्रदेश सरकारको पूर्वानुमानको आधारमा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम रासायनिक मलको परिमाण यकिन गर्दा बालीमा प्रयोग हुन सक्ने र तोकिए बमोजिमको परिमाण जगेडा रहन सक्ने गरी गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम यकिन भएको परिमाणको रासायनिक मल बाली लगाउने समय भन्दा कम्तिमा दुई महिना अघि नै नेपाल भित्रिन सक्ने गरी पैठारी गरी सक्नु पर्ने व्यवस्था गराउनु पर्नेछ ।

३७. **<u>रासायनिक मलको वितरणः</u>** (१) नेपाल सरकारले दफा ३६ बमोजिम नेपालमा पैठारी भएको रासायनिक मल सम्बन्धित स्थानीय तहमा हुने खपत तथा मागको आधारमा संभव भएसम्म स्थानीय तहमा उपलब्ध हुनसक्ने गरी तोकिए बमोजिम नेपाल सरकार वा प्रदेश सरकारका सम्वद्ध संगठित संस्था, सहकारी संस्था वा अन्य व्यक्ति वा संस्था मार्फत बिक्री वितरण गर्नु पर्नेछ ।

(२) मुख्य बाली लगाउने समय भन्दा अगाडि नै वा त्यस्तो बालीलाई आवश्यक पर्दाका बखत उपदफा (१) बमोजिम नेपाल सरकारले रासायनिक मल उपलब्ध गराउन नसकेमा त्यस्तो बाली लगाउने किसानले निजी क्षेत्रबाट पैठारी भएको रासायनिक मल खरिद गरी प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको रासायनिक मल खरिद गर्दा दफा ३९ बमोजिम निर्धारण भएको मूल्य भन्दा बढी भुक्तानी गर्नुपरेमा नेपाल सरकारले त्यसरी खरिद गर्ने किसानलाई नेपाल सरकारले रासायनिक मलमा उपलब्ध

गराउने अनुदान रकमको सीमाको अधिनमा रही खरिद गरेको बीलको आधारमा बढी भुक्तानी भएको फरक रकम स्थानीय तह मार्फत शोधभर्ना गर्नु पर्नेछ ।

३८. **रासायनिक मलको सूचना:** (१) नेपाल सरकारले रासायनिक मलको बारेमा किसान कृषि व्यवसायीलाई सुसूचित गराउन समय समयमा मुलुकमा मौज्दात रहेको वा पैठारी हुन लागेको रासायनिक मलको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण सार्वजनिक गर्दा सरकारी भण्डारमा रहेको रासायनिक मल रहेको स्थान वा गोदाम तथा प्रचलित मूल्य समेत सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको विवरणको आधारमा स्थानीय तहले समय समयमा स्थानीय सञ्चार माध्यम मार्फत रासायनिक मलको सूचना प्रवाह गर्नेछ ।

३९. **रासायनिक मलको मूल्य निर्धारण:** (१) नेपाल सरकारले उपलब्ध गराएको अनुदानमा वितरण गर्ने रासायनिक मलको मूल्य निर्धारण गरी सोको सूचना सार्वजनिक गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना सार्वजनिक गर्दा कुन स्थानीय तहमा कुन रासायनिक मलको बिक्री मूल्य के कति निर्धारण भएको छ सो कुरा तोकिए बमोजिम सार्वजनिक गर्नु पर्नेछ ।

(३) नेपाल सरकारले दफा ३७ बमोजिम वितरण गरेको रासायनिक मलको मूल्य स्थानीय तहले ढुवानी, सञ्चालन, भण्डारण र मनासिव मुनाफा लागतको आधारमा आफै निर्धारण गर्न सक्नेछ ।

४०. **मलको गुणस्तर नियमन:** (१) नेपाल सरकारले रासायनिक मलको गुणस्तर निर्धारण गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यसको सार्वजनिक गर्नेछ ।

(२) नेपाल सरकारले तोकिएको प्रकृया अवलम्वनगरी रासायनिक मलको गुणस्तर परिक्षण गर्नेछ र उपदफा (१) बमोजिम गुणस्तर कायम भए वा नभएको नियमन गर्नेछ ।

(३) प्रदेश सरकारले तोकिएको प्रकृया अवलम्वनगरी प्राङ्गारिक वा जैविक मलको गुणस्तर निर्धारण तथा परिक्षणगरी नियमन गर्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम गुणस्तर परिक्षणगर्दा कुनै मलको गुणस्तर पूरा भएको नदेखिएमा त्यस्तो मलको बिक्री वितरणमा रोक लगाउनेछ ।

## परिच्छेद- ७

## कृषि बजार व्यवस्थापन तथा सञ्चालन

४१. **स्थानीय कृषि बजारको व्यवस्थापन र सञ्चालनः** (१) किसान वा कृषि व्यवसायीले व्यवसायीक रुपमा गरेको कृषि उत्पादनलाई बजारमा सहज ढंगवाट विक्री वितरण गर्न स्थानीय तहमा भएको कृषिको व्यवसायीक उत्पादन वा खपतको परिमाणलाई विचारगरी सम्बन्धित स्थानीय तहले उपयुक्त ठाँउमा स्थानीय कृषि बजारको स्थापना गरी सञ्चालन गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई वा दुई भन्दा बढी स्थानीय तहले आपसमा समन्वय र सहकार्य गरी सर्वसाधारणलाई पायक पर्ने उपयुक्त ठाँउमा स्थानीय कृषि बजार स्थापना गरी सञ्चालन गर्नु वा गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम स्थापना वा सञ्चालन गरीने स्थानीय कृषि बजारको पूर्वाधार संरचना तथा सञ्चालनका शर्तहरु तोकिए बमोजिम हुनेछ।

(४) स्थानीय कृषि बजारको सञ्चालन र व्यवस्थापन गर्न सम्बन्धित स्थानीय तहले एक स्थानीय कृषि बजार व्यवस्थापन समिति गठन गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको व्यवस्थापन समितिमा अन्य कुराको अतिरिक्त कृषि उत्पादनसँग सम्बन्धित वा सरोकार रहेका कृषि व्यवसायी, सहकारी संस्था, किसान, कृषि बजार सञ्चालक वा उपभोक्ताका प्रतिनिधि रहन सक्नेछन ।

(६) स्थानीय कृषि बजार सञ्चालन र व्यवस्थापन स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ ।

४२. **प्रदेश स्तरको कृषि बजार व्यवस्थापन र सञ्चालनः** (१) दफा ४१ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा प्रदेश सरकारले देहाय अवस्थामा प्रदेश स्तरको कृषि बजार व्यवस्थापन र सञ्चालन गर्नेछः-

(क) अन्तर–प्रदेश स्तरका कृषि उत्पादनलाई बजार पहूँच सुनिश्चित गर्न आवश्यक भएमा,

(ख) तोकिएको परिमाण भन्दा बढी परिमाणको कृषि बजार सञ्चालन गर्न परेमा ।

(२) उपदफा (१) बमोजिमको कृषि बजारको पूर्वाधार सञ्चालन र व्यवस्थापनका शर्तहरु तथा व्यवस्थापन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

४३. **अनुमतिपत्र प्राप्त कृषि बजार सञ्चालन गर्न सक्नेः** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त गरी कुनै पनि व्यक्तिले प्रदेशस्तर वा स्थानीयस्तरको कृषि बजार व्यवस्थापन र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कृषि बजार व्यवस्थापन र सञ्चालन गर्न चाहने व्यक्तिले स्थानीय कृषि बजारकोलागि सम्बन्धित स्थानीय तहमा वा प्रदेश स्तरकोलागि सम्बन्धित प्रदेश सरकारवाट अनुमतिपत्र प्राप्त गर्नकोलागि स्थानीय तह वा प्रदेश सभाले बनाएको कानून बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन छानवीनगर्दा उपयुक्त देखिएमा स्थानीय तह वा प्रदेश सरकारले कृषि बजार सञ्चालनका शर्त तोकी कृषि बजार सञ्चालनको अनुमतिपत्र जारी गर्नेछ ।

(४) अनुमतिपत्र बहाल रहने अवधि बढीमा दश वर्षको हुनेछ र त्यसपछि एक पटकमा प्रत्येक पाँच वर्षकालागि नवीकरण हुन सक्नेछ ।

४४. **<u>कृषि बजारको अनुगमनः</u>** (१) स्थानीय तहले दफा ४१ बमोजिम जारी भएको अनुमतिपत्र बमोजिम सञ्चालन भएको कृषि बजारको सम्बन्धित स्थानीय तह वा प्रदेश सरकारको सम्बन्धित निकायले अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमनगर्दा अनुमतिपत्र पालना भए वा नभएको, पूर्वाधार संरचना पूरा भए वा नभएको वा कृषि बजार संचालन गर्दा पूरा गर्नु पर्ने शर्त पालना भए वा नभएको अनुगमन गर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमनगर्दा कृषि व्यवसायीले अनुमतिपत्रको पालना नगरेको, कृषि बजार सञ्चालनका पूर्वाधार पूरा गरे वा नगरेको वा कृषि बजार सञ्चालनगर्दा पूरा गर्नुपर्ने शर्त पालना नगरेको देखिएमा सम्बन्धित स्थानीय तह वा प्रदेश सरकारको सम्बन्धित निकायले निश्चित अवधि तोकी आवश्यक निर्देशन सहित सुधार गर्न लगाउनेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र कृषि व्यवसायीले निर्देशन पालना नगरेमा वा सुधार नगरेमा सम्बन्धित स्थानीय तहले भए पचास हजार रुपैयासम्म र प्रदेश सरकारको सम्बन्धित निकायले पाँच लाख रुपैयासम्म जरिवाना गरी उपदफा (३) बमोजिमको निर्देशन पालनागर्न वा सुधारगर्न समय दिनेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र पनि निर्देशन पालना नभएमा वा सुधार नभएमा सम्बन्धित स्थानीय तह वा प्रदेश सरकारको सम्बन्धित निकायले त्यस्तो कृषि बजार अनुमति पत्र रद्द गर्नेछ ।

तर यसरी कृषि बजार अनुमति पत्र रद्दगर्नु पर्ने भएमा सम्बन्धित कृषि व्यवसायीलाई एक वर्ष अगाडि नै सूचना दिनु पर्नेछ ।

नेपाल कानून आयोग

(६) उपदफा (४) बमोजिम प्राप्त जरिवाना रकम कृषि बजारको सञ्चालन, कृषि बजार, पूर्वाधार संरचनाको व्यवस्थापन, मानवस्रोत व्यवस्थापन खर्च गर्नु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम अनुमतिपत्र रद्द भएमा सम्बन्धित स्थानीय तहले कृषि बजार आफ्नो नियन्त्रणमा लिई आवश्यक व्यवस्थापन र सञ्चालनको तोकिए बमोजिमका वैकल्पिक उपाय अवलम्वन गर्नेछ ।

४५. **कृषि बजारको पूर्वाधार संरचना तथा मापदण्डः** यस परिच्छेद बमोजिम सञ्चालन हुने कृषि बजारको पूर्वाधार संरचना तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४६. **नेपाल सरकारले कृषि बजार सञ्चालन गर्न सक्नेः** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खास प्रकारको प्राविधिक दक्षता, रणनीतिक महत्व वा ठूला पूर्वाधार वा लगानी आवश्यक पर्ने कृषि बजारको स्थापना र सञ्चालन नेपाल सरकारले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा बाहेक यो ऐन प्रारम्भ हुदाका वखत नेपाल सरकारले स्थापना गरी सञ्चालन गरेको कृषि बजार यो ऐन प्रारम्भ भएको मितिले दश वर्ष भित्र सम्बन्धित स्थानीय तहलाई क्रमशः हस्तान्तरण गर्नु पर्नेछ ।

## परिच्छेद- ८

## कसूर तथा सजाय

४७. **कसूर गरेको मानिनेः** कसैले देहाय बमोजिमको कुनै कार्य गरे वा गराएमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दफा १३ को उपदफा (७) बमोजिम जग्गा फिर्ता नगरेमा,

(ख) दफा २१ बमोजिम फरक मूल्य सम्बन्धित किसानलाई उपलब्ध नगराएमा,

(ग) दफा २७ बमोजिम जारी भएको आदेशको पालना नगरेमा.

(घ) दफा ३१ विपरित अनुदानको हिनामिना, दुरुपयोग गरेमा वा एकै प्रयोजन वा कामकोलागि विभिन्न निकायवाट दोहोरो पर्ने गरी अनुदान लिएमा,

(ङ) दफा ३३ विपरित स्वीकृत विना प्राङ्गारिक वा जैवीक मल बिक्री गरेमा,

(च) दफा ४३ बमोजिम अनुमति नलिई कृषि बजारको स्थापना र सञ्चालन गरेमा ।

४८. **<u>सजायः</u>** दफा ४७ बमोजिमको कसूर गरेमा देहायको सजाय हुनेछः -

(क) खण्ड (क) बमोजिमको कसूर गरेमा एक महिनासम्म कैद र एक लाख रुपैयासम्म जरिवाना,

(ख) खण्ड (ख) बमोजिमको कसूर गरेमा फरक मूल्य बराबरको रकम जफत गरी जफत गरिएको रकम बराबर जरिवाना,

(ग) खण्ड (ग) बमोजिमको कसूर गरेमा एक महिनासम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना,

(घ) खण्ड (घ) बमोजिमको कसूर गरेमा विगो अशुली र विगो बमोजिम जरिवाना,

(ङ) खण्ड (ङ) बमोजिमको कसूर गरेमा दश लाख रुपैयाँसम्म जरिवाना गरी पैठारी भएको मल जफत गर्ने,

(च) खण्ड (च) बमोजिमको कुनै कसूर गरेमा पूर्वाधार संरचनाका नगद वा जिन्सी जफत गरी दश लाख रुपैया सम्म जरिवाना ।

४९. **<u>उजुरी वा मुद्दा हेर्ने अधिकारः</u>** (१) दफा ४७ को खण्ड (घ) बमोजिम कसूरमा सम्बन्धित जिल्ला अदालतमा र अन्य कसूरमा उजुरी वा मुद्दा हेर्ने अधिकारी सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) दफा ४७ को खण्ड (घ) बमोजिमको कसूरको अनुसन्धान नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकृत स्तरको कर्मचारीले गर्नेछ र अभियोजनकालागि सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयमा पठाउनेछ ।

५०. **<u>पुनरावेदन</u>** : दफा ४९ बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५१. **<u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u>** : यस परिच्छेमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य कानूनको उल्लङ्घन हुने भएमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

## परिच्छेद- ९

## <u>विविध</u>

५२. **प्रदेश वा स्थानीय तहले कानून बनाउन सक्ने:** (१) प्रदेश स्तरमा कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरण गर्न प्रदेश सभाले देहायका विषयका आवश्यक कानून बनाउन सक्नेछः

(क) करारमा आधारित कृषि उत्पादन,

(ख) कृषि उत्पादनको सञ्चय तथा भण्डारण सम्बन्धी शीत गृहको स्थापना, सञ्चालन, व्यवस्थापन वा नियमन,

(ग) कृषि व्यवसायीक उत्पादनकालागि ऋण प्रवाह,

(घ) कृषि उत्पादन,

(ङ) प्राङ्गारिक वा जैवीक मलको सार्वजनिक बिक्री वा गुणस्तर नियमन,

(च) प्रदेशस्तरको कृषि बजार स्थापना, सञ्चालन, व्यवस्थापन वा नियमन ।

(२) स्थानीय स्तरमा कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरणकालागि स्थानीय तहले देहायका विषयमा आवश्यक कानून बनाउन सक्नेछः

(क) स्थानीय स्तरका रैथाने कृषि बालीको संरक्षण तथा त्यस्तो बालीको विस्तार,

(ख) प्राकृतिक विपदको कारणले कृषि उत्पादनमा हुने हानी नोक्सानीको राहत,

(ग) व्यवसायीक रुपमा कृषि उत्पादनमा आवश्यक जग्गा व्यवस्थापन,

(घ) व्यवसायीक उत्पादनको बजार पहुँच तथा स्थानीय कृषि बजारको व्यवस्थापन तथा नियमन,

(ङ) कृषि करारको परिपालन तथा अनुदान ।

(च) स्थानीय स्तरका रैथाने कृषि उत्पादनको न्यूनतम मूल्य निर्धारण ।

(३) उपदफा (१) वा (२) बमोजिमको कानून नबनाएसम्म त्यस्ता विषयमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरु लागू हुनेछन् ।

५३. **विद्युतीय अभिलेख कायम गरिने:** (१) कृषि व्यवसायको प्रवर्द्धन तथा व्यवसायीकरणकोलागि नेपाल सरकार वा प्रदेश सरकारले तोकिएबमोजिम विद्युतिय प्रणालीको स्थापना तथा सञ्चालन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय प्रणालीमा तोकिए बमोजिमको विवरण अभिलेख राखि सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अभिलेखलाई तोकिए बमोजिम अद्यावधिक गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको स्थापना भएको विद्युतीय प्रणाली मार्फत किसान, कृषि उद्यमी वा कृषि व्यवसायीले कृषि उत्पादन खरिद बिक्री गर्न सक्ने छन् ।

५४. **समन्वय गर्नु पर्नेः** नेपाल सरकारले यस ऐनको कार्यान्वयनकोलागि संघ, प्रदेश र स्थानीय तह बीच तोकिए बमोजिम समन्वय गर्नु पर्नेछ ।

५५. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि नेपाल सरकारले नियम बनाउने सक्नेछ ।

५६. **निर्देशिका वा कार्यविधि बनाउने अधिकारः** (१) मन्त्रालयले यस ऐन तथा ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशिका वा कार्यविधि बजारसँग सम्बन्धित भएको अवस्थामा जारी गर्नु अघि स्थानीय तह वा प्रदेश सरकारको परामर्श लिनु पर्नेछ ।

नेपाल कानून आयोग

# अनुसूची-१०

## इन्टर्नसिप सम्पन्न गर्ने विद्यार्थीहरुको नामावली

| २०७७ साल भदौ महिनादेखि पुष महिनासम्म | | |
|---|---|---|
| **क्र.सं.** | **नाम** | **विद्यालय** |
| १. | अरुण कुमार बास्तोला | नेशनल ल कलेज |

| २०७७ साल फागुन महिनादेखि २०७८ साल असार महिनासम्म | | |
|---|---|---|
| **क्र.सं.** | **नाम** | **विद्यालय** |
| १. | प्रितम घिमिरे | नेशनल ल कलेज |
| २. | सचिना क्षेत्री | नेपाल ल क्याम्पस |
| ३. | भावना वर्णमाला | काठमाडौं स्कूल अफ ल |
| ४. | बर्षा महरा | चक्रवर्ति हवि एजुकेशन एकेडेमी |

नेपाल कानून आयोग

# अनुसूची-११

## आयोगको वेवसाइटमा रहेका कानूनहरुको विवरण

| सामग्रीको विवरण | नेपाली | | | अङ्ग्रेजी | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | मौजुदा | अभिलेख | जम्मा | मौजुदा | अभिलेख | जम्मा | |
| संबिधान | १ | ७ | **८** | १ | ० | **१** | **९** |
| ऐन | ३४६ | ५२ | **३९८** | ४१ | ० | **४१** | **४३९** |
| नियम | २८९ | २६ | **३१५** | २ | ० | **२** | **३१७** |
| सन्धी र महासन्धी | २७ | ० | **२७** | ९९ | ० | **९९** | **१२६** |
| गठन आदेश | १ | ० | **१** | ० | ० | **०** | **१** |
| नीति | २ | ० | **२** | ३ | ० | **३** | **५** |
| अध्यादेश | ६ | १९ | **२५** | ० | ० | **०** | **२५** |
| ऐतिहासिक दस्तावेज | ० | १७ | **१७** | ० | ० | **०** | **१७** |
| **जम्मा** | **६७२** | **१२१** | **७९३** | **१४६** | **०** | **१४६** | **९३९** |

नेपाल कानून आयोग